सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२९ चैत २०८१, शुक्रबार (11 Apr 2025, Friday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक ३५५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

शिक्षक-सरकार वार्ता अनिर्णीत

शिक्षक महासंघले बुझायो २४ बुँदे मागसूची

संसद्को विशेष अधिवेशन वा अध्यादेशबाट शिक्षा ऐन जारी हुनुपर्ने अडान



सरकारका तर्फबाट शिक्षामन्त्री विद्या भट्टराईको नेतृत्वमा तथा शिक्षक महासंघका तर्फबाट सहअध्यक्ष नानुमाया पराजुलीको नेतृत्वमा वार्ता भएको थियो। 'बिहीबारको बैठकमा हाम्रोतर्फबाट सरकारलाई प्रस्ट रूपमा ध्यानाकर्षण पत्र बुझाएका छौं,' शिक्षक महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले भने, 'सरकारले हल गरेन भने सहमति हुँदैन र आन्दोलन पनि रोकिँदैन।'

(विस्तृत पृष्ठ ३)

सगरमाथा संवाद र हिमनदीको चर्चा



अग्रलेख

● लोकबन्धु घिमिरे

मानिसले अब हिमाल र हिमनदीमाथि अत्याचार गर्न छोड्ने कि नछोड्ने भन्ने प्रश्न आगामी सगरमाथा संवादमा जोडदार रूपमा उठ्नुपर्छ

(पृष्ठ ४)

चीनमा विकराल बन्दै विवाह संकट



(विस्तृत पृष्ठ ५)

आठ महिनामा सामाजिक सञ्जालको अडियो-भिडियोबाट भित्रियो सवा दुई अर्ब

तोकिएका मापदण्ड पुगेपछि युट्युब, टिकटक, फेसबुकलगायतका सामाजिक सञ्जालका खाता 'मोनिटाइज' हुन्छन्, सम्बन्धित खातामा राखिने अडियो-भिडियोमा देखिने विज्ञापन र त्यसको भ्युजका आधारमा मासिक ३५ करोडसम्म आम्दानी

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

डेढ दशकदेखि रोकेका मदिरा, चुरोट र गुट्खाका उद्योग खोल्न लाइसेन्स दिने तयारी

स्वास्थ्यका लागि हानिकारक मदिरा, चुरोट र गुट्खाको नयाँ उद्योग खोल्न ०६८ देखि नै बन्द, उद्योगमन्त्री भण्डारी उद्योगीको स्वार्थमा फुकुवा गर्न सक्रिय

अजित अधिकारी, पवन तिमिल्सिना

स्वास्थ्य प्रतिकूल उत्पादन भएकाले मदिरा, चुरोट र गुट्खाका नयाँ उद्योग खोल्न ०६८ देखि बन्द गरिएको थियो। तर, उद्योगमन्त्री दामोदर भण्डारीले उद्योगीको स्वार्थमा पुनः लाइसेन्स दिने तयारी थालेका छन्। स्रोतका अनुसार चैत पहिलो साता उद्योगीलाई मन्त्रालयमै बोलाएर एकचरण छलफल गरेका उनले नयाँ लाइसेन्स जारी गर्ने सहमति दिएका हुन्।

नयाँ लाइसेन्स माग गर्दै उद्योग विभागमा परेका फाइल झिकाई आफैं अध्यक्ष रहेको १३ सदस्यीय 'औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्ड'मार्फत लाइसेन्स दिने तयारीमा मन्त्री भण्डारी जुटेका छन्। उनकै निर्देशनपछि विभागले हालसम्मका निवेदन संकलन गरिसकेको छ। विभागका एक अधिकारीका अनुसार यसबिचमा मदिरा, चुरोट र गुट्खा उद्योगको लाइसेन्स माग्दै स्वदेशी र विदेशी व्यवसायीका ७० निवेदन परेका छन्। लाइसेन्स दिने प्रक्रिया औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डबाट निर्णय भएर अगाडि बढ्छ।

■ तीन महिनामै सात उद्योगले मागे इजाजत

■ माइक्रो ब्रुअरीको लाइसेन्समा धेरैको चासो

निजी क्षेत्रबाट बोर्डमा प्रतिनिधित्व गर्ने व्यवसायीले उद्योग सञ्चालनका लागि विभागमा अनुमति माग गरिएका नयाँ फाइलहरू आगामी बोर्ड बैठकमा एजेन्डाका रूपमा आउन लागेको बताए।

बोर्डका ती सदस्यले भने, 'जति पनि उद्योग-व्यवसायका लागि अनुमति माग गरेर फाइल अड्केका छन्। तिनीहरूलाई आगामी बोर्ड बैठकमा एजेन्डाका रूपमा राख्ने विषयप्रति म जानकार छु।'

» पृष्ठ २ मा क्रमशः



उद्योगमन्त्रीले राखेको छलफलमा नयाँ लाइसेन्स जारी गर्ने सहमति

तर, मन्त्री भण्डारी भन्छन्- सबै हल्ला हो

उद्योगमन्त्री दामोदर भण्डारीले मदिरा, चुरोट र गुट्खाका नयाँ उद्योग खोल्न लाइसेन्स जारी गर्न उद्योगीसमेतलाई बोलाएर छलफल नै गरेका छन्। चैत पहिलो साता भएको उक्त छलफलबाट नयाँ लाइसेन्स जारी गर्ने सहमति निकालिएको छ। 'उद्योग विभागमा मदिरा, चुरोट र गुट्खाको लाइसेन्स माग्दै निवेदन परेका विषयमा केही दिनअघि मन्त्रालयमा छलफल भएको थियो,' एक अधिकारीले भने, 'सो छलफलमा पुराना उद्योगीले प्रशस्त नाफा कमाउने, तर नयाँ उद्योग खोल्न चाहनेलाई बन्देज लगाउने कुरा ठिक होइन भन्ने निचोड निकालिएको थियो।' तर, उद्योगमन्त्री भण्डारीले बैठक बस्ने कुनै तयारी नभएको र यो बजारहल्ला मात्रै भएको बताए। 'औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्ड बैठक बस्ने कुनै तयारी छैन, एजेन्डा पनि छैन,' मन्त्री भण्डारीले भने, 'बैठक बसेर विभिन्न किसिमका इजाजत वितरण गर्ने कुरा बजारहल्ला मात्रै हो, यसमा कुनै सत्यता छैन।'

नयाँ मदिरा उद्योगका लागि लाइसेन्स दिनुहुन्न



● अनन्तप्रसाद पौडेल,
संसद्को तत्कालीन उद्योग समितिले अध्ययन गर्न बनाएको उपसमितिका संयोजक

"०७२ मै मदिरा उद्योगको नयाँ लाइसेन्स दिने विषय उठेपछि संसद्को उद्योग, वाणिज्य तथा उपभोक्ता हित सम्बन्ध समितिका तर्फबाट मेरो संयोजकत्वमा उपसमिति बनाएर अध्ययन भएको थियो। त्यतिखेर धेरै मदिरा उद्योगमा पुगेर अध्ययन गर्दा उत्पादित मदिराको गुणस्तरमा प्रसस्त प्रश्न उठ्ने ठाउँ थियो। त्यसैले, सञ्चालनमा रहेका उद्योगको गुणस्तर सुधारमा ध्यान दिने, तर नयाँ इजाजत दिन नहुने सुझाव दिएका थियौं र सोही सुझावका आधारमा समितिले मदिराको नयाँ लाइसेन्स नदिन सरकारलाई निर्देशन दिएको थियो। मानव स्वास्थ्य प्रतिकूल तथा घरेलु हिंसा निम्त्याउने पदार्थको उत्पादनलाई निरुत्साहित गर्नतर्फ सकारले ध्यान दिनुपर्छ। पुराना उद्योगीले मात्रै व्यवसाय गर्न पाए, त्यसैले नयाँलाई पनि अवसर दिनुपर्छ भनेर पुनः लाइसेन्स जारी गर्नु ठिक होइन। मदिराको जथाभावी उत्पादन हुने गरी लाइसेन्स दिने कार्य गर्नुहुँदैन।

०७२ मै संसदीय समितिले रोकेको थियो नयाँ मदिरा उद्योगको इजाजत

०७२ असोजमा तत्कालीन उद्योगमन्त्री महेश बस्नेतको अध्यक्षतामा बसेको औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डको बैठकले मदिरा उद्योगको लाइसेन्स खुला गर्ने निर्णय गरेको थियो। तर, संसद्को उद्योग, वाणिज्य तथा उपभोक्ता हित सम्बन्ध समितिले त्यसलाई रोकेको थियो। उजुरी परेपछि समितिले २८ असोज ०७२ मा एमाले सांसद अनन्तप्रसाद पौडेलको संयोजकत्वमा उपसमिति बनाएर अध्ययन गरेको थियो। उपसमितिले १० महिना लगाएर तयार पारेको अध्ययनले नयाँ मदिरा उद्योगको इजाजत दिन नहुने निष्कर्ष निकालेको थियो। सोही प्रतिवेदनका आधारमा समितिले उद्योग मन्त्रालयलाई मदिराको इजाजत नखोल्न निर्देशन दिएको थियो।

'त्यतिखेर धेरै मदिरा उद्योगमा पुगेर अध्ययन गर्दा उत्पादित मदिराको गुणस्तरमा प्रशस्त प्रश्न उठ्ने ठाउँ थियो। तिनीहरूले अन्तर्राष्ट्रिय गुणस्तर अनुशरण गरेका थिएनन्। त्यसैले सञ्चालनमा रहेका उद्योगको गुणस्तर सुधारमा ध्यान दिने, तर नयाँ इजाजत दिन नहुने सुझाव दिएका थियौं र सोही सुझावका आधारमा समितिले मदिराको नयाँ लाइसेन्स नदिन सरकारलाई निर्देशन दिएको थियो,' उपसमिति संयोजक पौडेलले भने, 'मानव स्वास्थ्य प्रतिकूल तथा घरेलु हिंसा निम्त्याउने पदार्थको उत्पादनलाई निरुत्साहित गर्नतर्फ सरकारले ध्यान दिनुपर्छ। पुराना उद्योगीले मात्रै व्यवसाय गर्न पाए, त्यसैले नयाँलाई पनि अवसर दिनुपर्छ भनेर पुनः लाइसेन्स जारी गर्नु ठिक होइन।' समितिले माइक्रो ब्रुअरीको समेत लाइसेन्स खुला गर्न नहुने सुझाव दिएको थियो। विद्यमान ऐन, नियम, नियमनको अव्यवस्था, फोहोर व्यवस्थापन, कर संकलन, बियर उद्योगहरूको अवस्थालगायतका कारण माइक्रो ब्रुअरी सञ्चालन उपयुक्त नभएको उपसमितिको ठहर थियो। उपसमितिले विदेशी मदिराको आयात प्रतिस्थापनका लागि भएकै उद्योगको क्षमता वृद्धि गर्न सकिने सुझावसमेत दिएको थियो।

अघिल्ला उद्योगमन्त्री रमेश रिजालले पनि दिन खोजेका थिए तीन चुरोट उद्योगलाई लाइसेन्स



माओवादी-काग्रेस गठबन्धनमा बनेको अघिल्लो सरकारमा उद्योगमन्त्री दिए काग्रेसका रमेश रिजाल। उनले पनि तीन चुरोट उद्योगलाई लाइसेन्स वितरण गर्न खोजेका थिए। सूर्य चुरोटको मात्रै एकाधिकार रहेको तर्क गर्दै उनले अन्य प्रतिस्पर्धीलाई इजाजत दिन लागेको आफैंले सार्वजनिक गरेका थिए। 'नयाँ चुरोट उद्योग खोल्न दिने मेरो योजना छ। अहिले नेपालमा सूर्य चुरोटको एकलौटी छ। सरकारले आफैं चुरोट उत्पादन नगर्ने भएकाले नयाँ कम्पनीहरूलाई अनुमति दिएर प्रतिस्पर्धी बनाउने योजना हो,' उनले मन्त्री वहाल रहेका बेला नयाँ पत्रिकासँग भनेका थिए। त्यतिबेला उद्योग विभागमा शंकर, जगदम्बा र संघाई ग्रुपले नयाँ चुरोट उद्योगको लाइसेन्स माग्दै निवेदन दिएका थिए।

■ बिस्केट जात्रा सुरु



भक्तपुरमा बिहीबारदेखि सुरु भएको बिस्केट जात्रा। यो जात्रा प्रत्येक वर्ष चैतको अन्तिम साता सुरु भई ५ वैशाखसम्म मनाइन्छ। जात्रा भक्तपुरभित्र आठ रात, नौ दिनसम्म भव्य रूपमा चल्छ। लिच्छविकालदेखि व्यवस्थित रूपमा मनाउन थालिएको बिस्केट जात्रामा भैरवनाथ तथा भद्रकालीलाई काठ तथा बेतबाट निर्माण गरिएको कलात्मक रथमा राखी घुमाइन्छ। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

'एउटै यातायात कार्यालयमा दैनिक १० लाख घुस लेनदेन'

मन्त्रालयसम्मै 'सेटिङ', चारजना पक्राउ गरेर अनुसन्धान



● राजेन्द्रकुमार पौडेल
प्रवक्ता, अख्तियार

लाइसेन्स बिक्री गरी ठुलो रकम लेनदेन हुने गरेको सूचनाका आधारमा हामीले उनीहरूलाई लामो तयारी गरेर पक्राउ गरेका हौं। उनीहरूले कसरी लाइसेन्स बिक्री गर्थे, उनीहरूको डिभाइसबाट विस्तृत अनुसन्धान अघि बढेको छ।

नयाँ पत्रिका

यातायात कार्यालयहरूमा सवारीचालक अनुमतिपत्र (लाइसेन्स)को परीक्षामा फेल भएकालाई पास गराएर घुस लेनदेन हुने गरेको घटना नौलो होइन। तर, एउटै यातायात कार्यालयमा दिनमै १० लाख घुस लेनदेन हुनु अनौठो हो।

यातायात कार्यालय नेपालगन्जमा दैनिक १० लाख घुस लेनदेन हुने गरेको सूचना पाएपछि थप अनुसन्धान गर्दा लाइसेन्स बिक्रीका प्रमाणसमेत फेला परेको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले चारजनालाई पक्राउ गरेको

» पृष्ठ २ मा क्रमशः

लुम्बिनीका सबैजसो यातायात कार्यालयमा यस्तै सेटिङ रहेको अख्तियारलाई सूचना

अख्तियार स्रोतका अनुसार यातायात कार्यालय नेपालगन्ज मात्र होइन, लुम्बिनी प्रदेशका सबैजसो यातायात कार्यालयमा यस्तै सेटिङ रहेको सूचना छ। बाँके र रुपन्देही कार्यालयमा सबैभन्दा धेरै लाइसेन्स बिक्री हुने गरेको छ। सेटिङ गिरोहमा रहेका व्यक्तिहरूको मोबाइलबाट अनुसन्धान सुरु भएपछि यसमा धेरैजना तानिन सक्ने भएकाले कर्मचारीहरू त्रस्त भएका छन्।

लुम्बिनी प्रदेशमा नौ यातायात कार्यालय छन्। हरेक कार्यालयमा 'सेटिङ'कै आधारमा कर्मचारी सरुवा हुने गरेका छन्। 'पहिला यातायातमा बसेर नक्कली लाइसेन्स प्रकरणमा मुछिएकाहरू नै मन्त्रीको सचिवालयमा छन्,' मन्त्रालयका एक अधिकारी भन्छन्, 'जसकारण प्रदेशका यातायात कार्यालयमा बेथितिले सीमा नाघेको छ।' हाल लुम्बिनी प्रदेशका यातायातमन्त्री प्रचण्डविक्रम न्यौपाने छन्। उनी मन्त्री भएपछि आफूनै सवारीसाधनले ट्रायल दिन पाउने व्यवस्था पनि हटाएका थिए। यातायात स्रोतका अनुसार ट्रायल परीक्षामा औसतमा ३५ प्रतिशत उत्तीर्ण हुने गरेका छन्। तर, बिचौलियामार्फत पैसा उठाई फेल भएकालाई पनि उत्तीर्ण सूचीमा राखेर उत्तीर्णदर औसत ७० प्रतिशत पुऱ्याउने गरिएको छ। यसमा ट्राफिक प्रहरीसम्मलाई सेटिङ मिलाइएको थियो। खुलेआम सेटिङ हुने गरेको सूचनाकै आधारमा अख्तियारले 'अन्डरकभर अपरेसन'मार्फत चारजनालाई पक्राउ गरेको हो।

प्राडा बरालको राजीनामा स्वीकृत भएसँगै त्रिवि उपकुलपतिविहीन

नयाँ पत्रिका

त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्राडा केशरजंग बरालले दिएको राजीनामा १३ दिनपछि प्रधानमन्त्री केपी ओलीले स्वीकृत गरेका छन्। त्रिविका कुलपतिसमेत रहेका ओलीले बिहीबार बरालको राजीनामा स्वीकृत गरेका हुन्।

बरालको राजीनामा स्वीकृत भएसँगै त्रिवि उपकुलपतिविहीन बनेको छ। चार महिनायता प्रधानमन्त्रीले काममा साथ नदिएको र अनावश्यक 'टर्चर' दिएपछि बराल राजीनामा बुझाउन बाध्य भएका थिए। उनीमाथि सर्वोच्च अदालतको फैसलाविपरीत करार र अस्थायी प्राध्यापक तथा कर्मचारीबाट स्थायी गराउन दबाब पनि आएको थियो। दुवैतर्फबाट दबाब र असहयोग भएपछि १५ चैतमा प्रधानमन्त्री कार्यालयमै पुगेर बरालले राजीनामा बुझाएका थिए।



प्राडा केशरजंग बराल

१० फागुन ०८० मा चार वर्षका लागि मेरिटअनुसार बराल नियुक्त भएका थिए। तर, प्रधानमन्त्रीले दबाब दिएका कारण बरालले १३ महिनामै राजीनामा दिएका थिए। उनी त्रिवि आएको छोटो समयमै केही सुधार देखिएको थियो। त्रिविलाई दलीय भागबन्डाबाट मुक्त गराउँदै डिन नियुक्तिमा मेरिट शैली अपनाउनुका साथै शैक्षिक क्यालेन्डर व्यवस्थित बनाउने प्रयास गरेका थिए। सोही कारण नतिजाहरू समयमै प्रकाशन हुन थालेका थिए।

प्राडा बरालले राजीनामा स्वीकृत भएकोप्रति खुसी रहेको प्रतिक्रिया दिए। 'मैले राजीनामा पास होस् भनेर नै बुझाएको हो, किनकि काम गर्ने अवस्थै नभएर राजीनामा दिएको थिएँ,' उनले भने, 'काम गर्न नदिएपछि राजीनामा दिएको हुँ, प्रधानमन्त्रीको हेपाइ सहेर बस्ने इच्छा लागेन।'

देशभर वर्षा : निभ्यो डढेलो, घट्यो प्रदूषण


वर्षा गराउने प्रणाली शनिबारसम्म कायम रहने, तर कमजोर बन्दै

यम बम/नयाँ पत्रिका

बुधबार राति र बिहीबार बिहान देशभर वर्षा हुँदा वनजंगलको डढेलो निभेको छ। डढेलोका कारण डेढ सातासम्म तुवाँलोले ढाकेको काठमाडौंको आकाश पनि बिहीबार साँझबाट खुलेको छ। मंगलबारसम्म एक साता विश्वकै प्रदूषित सहरको सूचीमा रहेको काठमाडौं बिहीबार नवौंमा झरेको छ, प्रदूषणको मात्रा पनि आधाले घटेर एक्युआई ११६ कायम भएको छ। यद्यपि, वर्षा गराउने प्रणाली शनिबारसम्म कायमै रहने भएकाले आकाशमा बादल छ।

मौसम पूर्वानुमान महाशाखाका अनुसार १२ घण्टामै बिहीबार मध्याह्नसम्म इलामको बरफल्याङ क्षेत्रमा ११०, सर्लाहीको परवानीपुरमा ८९, पर्सामा ७३, उदयपुरमा ७१, सप्तरीमा ६६ र रौतहटमा ६५ मिलिमिटर वर्षा भएको छ। यद्यपि, जल तथा मौसम विज्ञान विभागले २४ घण्टा (बिहान ८:४५ देखि अर्को दिन बिहान ८:४५ बजे)को तथ्यांकलाई आधिकारिक रूपमा राख्ने भएकाले बिहीबार बिहानसम्म इलामको वर्षा १००.२ मिलिमिटर हो। यो अवधिमा २२७ मध्ये २१२ स्टेसनमा वर्षा

» पृष्ठ २ मा क्रमशः



मौसम पूर्वानुमान महाशाखाका मौसमविद् गोविन्द झाले वर्षासँगै काठमाडौं उपत्यकासहित अन्यत्रको तुवाँला लगभग हटेको बताए। 'आकाशमा बादल लागेको छ। यो वर्षाले तुवाँलो हटायो, डढेलो पनि निभायो,' उनले भने। मंगलबारदेखि वर्षा हुन थालेसँगै डढेलो घटिरहेकामा बुधबार रातिको वर्षासँगै निभेको हो। नासाको मोडिज उपग्रहले संकलन गरेको तथ्यांक हेर्दा बुधबार मध्यरातिसम्म ३० ठाउँमा डढेलो रहेकामा बिहीबार भने देखिँदैन। त्यसअघि बुधबार साँझसम्म २१ जिल्लाका ६० ठाउँमा डढेलो थियो। मंगलबार पूर्वी र मध्यनेपालका केही ठाउँमा वर्षा भए पनि ५२ ठाउँमा डढेलो थियो। तर, पानी पर्नुअघि सोमबार २४१ र आइतबार २४९ ठाउँमा डढेलो थियो। त्यस्तै, वर्षाले बिहीबार काठमाडौं उपत्यकासहित मुलुकका विभिन्न ठाउँमा राजमार्ग नै अवरुद्ध बन्न पुगेका थिए। पहिरो तथा सडक हिलाम्य हुँदा अवरुद्ध बनेका १३ सडक/राजमार्ग बिहीबार नै सञ्चालनमा आएको प्रहरीले जनाएको छ।



मौसमविद् गोविन्द झा

■ चट्याङ लागेर २४ घण्टामै आठको मृत्यु

चिरञ्जीवी घिमिरे/नयाँ पत्रिका

चट्याङ लागेर २४ घण्टामै आठजनाको ज्यान गएको छ। मौसममा आएको फेरबदलसँगै बुधबार र बिहीबार बिहान परेको चट्याङले सुदूरपश्चिममा तीन, कोशी र लुम्बिनीमा दुई-दुई र मधेशमा एकजनाको मृत्यु भएको हो।

सुदूरपश्चिममा बाजुराको बुढीगंगा नगरपालिका- १, तल्लोकुटीकी बिरु सार्कीका नौमहिने छोरा दृष्टि, डोटीको सायल गाउँपालिका- ६ की ३३ वर्षीया कमला नागरी र बझाङको बित्थडचिर गाउँपालिका- ३ की ७८ वर्षीया धौली बोहराको मृत्यु भएको छ। उनीहरूको बुधबार राति मृत्यु भएको प्रदेश प्रहरी कार्यालयका निमित्त प्रवक्ता एसपी नवराज कार्कीले जानकारी दिए।

कोशीमा झापाको गौरादह नगरपालिका- ५ मा ५४ वर्षीय दुधकुमार लावतीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ। प्रहरीका अनुसार पाँचथर मिक्लाजुङ घर भई गौरादह बस्ने लावतीलाई बुधबार घरमै खाजा खाने क्रममा चट्याङ लागेको हो।

» पृष्ठ २ मा क्रमशः

दुर्गा प्रसाईं भारतमा 'ट्रयाक'

नयाँ पत्रिका

राजावादी आन्दोलनमा लागेका मेडिकल व्यवसायी दुर्गा प्रसाईं फरार भएको दुई सातापछि भारतको आसाम राज्यमा भेटिएका छन् । भारतीय सुरक्षाकर्मीको नियन्त्रणमा रहेका उनलाई नेपाल ल्याउने प्रक्रिया अघि बढाइएको छ ।

प्रसाईले आफैं भारतीय प्रहरीको सम्पर्कमा पुगी आफूलाई नेपाल पठाइदिन आग्रह गरेको राजसंस्था पुनस्थार्पनाका लागि संयुक्त जनआन्दोलन परिचालन समितिले जनाएको छ । समितिका प्रवक्ता स्वागत नेपालले प्रेस विज्ञप्ति जारी गरी प्रसाईंले भारतीय प्रहरीसमक्ष आफूनो ज्यानको सुरक्षासहित नेपाल प्रवेश गर्न सहयोग गरेको उल्लेख गरेका छन् ।

नेपाल प्रहरीले भने प्रसाईंको विषयमा अनविज्ञता प्रकट गरेको छ । केन्द्रीय प्रवक्ता डिआइजी दिनेशकुमार आचार्यले बिहीबार बेलुका प्रेस विज्ञप्ति जारी गरी प्रसाईं पक्राउ परेको समाचार भ्रामक भएको भनेर खण्डन गरेका छन् ।



गत १५ चैतमा काठमाडौंको तीनकुनेमा भएको राजावादी आन्दोलनमा प्रहरीलाई पेलेर निषेधित क्षेत्र तोड्दै प्रसाईं

एक उच्च प्रहरी अधिकारी भने भारतीय सुरक्षा निकायसँग समन्वय गरी प्रसाईंलाई नेपाल ल्याउने प्रक्रिया अघि बढाइएको छ । नेपाल नल्याउँदासम्म कानुनी रूपमा पक्राउ भन्न नमिल्ने भएकाले पनि प्रहरीले पक्राउको विषयलाई खण्डन गरेको हो । 'पक्राउ परेको नभनौं, उनी ट्रयाक भएका छन्, भारतीय अधिकारीसँग समन्वय गरी नेपाल ल्याउने प्रयास भइरहेको छ,' ती प्रहरी अधिकारीले बताए । गत १५ चैतमा काठमाडौंको तीनकुनेमा भएको राजावादी आन्दोलनलाई उनै प्रसाईंले हिंसात्मक बनाएको प्रहरीको निष्कर्ष छ । सोही दिन बेलुकादेखि उनी फरार भएका थिए । आन्दोलनको कमान्डर उनै प्रसाईं थिए । आन्दोलनमा दुईजनाले ज्यान गुमाएका थिए ।

सो घटनामा संलग्न भएको आरोपमा प्रहरीले राप्रपाका नेताहरू धवलशमशेर राणा, रवीन्द्र मिश्रलगायतलाई थुनामा राखी अनुसन्धान गरिरहेको छ । राज्यविरुद्धको कसुर तथा संगठित अपराधको कसुरमा उनीहरूविरुद्ध अनुसन्धान भइरहेको छ ।

प्रसाईंविरुद्ध यसअघि पनि दुईपटक प्रहरीले पक्राउ गरी मुद्दा दायर गरिसकेको छ । साइबर अपराध आपराधिक लाभ मुद्दामा यसअघि प्रहरीले उनलाई पक्राउ गरेको थियो ।

तस्करीको काठ बरामद गरे स्थानीयले, सामुदायिक वनका अध्यक्ष नै संग्लन रहेको आरोप

दार्चुलामा **नरेन्द्रसिंह कार्की**

दार्चुलाको मालिकार्जुन गाउँपालिका- ६ उकुस्थित मालिकार्जुन सामुदायिक वनबाट तस्करी भइरहेको काठ स्थानीयले बरामद गरेका छन् । मंगलबार राति राति ट्रयाक्टर र टिपरमा लोड गरेर तस्करी भइरहेको सालको १३० क्युबिक फिट काठ स्थानीयले जफत गरेका हुन् ।

मालिकार्जुन सामुदायिक वनका अध्यक्ष केशरसिंह महराले वनबाट काठ चिरानी गरेर व्यापारीलाई बिक्री गर्न खोजेको स्थानीयको आरोप छ ।

सामुदायिक वनका सदस्य हिरा पालका अनुसार ट्रयाक्टर र टिपरमा काठ लोड भइरहेको खबर आएपछि राति नौ बजे स्थानीय बासिन्दा पुगेका थिए । स्थानीय पुगेलगत्तै काठतस्करको पाँच-सातजनाको समूह भागेको उनले बताए ।

'काठ काट्नैपर्ने भए पुर्जी बनाउनुपर्ने हो, पुर्जी दिइएको छैन,' उनले भने, 'ढलापढाकै काठ रहेछ भने पनि बिक्रीबारे सामुदायिक वनको समितिमा छलफल भएको छैन ।'

सामुदायिक वनकी सचिव इन्दु पालले पनि काठ कुन प्रयोजनका लागि काटिएको हो भनेर थाहा नभएको र अध्यक्षले सल्लाह नगरेको बताइन् । सामुदायिक वनका अध्यक्ष केशवसिंह महराले भने घरायसी प्रयोजनका लागि काठ काटिएको दाबी गरे । 'काठ बिक्रीका लागि काटिएको होइन । घरमै प्रयोग गर्न काटिएको हो,' उनले भने, 'समितिमा पछि अनुमति लिउँला भनेरै नलगिएको हो ।'



वन कार्यालयले थाल्यो अनुसन्धान

वन कार्यालयले काठ तस्करीको घटनाबारे अनुसन्धान थालेको छ । जोलजीवी रेन्जपोस्टका रेन्जर मानबहादुर नाथको टोली बुधबार घटनास्थल पुगेर मुचुल्का बनाएको छ । काठ बोक्न प्रयोग गरिएको मिनीट्रक सुपप्र ००१ ख २४१० र ट्रयाक्टर सुपप्र ०१-००२ त ७१०६ रहेको उनले बताए । तर, काठ कसको भनेर अनुसन्धानपछि मात्रै थाहा हुने नाथले बताए । 'बरामद गरिएको काठ सामुदायिक वनको जिम्मा छोडिएको छ । तस्करी अनुसन्धान हुन्छ,' उनले भने । डिभिजन वन कार्यालयका प्रमुख लक्ष्मीराज जोशीले अनुमति नलिई काठ काटिएको पाइएको र अनुसन्धान भइरहेको बताए ।

Government of Nepal (GoN)
Ministry of Urban Development
Department of Urban Development and Building Construction
Special Building Construction Project Coordination Office,
Babarmahal, Kathmandu

Invitation for Bid

Date of publication: 2081/12/29

Special Building Construction Project Coordination Office invites electronic bids from eligible bidders for the following works under NCB: Single Stage Double Envelope system bidding procedure.

Contract ID	Name of Project
DUDBC/SBCPCO /WORKS/NCB/01/081/082	Reconstruction of Shree Mahal Building, Pulchowk, Lalitpur.

Eligible Bidders may obtain further information from the PPMO web portal www.bolpatra.gov.np/egp

Project Director

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बोलपत्र स्वीकृतका लागि आशयको सूचना
प्रकाशित मिति : २०८१/१२/२९

यस भरतपुर महानगरपालिका नगर कार्यपालिका कार्यालयले निम्नानुसारको कार्यका लागि निर्धारित मिति भित्र विद्युतीय खरिद प्रक्रियामा दर्ता भएका बोलपत्रहरुको मुल्यांकन पछि न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही रहेका तपशिल बमोजिमको बोलपत्रदाताको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को (१) बमोजिम स्वीकृतिको लागि छनौट भएको व्यहोरा सम्बन्धित सबै बोलपत्रदातालाई जानकारीका लागि सोहि ऐनको दफा २७ को २ र ३ को प्रयोजनको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरिएको छ ।

ठेक्का नं./कामको विवरण	कबोल रकम (मु. अ. क. बाहेक)	सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताको नाम र ठेगाना
49-BMC/81/82/W/NCB/84 Blacktopped Road Construction Works at Different Roads of BMC-7, 9, 10 and 11	रु. १,९६,६७,७३५.०० (एक करोड छयानब्बे लाख सतसट्ठी हजार सात सय पैतीस रुपैया मात्र)	M/S Samriddha Nepal Nirman Sewa, Bharatpur-Chitwan.
46-BMC/81/82/W/NCB/80 Construction of Rhino Park with Zoo at BMC-12	रु. १,९४,२८,०१३.१० (अक्षरुपी एक करोड चौरानब्बे लाख अट्ठाईस हजार तेह्र रुपैया र पैसा एक शून्य मात्र)	M/S Gautam-Modern J.V. Bharatpur-3, Chitwan.
52-BMC/081/082/W/NCB/87 Construction of Blacktopped Road in Marsyangdi Tole, BMC-7.	रु.१९,१६,०४४.०० (उन्नाईस लाख सोह्र हजार चौवालिस रुपैया मात्र)	M/S R.S. Nirman Sewa, Khairahani-4, Chitwan.
RFQ No. 1-BMC/CS/081/082/T/01 Hiring a Firm for Skills Development Training in LL	३,०२,८४०.०० (तीन लाख दुई हजार आठ सय चालिस रुपैया मात्र)	M/S Narayani Polytechnic Institute Bharatpur, Chitwan.

Invitation for Bid (IFB)

Date of online publication: April 11, 2025 (2081/12/29)

Bharatpur Metropolitan City Office Bharatpur, Chitwan, invites only electronic bids for the following Works under Specified Bidding Procedure.

S.N.	Contract No. / (IFB No.)	Name of the Project	Minimum Bid Amount (Without VAT and Income Tax)	Price of Bid Document	Last Date of Bid Submission	Bid Security /Bid Bond (NRs)
1	70-BMC/ 081/082/O/ NCB/129	Income Collection from Riverbed Materials from Gaidachowk, BMC-4 (Narayani River)	NRs. 65,09,160.00	NRs. 5000.00	May 11, 2025; 12:00 Hours	325458.00
2	70-BMC/ 081/082/O/ NCB/130	Income Collection from Riverbed Materials from Thimura, BMC-1 (Trishuli River)	NRs. 64,77,408.00	NRs. 5000.00	May 11, 2025; 12:00 Hours	323870.41

Eligible bidders may obtain further information from Bharatpur Metropolitan City Office during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp
Tel: 056-521080, 056-520720, Email: kharid.bmc@gmail.com

प्रमुख प्रशासकीय अधिकृत

डेढ दशकदेखि...

पृष्ठ १ बाट क्रमशः

औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा २० अनुसार योजना आयोगको उद्योग क्षेत्र हेर्ने सदस्य, गभर्नर, उद्योगसचिव, अर्थसचिव, श्रमसचिव र भूमि व्यवस्था मन्त्रालयका सचिव बोर्ड सदस्य हुन्छन् । त्यस्तै, उद्योग मन्त्रालयका सहसचिव, उद्योग वाणिज्य महासंघका अध्यक्ष, उद्योग परिसंघका अध्यक्ष, घरेलु तथा साना उद्योग महासंघका अध्यक्ष, महिला उद्यमी महासंघका अध्यक्ष र निजी क्षेत्रका तर्फबाट सरकारले मनोनीत गर्ने दुई व्यवसायीसमेत सदस्य हुन्छन् । उद्योग विभागका महानिर्देशक भने बोर्डको सदस्यसचिव रहने प्रावधान छ ।

बोर्ड अध्यक्ष मन्त्री भण्डारी भने बोर्डको बैठक बस्ने कुनै तयारी नभएको दाबी गर्छन् । 'बोर्ड बैठक बस्ने र विभिन्न व्यवसाय गर्न अनुमति मागपत्र पेस गर्नेलाई नयाँ लाइसेन्स दिने कुनै तयारी छैन,' उनले भने, 'यो सबै बजारहल्ला हो ।'

बोर्डको एजेन्डा तयार गर्ने जिम्मेवारी उद्योग विभागलाई नै हुन्छ । तर, विभागका महानिर्देशक राजेश्वर ज्ञवाली पनि बोर्ड बैठक बस्नेबारे कुनै तयारी नभएको दाबी गर्छन् । 'विभागमा दर्ता भएका उद्योगको क्षमता विस्तार गर्नुपर्ने वा नयाँ उद्योगको लाइसेन्स जारी गर्नुपर्ने भए बोर्ड बैठकको आवश्यकता पर्ने हो,' उनले भने, 'तर, अहिले यस विषयमा कुनै तयारी छैन ।'

बोर्ड सदस्य रहेका गोल्यान ग्रुपका अध्यक्ष पवन गोल्यान बोर्ड बैठकबारे आफूलाई जानकारी नभए पनि व्यवसाय गर्छु भन्नेलाई रोक्न नहुने बताउँछन् । 'कसैले लामो समयदेखि उद्योग चलाएर नाफा गरिरहन्छ, तर सोही क्षेत्रमा प्रवेश गर्न अरूलाई बन्देज लगाइन्छ भने त्यो न्यायोचित हुँदैन,' उनले भने, 'सबैलाई व्यवसाय गर्ने अधिकार छ । त्यसैले सरकारले रोक्नुहुँदैन ।' बोर्डमा मदिरा, गुटखा, चुरोटलगायतका उद्योग सञ्चालनका लागि अनुमति दिने प्रस्ताव आए आफूले समर्थन गर्ने उनको भनाइ छ ।

उद्योगमन्त्री भण्डारीले मदिरा, चुरोट र गुटखाका नयाँ उद्योग खोल्न लाइसेन्स जारी गर्न उद्योगीसमेतलाई बोलाएर छलफल नै गरेका छन् । चैत पहिलो साता भएको उक्त छलफलबाट नयाँ लाइसेन्स जारी गर्ने सहमति निकालिएको छ ।

'उद्योग विभागमा मदिरा, चुरोट र गुटखाको लाइसेन्स माग्दै निवेदन परेको विषयमा केही दिनअघि मन्त्रालयमा छलफल भएको थियो,' एक अधिकारीले भने, 'सो छलफलमा पुराना उद्योगीले प्रसस्त नाफा कमाउने, तर नयाँ उद्योग खोल्न चाहनेलाई बन्देज लगाउने कुरा ठिक होइन भन्ने निचोड निकालिएको थियो ।'

बैठकमा नयाँ उद्योगका लागि लाइसेन्स जारी गर्न कानुनले पनि नछेक्ने भएकाले अनुमति माग्ने सबैलाई उद्योग व्यवसाय गर्न दिनुपर्नेमा समान धारणा बनेको स्रोतको भनाइ छ । 'संविधानमै उद्योग-व्यवसाय गर्न पाउने अधिकार सुनिश्चित छ । त्यसैले अनुमति माग्नेलाई रोक्नुहुँदैन भन्ने राय बैठकले मन्त्रीज्यूलाई दिएको छ,' छलफलमा सहभागी एक अधिकारीले भने, 'त्यसैले लाइसेन्स दिने काम बोर्ड बैठकबाट गर्ने भन्ने छ । तर, के-कसरी दिने भन्ने छलफल हुन बाँकी छ ।' लाइसेन्सका लागि आवेदन माग गर्नेलाई कुन कानुनलाई देखाएर रोक्ने भन्ने पनि अन्योल रहेको उनले बताए । ती अधिकारीका अनुसार बैठकमा मन्त्री भण्डारीले पनि मदिरा, चुरोट र गुटखाको बजारमा अर्को व्यवसायी पस्नै नहुने गरी बन्देज लगाउनु उपयुक्त नहुने धारणा राखेका थिए ।

तीन महिनामै सात उद्योगले मागे इजाजत

मदिरा, चुरोट, गुटखा र क्रसर उद्योगको इजाजत दिने तयारी तीव्र भएपछि उद्योग विभागमा फाइल पेस गर्ने संख्या बढ्न थालेको छ । चार-पाँच वर्षदेखि फाट्टफुट्ट मात्रै 'नेगेटिभ लिस्ट'का उद्योग सञ्चालनको अनुमति माग्ने फाइल आउने गरेकोमा तीन महिनायता सातवटाले नयाँ प्रस्ताव ल्याएको विभाग स्रोतले जानकारी दियो । स्रोतका अनुसार नेसनल टोबाको, विकास सिगरेट, मिरम डिस्टिलरी र नवकिरण ब्रुअरीले अनुमति माग गर्दै फाइल पेस गरेका छन् । त्यस्तै, सुशान्त श्रेष्ठले क्रसर र निजगढमा थप एक चुरोट उद्योग दर्ताको फाइलसमेत विभागको अनुमति तथा दर्ता शाखामा पुगेको छ । थप एक व्यक्तिले भने विस्तृत विवरण नखुलाई निवेदन पेस गरेको स्रोतले जानकारी दियो ।

'अनुमति माग गर्ने अधिकांशले कम्पनी रजिस्ट्रारको कार्यालयमा उद्योग दर्ता र कर कार्यालयमा भ्याट दर्ताको प्रमाणपत्र राखेर निवेदन दिएका छन्,' स्रोतले भन्यो, 'इजाजत पाउने करिब निश्चित भए जसरी नै फाइलहरू पेस भएका छन् ।' इजाजत माग गर्दा सामान्य निवेदन दिए मात्रै पुग्ने भए पनि कम्पनी दर्ता, भ्याट दर्ताजस्ता कागजातसहित फाइल आएको देख्दा अचम्मित भएको दर्ता शाखाका ती कर्मचारीले बताए ।

उद्योग सञ्चालनका लागि इजाजत माग गर्न विभागले सामान्य ढाँचाको फारम बनाएको छ । सो फारममा व्यक्तिगत विवरण र सम्भावित उद्योगको विवरण राखेर निवेदकको नागरिकतालगायतको कागजसहित फाइल पेस गरे हुने व्यवस्था छ । तर, इजाजत नै नपाएको उद्योगको नाम दर्ता र भ्याट दर्तासहित निवेदन दिनेको संख्या धेरै देख्दा सरकारबाट छिट्टै लाइसेन्स लिने अभिप्रायको रूपमा बुझ्नुपर्ने ती कर्मचारीले बताए ।

माइक्रो ब्रुअरीको लाइसेन्समा धेरैको चासो

इजाजत माग गर्नेमा सबैभन्दा बढी माइक्रो ब्रुअरी (साना बियर उद्योग) छन् । अहिले मुलुकमा एउटा पनि माइक्रो ब्रुअरी नभएकाले साना बियर उद्योग खोल्न धेरैले इच्छा देखाएका हुन् । उद्योग विभागका महानिर्देशक राजेश्वर ज्ञवालीको संयोजकत्वमा माइक्रो ब्रुअरीलाई इजाजत दिनका लागि पुरानो मापदण्डसमेत संशोधन हुँदै छ । एक वर्षअघि 'माइक्रो ब्रुअरीसहितको रेस्टुरेन्ट उद्योग स्थापना गर्नेसम्बन्धी मापदण्ड' जारी भएको थियो । सो मापदण्डले आफ्नै रेस्टुरेन्टभित्र मात्रै खपत गर्न मिल्ने गरी माइक्रो ब्रुअरीको इजाजत दिन सकिने मापदण्ड बनाएको थियो ।

कम्तीमा दुई सय सिट क्षमताको रेस्टुरेन्ट हुनुपर्ने र वार्षिक ३० लाख लिटरसम्म बियर उत्पादन गर्न पाउने सर्त थियो । उद्योगभित्रै रेस्टुरेन्ट हुनुपर्ने र आफ्नो रेस्टुरेन्टबाहेक अन्यत्र बिक्री गर्न नपाउने मापदण्डप्रति व्यवसायीले असन्तुष्टि देखाएकाले अहिले संशोधन गरेर लचिलो बनाउन लागिएको हो । बियर तथा मदिरा उद्योगभित्रै कर अधिकृत बसेर अन्तःशुल्क स्टिकर लगाउनुपर्ने व्यवस्था छ । यो व्यवस्थाका कारण धेरै माइक्रो ब्रुअरी उद्योग आए कर अधिकृतलाई खटाउन नसक्ने भनेर आन्तरिक राजस्व विभागले झन्झट मानिरहेको छ । त्यसैले, कर अधिकृतलाई समेत सजिलो बनाउने गरी मापदण्ड संशोधनको प्रयास भइरहेको स्रोतको भनाइ छ ।

'एउटै यातायात...

पृष्ठ १ बाट क्रमशः

छ । अख्तियारले बुधबार गुप्त अनुसन्धान कारबाही (अन्डरकभर अपरेसन) विधिमार्फत यातायात व्यवस्था कार्यालय नेपालगन्जमा कार्यरत कम्प्युटर अपरेटर शक्ति ठाकुर, सहायक कम्प्युटर अपरेटर (ज्यालादारी) मनोज गिरी, घरेलु तथा साना उद्योग कार्यालय नेपालगन्जका नासु मुकुन्दराज केसी र मामा भान्जा मोटर ड्राइभिङ सेन्टर नेपालगन्जका प्रोपाइटर शरदकुमार गोराथोकीलाई पक्राउ गरेको हो ।

सो यातायात कार्यालयमा मासिक तीन करोड रुपैयाँ लेनदेन हुने गरेको सूचनाका आधारमा उनीहरूलाई पक्राउ गरिएको अख्तियार प्रवक्ता राजेन्द्रप्रसाद पौडेलले बताए । 'लाइसेन्स बिक्री गरी ठुलो रकम लेनदेन हुने गरेको सूचनाका आधारमा हामीले उनीहरूलाई लामो तयारी गरेर पक्राउ गरेका हौं,' उनले भने, 'उनीहरूले कसरी लाइसेन्स बिक्री गर्थे, उनीहरूको डिभाइसबाट विस्तृत अनुसन्धान अघि बढेको छ ।' लाइसेन्स बिक्रीका केही प्रमाणहरू संकलन गरेरै उनीहरूलाई पक्राउ गरिएको अख्तियारले जनाएको छ ।

अनुसन्धानमा आबद्ध एक अधिकारीका अनुसार महिनामा उनीहरूले करिब दुई हजार लाइसेन्स बिक्री गर्थे । 'एउटा लाइसेन्सको २० हजारदेखि ५० हजार रुपैयाँसम्म लेनदेन हुने गरेको पाइएको छ,' ती अधिकारीले भने, 'धन्दा संगठित देखिएकाले यसमा उच्चपदस्थहरूसमेत अनुसन्धानमा तानिन सक्छन् ।' बाँके कार्यालयमा ठुला गाडीको लाइसेन्समा पछिल्लो समय चलखेल बढेको थियो ।

कर्मचारीहरूले नक्कली सवारीचालक अनुमतिपत्र वितरण गरी मासिक ३ करोडभन्दा बढी रकम कलेक्सन गर्ने गरेको भन्नेसमेतको सूचना तथा उजुरी निवेदनका आधारमा अख्तियारको कार्यालय, टंगाल र बुटवल तथा नेपालगन्ज सम्पर्क कार्यालयबाट संयुक्त रूपमा खटिएको टोलीले उनीहरूलाई पक्राउ गरेको प्रवक्ता पौडेलले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । प्रदेश यातायात मन्त्रालयसम्मको सेटिङमा लुम्बिनीका यातायात कार्यालयहरूबाट व्यापक मात्रामा लाइसेन्समा सेटिङ हुने गरेको उजुरीका आधारमा आयोगले छानबिन थालेको हो । पक्राउ गर्नुअघि लेनदेनका प्रमाणसमेत संकलन गरिएको अख्तियारले जनाएको छ ।

गत महिना संशोधन भएको भ्रष्टाचार निवारण ऐनले अख्तियारलाई अन्डरकभर अपरेसनको अधिकार दिएको थियो । सोही अधिकार आयोगले पहिलोपटक प्रयोग गरेको हो । 'जहाँ धेरै बेथिति हुन्छन्, त्यस्ता कार्यालयमा अब यसरी नै आयोगले अनुसन्धान अघि बढाउँछ,' अख्तियारका एक उच्च अधिकारीले भने, 'भ्रष्टाचारको प्रवृत्ति फेरिएसँगै हामीले अनुसन्धान प्रविधि पनि परिवर्तन गरेका छौं ।' विगतमा परीक्षासमेत नदिई यातायात कार्यालयहरूबाट जारी भएका करिब एक लाख लाइसेन्स बिक्रीको घटनामा पनि अख्तियार तथा प्रहरीले अनुसन्धान गरिरहेको छ । त्यति वेला पनि बुटवल र नेपालगन्ज यातायात कार्यालयबाट सबैभन्दा धेरै बदमासी भएको थियो ।

देशभर...

पृष्ठ १ बाट क्रमशः

रेकर्ड भएको छ । तीमध्ये ६ वटा केन्द्रमा ५० मिलिमिटरभन्दा धेरै वर्षा भएको छ । कोशी, मधेश र बागमतीका थोरै ठाउँमा भारी वर्षा पनि भयो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल क्षेत्रमा १२ मिलिमिटर पानी परेको छ । जबकि, काठमाडौंमा गत १ चैतदेखि वर्षा हुन सकेको थिएन भने देशका अन्य क्षेत्र पनि चरम सुक्खामा थिए ।

मौसम पूर्वानुमान महाशाखाका मौसमविद् गोविन्द झाले वर्षासँगै काठमाडौं उपत्यकासहित अन्यत्रको तुवाँलो लगभग हटेको बताए । 'आकाशमा बादल लागेको छ । यो वर्षाले तुवाँलो हटायो, डढेलो पनि निभायो,' उनले भने ।

मंगलबारदेखि वर्षा हुन थालेसँगै डढेलो घटिरहेकामा बुधबार रातिको वर्षासँगै निभेको हो । नासाको मोडिज उपग्रहले संकलन गरेको तथ्यांक हेर्दा बुधबार मध्यरातिसम्म ३० ठाउँमा डढेलो रहेकामा बिहीबार भने देखिँदैन । त्यसअघि बुधबार साँझसम्म २१ जिल्लाका ६० ठाउँमा डढेलो थियो । मंगलबार पूर्वी र मध्यनेपालका केही ठाउँमा वर्षा भए पनि ५२ ठाउँमा डढेलो थियो । तर, पानी पर्नुअघि सोमबार २४१ र आइतबार २४९ ठाउँमा डढेलो थियो ।

गत मंगलबारबाट नेपाली आकाशमा छाएको वर्षा गराउने मौसमी प्रणाली अब क्रमशः कमजोर बन्दै गएको छ । पश्चिमी वायु र स्थानीय वायुको प्रभावसँगै बंगालको खाडी र अरब सागरबाट आएको पानीका कणयुक्त हावाका कारण वर्षा भइरहेकामा अब क्रमशः कम हुने मौसमविद् गोविन्द झाले बताए । 'यो प्रणाली शनिबारसम्म कायम हुनेछ । तर, अब बुधबार र बिहीबारको जस्तो पानी पर्दैन,' उनले भने, 'आज काठमाडौंमा दिउँसो ३ बजेपछि हल्का वर्षा हुन सक्छ । तर, त्यसअघि घाम, बादल हुने देखिन्छ ।'

शुक्रबार कोशी र मधेशलगायत बागमती र गण्डकीका पहाडी भूभागमा वर्षाको सम्भावना छ । बाँकी क्षेत्रका थोरै ठाउँमा वर्षा हुने मौसम पूर्वानुमान महाशाखाले बुलेटिनमा उल्लेख गरेको छ । तर, शनिबार भने मुलुकका धेरैजसो ठाउँमा मौसममा सुधार हुनेछ । तर, कोशीका पहाडी र बाँकी क्षेत्रका एक-दुई ठाउँमा वर्षा हुने आकलन गरिएको छ ।

चट्याङ...

पृष्ठ १ बाट क्रमशः

मोरङको कानेपोखरी गाउँपालिका- १, होक्लाबारी मामाघर गएका सुनसरीको इटहरी उपमहानगरपालिकाका १२ वर्षीय आविष्कार बरालको पनि चट्याङमा परेर बुधबारै ज्यान गएको छ । घाइते अवस्थामा विराट टिचिङ अस्पताल पुऱ्याइएका उनको उपचारकै क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङले जनायो ।

त्यस्तै, लुम्बिनीमा अर्घाखाँचीको भूमिकास्थान गाउँपालिका- १०, लिसेपानीका ७२ वर्षीय यमबहादुर घर्ती र रोल्पाको सुनीलस्मृति गाउँपालिका- ५ की १६ वर्षीया धनमाया खत्रीको मृत्यु भएको छ । बिहीबार बिहान चट्याङ लागेर घाइते भएका यमबहादुरको जिल्ला अस्पताल सन्धिखर्कमा उपचारका क्रममा दिउँसो ज्यान गएको र धनमायाको बुधबार राति नै मृत्यु भएको प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एसएसपी जनार्दन जिसीले बताए ।

मधेशमा धनुषाको नगराइन नगरपालिका- ८ की ६० वर्षीया बेचनदेवी पासवानको मृत्यु भएको छ । बुधबार बिहान घरनजिकै आँपको बर्गैंचामा गएकी उनको चट्याङ लाग्दा घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार चट्याङ लागेर दुई दिनमा देशभर ११ जना घाइते भएका छन् । पछिल्लो २४ घण्टामा देशका अधिकांश ठाउँमा चट्याङसहित वर्षा भएको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।स त्यस्तै, आगामी केही दिन पनि मेघगर्जनसहित वर्षा हुने सम्भावना रहेको मौसमविद् सञ्जीव अधिकारीले जानकारी दिए । उनका अनुसार आगामी तीन दिनमा विगत २४ घण्टाको जति वर्षा नभए पनि सुक्खा भने हुनेछैन । पछिल्लो २४ घण्टामा देशभर हल्कादेखि मध्यमसम्मको वर्षा भएको उनले बताए ।

शिक्षक–सरकार वार्ता अनिर्णीत

■ शिक्षक महासंघले बुझायो २४ बुँदे मागसूची ■ संसद्को विशेष अधिवेशन वा अध्यादेशबाट शिक्षा ऐन जारी गर्नुपर्ने अडान

शिवहरि घिमिरे/नयाँ पत्रिका

तत्काल शिक्षा ऐन जारी गर्नुपर्ने मागसहित आठ दिनदेखि आन्दोलनरत शिक्षक र सरकारबिच बिहीबार भएको वार्ता अनिर्णित बनेको छ। सरकारका तर्फबाट शिक्षामन्त्री विद्या भट्टराईको नेतृत्वमा तथा शिक्षक महासंघका तर्फबाट सहअध्यक्ष नानुमाया पराजुलीको नेतृत्वमा वार्ता भएको थियो।

वार्तामा शिक्षकले संसद्को विशेष अधिवेशन राखेर वा अध्यादेशमार्फत शिक्षा ऐन जारी गर्नुपर्ने अडान दोहोऱ्याएका छन्। आफूहरूले यसअघि सरकारसँग भएका सहमतिका विषय समेटेर २४ बुँदे ध्यानाकर्षण बुझाइएको शिक्षक महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले बताए। 'बिहीबारको बैठकमा हाम्रोतर्फबाट सरकारलाई प्रस्ट रूपमा ध्यानाकर्षण पत्र बुझाएका छौं,' उनले भने, 'सरकारले हल गरेन भने सहमति हुँदैन र आन्दोलन पनि रोकिँदैन।'

महासंघका अनुसार यसपटक शिक्षकहरू कुनै नयाँ मागपत्र लिएर आन्दोलनमा आएका छैनन्। 'यो आन्दोलनको लक्ष्य विभिन्न मुद्दा र विषयमा छलफल गरी नयाँ सहमति गर्नु पनि होइन, विगतमा भएका सबै सहमति सम्बोधन हुने गरी गुणस्तरीय विद्यालय शिक्षा, विद्यार्थी र शिक्षक-कर्मचारीमैत्री अग्रगामी विद्यालय शिक्षा ऐन जारी गराउनु नै एक मात्र उद्देश्य हो,' महासंघको ध्यानाकर्षण पत्रमा भनिएको छ। महासंघले ०८० भदौमा संसद्मा दर्ता भई छलफलका लागि शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा पुगेको विद्यालय शिक्षा विधेयकलाई ऐनको रूप दिनेतर्फ कुनै प्रगति नभएको गुनासो गरेको छ। दर्तादेखि अहिलेसम्म आइपुग्दा विधेयकले संसद्का चार अधिवेशन पार गरिसकेको महासंघले स्मरण गराएको छ। तर, आन्दोलन गर्दा केही सक्रिय देखिने सरकार अरू वेला निद्रामा रहने गरेको महासंघको आरोप छ।



■ **लक्ष्मीकिशोर सुवेदी**, अध्यक्ष, नेपाल शिक्षक महासंघ

बैठकमा हाम्रोतर्फबाट सरकारलाई प्रस्ट रूपमा ध्यानाकर्षण पत्र बुझाएका छौं। सरकारले हल गरेन भने सहमति हुँदैन र आन्दोलन पनि रोकिँदैन।

महासंघले ऐन आउन ढिलाइ हुनुमा संसदीय समितिको बैठक नियमित नहुनु, समयमा उपसमिति गठन नगरिनु, गठित उपसमितिबाट हुनुपर्ने गतिमा काम नहुनुजस्ता कारण देखाएको छ। त्यसैले अहिलेको अवस्थामा संसद्को बर्खे अधिवेशन तत्कालै सुरु गर्ने, विशेष अधिवेशन आह्वान गर्ने वा अध्यादेश जारी गर्नेमध्ये एउटा विकल्पबाट ऐन जारी गर्नुपर्ने महासंघले अडान लिएको छ। 'नयाँ शिक्षा ऐन जारी गर्ने सवालमा सरकारको मार्गचित्र के हो ?, त्यसमा प्रस्टता आवश्यक छ,' ध्यानाकर्षण पत्रमा निएको छ, 'साथै विगतका सहमति कार्यान्वयन गर्ने सन्दर्भमा मन्त्रिपरिषद्को निर्णयबाट सम्बोधन हुन सक्ने विषयमा आवश्यक निर्णय लिन विलम्ब किन भएको हो ? यसको ठोस जवाफ महासंघले खोजेको छ।'



आन्दोलनरत शिक्षकहरू बिहीबार बिजुलीबजारमा प्रदर्शन गर्दै। **तस्बिर : अमुल थापा/नयाँ पत्रिका**

■ विद्यालय शिक्षा स्थानीय तहअन्तर्गत नराख्न माग

- राज्य र महासंघबिच भएका सहमतिबमोजिम सबै खालका अस्थायी शिक्षकलाई एकै खालको सेवा, सर्त र सुविधा पाउने गरी स्थायी शिक्षकमा रूपान्तर गर्ने प्रबन्ध यो ऐनले गर्नुपर्छ।
- नयाँ ऐनमा शिक्षकको तलब र ग्रेड समान तह र श्रेणीका निजामती कर्मचारीको भन्दा कम हुनेछैन भनी लेखिनुपर्छ।
- शिक्षण पेसाको सेवा, सर्त र सुविधा अन्य पेसाभन्दा आकर्षक गराउनुपर्छ।
- आवधिक बढुवाको व्यवस्था हुनुपर्छ। साथै, माथिल्लो योग्यता र लाइसेन्स भएका शिक्षकका लागि तहगत (प्राथमिक/निमा/माध्यमिक) बढुवाको प्रबन्ध हुनुपर्छ।
- विश्वविद्यालयमा जस्तै विद्यालय शिक्षामा पनि सबै अस्थायी अवधि पेन्सनलगायत सुविधा प्रयोजनका लागि जोडिनुपर्छ।
- विद्यालय शिक्षालाई संविधानको अनुसूची ९ मा राखी तीनै तहका सरकारका बिचमा अधिकार बाँडफाँट हुनुपर्छ।
- विभिन्न स्थानीय तहले फरक-फरक कानुन निर्माण गर्दै मनलाग्दी प्रधानाध्यापक नियुक्ति गरी कार्यरत प्रधानाध्यापकमाथि अन्याय गरेका छन्। प्रधानाध्यापक नियुक्त गर्ने पद्धति विकास गर्नुपर्छ।
- द्वन्द्व र पेशागत आन्दोलनमा लागेर सेवा अवधि टुटेकाको सेवा अवधि जोडेर नियमानुसार उपदान वा निवृत्तिभरण दिने व्यवस्था गर्नुपर्छ।
- शिक्षकको कार्यसम्पादन मूल्यांकनको अधिकार शिक्षासम्बन्धी जिल्लास्थित कार्यालयमा रहनुपर्छ।
- देशभरि विव्यस गठनमा एकरूपता कायम गर्न नयाँ शिक्षा ऐनमा नै अभिभावकको बाहुल्य हुने गरी प्रबन्ध हुनुपर्छ।
- संघ, प्रदेश तथा जिल्ला र स्थानीय तहका शैक्षिक प्रशासनका केही पदका शिक्षकहरूबाट समेत काजमा ल्याउने व्यवस्था गर्नुपर्छ।
- शिक्षकको रजिस्ट्रेसन, तालिम तथा पेसागत विकासलगायत काम गर्ने गरी ऐनमा शिक्षण काउन्सिलको व्यवस्था गर्नुपर्छ।
- सबै स्थायी शिक्षकलाई समानस्तरको माथिल्लो तहको पदमा समायोजन गर्ने कुरा नयाँ ऐनमा आउनुपर्छ।
- शिक्षकको तलबभत्ता र सेवा-सुविधा सबै संघको जिम्मामा भएपछि दरबन्दी पनि संघअन्तर्गत रहनुपर्छ।
- नयाँ शिक्षा ऐनले शिक्षक-कर्मचारीको हकलाई निषेध गर्ने प्रयत्न गर्नुहुँदैन।
- नयाँ ऐनमा शिक्षक-कर्मचारीमाथि विभागीय कारबाही (ग्रेड वृद्धि रोक्ने, बढुवा रोक्ने, पेसाबाट बर्खास्त गर्नेजस्ता काम)को अधिकार स्थानीय तहमा राख्नु हुँदैन।
- निजी (संस्थागत) विद्यालयका शिक्षकको तलबभत्ता सामुदायिक विद्यालयका शिक्षकसरह हुनुपर्छ।
- सेवा प्रवेशको उमेर ३५ वर्षबाट परिवर्तन गरी ४० वर्ष नै गराउनुपर्छ।
- विद्यालयको अनुमति खारेजी, रद्द वा विद्यालय बन्दको अधिकार स्थानीय तहमा नराखेर स्थानीय तहको सिफारिसमा प्रदेश तहबाट हुने प्रबन्ध गर्नुपर्छ।

सत्तागठबन्धननिकट कानुन व्यवसायीको प्यानल नै विजयी



नयाँ पत्रिका

कानुन व्यवसायीहरूको छाता संगठन नेपाल बार एसोसिएसनमा सत्तागठबन्धननिकट कानुन व्यवसायी विजयी भएका छन्। अध्यक्षदेखि सदस्यसम्म नै डिएलए र पिपिएलको गठबन्धनबाट उम्मेदवारी दिएकाहरू विजयी भएका हुन्।

कानुन व्यवसायीको स्वतन्त्र संगठन बारको अध्यक्षमा प्राडा विजयकुमार मिश्रले झन्डै दोब्बर मतान्तरले जित निकालेका हुन्। बिहीबार औपचारिक मतपरिणाम घोषणा भएको हो। जसअनुसार मिश्रले पाँच हजार ५२ मत प्राप्त गर्दा प्रतिद्वन्द्वी तथा विपक्षी गठबन्धनका तर्फबाट उम्मेदवारी बनेका वरिष्ठ अधिवक्ता रमणकुमार श्रेष्ठले दुई हजार ६२१ मत पाए। बारको २७औं कार्यसमितिका लागि शनिबार देशभरका ३५ केन्द्रमा मतदान भएको थियो।

परिणामअनुसार महासचिवमा पनि सत्तानिकट कानुन व्यवसायी संगठनबाट मिश्रको प्यानलका उम्मेदवार वरिष्ठ अधिवक्ता केदारप्रसाद कोइराला विजयी भएका छन्। उनले चार हजार ८७४ मत पाउँदा विपक्षी गठबन्धनका यज्ञमणि न्यौपानेले दुई हजार ३६७ मत प्राप्त गरे। कोषाध्यक्षमा वरिष्ठ अधिवक्ता जगतबहादुर कार्कीको मत पाँच हजार ८७ आउँदा अधिवक्ता दीपक राईको मत एक हजार ९५० छ।

निर्वाचन समितिका अनुसार कोशी, मधेश र बागमती प्रदेश उपाध्यक्षमा क्रमशः पदमप्रसाद लिम्बू, अजयशंकर झा र तेजबहादुर रावल विजयी भएका छन्। यसैगरी, गण्डकी प्रदेश उपाध्यक्षमा भूपेन्द्र खनाल र लुम्बिनीमा कृष्णप्रसाद पोखेलले उक्त पद प्राप्त गरेका छन्। कर्णाली प्रदेशबाट विवशकुमार बस्नेत र सुदूरपश्चिम प्रदेशबाट उपाध्यक्षमा सिद्धराज ओझा निर्वाचित भएका छन्। महिला उपाध्यक्षमा अधिवक्ता सरस्वती श्रेष्ठ विजयी भएको निर्वाचन समितिले जनाएको छ। बारको दलित सदस्यमा चिरञ्जीवी तिलक्यानी विजयी भएका छन्।

नवनिर्वाचित अध्यक्ष मिश्र भन्छन्–



प्रतिबद्धता गरेका विषय केवल घोषणापत्रमा सीमित नराखी कार्यान्वयनमा लैजान्छु। घोषणापत्रमा राखेकै विषयलाई रुटिन बनाएर कार्यान्वयनमा लैजान्छौं। न्यायपालिकाको पुनर्संरचनाका लागि संविधान संशोधनका विषय पहिचान गरी संशोधनका लागि पहल गर्छौं। न्यायपरिषद् नियमावली संशोधन खारेजीको माग यथवात् रहेको र निवर्तमान बार अध्यक्षमाथिको मुद्दाको सामूहिक प्रतिरक्षा गर्नेछौं।

महिला सदस्यमा अधिवक्ता रञ्जिता कार्की निर्वाचित भएकी छिन्। साथै, उपत्यकाबाहिरको सदस्यमा किरण पौडेलले जित हासिल गरेका छन्। अन्य ६ सदस्यमा अधिवक्ता किरण न्यौपाने, शारदा गुरुङ, दमनबहादुर चन्द, बाबुराम अर्याल, डा. मुकुन्द अधिकारी र माधव मैनाली निर्वाचित भएका छन्। नौ हजार ९९७ मतदाता रहेकोमा निर्वाचनमा सात हजार ९९५ मत खसेको थियो।

काठमाडौं उपत्यकाबाहिरबाट मधेशी मुस्लिम सदस्यमा सूर्यकुमार यादव, मधेशी मुस्लिम खुलामा रिंकुकुमारी यादव र उपत्यकाबाहिरका सदस्य पदमा वरिष्ठ अधिवक्ता राजकुमार श्रेष्ठ निर्वाचित भएका छन्। खुला आदिवासी जनजाति पदमा मंगलसुन्दर सिल्पकार र उपत्यकाबाहिरबाट महिला सदस्यमा इन्दिरा आचार्यले जित हासिल गरेको निर्वाचन समितिले जनाएको छ।

संक्षेप

बोलेरो दुर्घटनामा दुईको मृत्यु, १२ घाइते

रामेछाप/ मन्थली नगरपालिका- ३ को ऐरम्बास देवीथान मन्दिरबाट मन्थलीकै कठजोरतर्फ फर्कंदै गरेको बा.१६च ६४७६ नम्बरको बोलेरो जिप बिहीबार दुर्घटना हुँदा दुईजनाको मृत्यु भएको छ भने १२ जना घाइते भएका छन्। मन्दिरबाट मन्थली फर्कंदै गरेको उक्त गाडी मन्थली नगरपालिका- २ र ३ को सिमाना ठाँटीमा दुर्घटनामा परेको हो। दुर्घटनामा परी मन्थली नगरपालिका- २ का ६२ वर्षीय कृष्णनारायण श्रेष्ठ र अन्दाजी १३ वर्षीया भूमिका श्रेष्ठको घटनास्थलमै ज्यान गएको जिल्ला प्रहरी कार्यालय रामेछापले जनाएको छ। घाइतेको मन्थली अस्पतालमा उपचार भइरहेको छ। दुर्घटनाको कारणबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

नेकपा एसको आन्दोलन तालिका संशोधन

काठमाडौं/ एकीकृत समाजवादीको केन्द्रीय आन्दोलन संयोजन कमिटीले पूर्वनिर्धारित आन्दोलनको तालिका संशोधन गरेको छ। महासचिव घनश्याम भुसालले बिहीबार नयाँ सर्कुलर जारी गर्दै राजावादीहरूले पार्टी कार्यालयमा गरेको आगजनी र तोडफोडका कारण यसअघि घोषित आन्दोलनको तालिकामा केही संशोधन गरिएको जनाएका छन्। संशोधित तालिकाअनुसार १० वैशाखमा संघीय सरकारसमक्ष मागपत्र पेस गर्ने, १४ वैशाखमा प्रदेश सरकार र जिल्ला प्रशासन कार्यालयमा सम्बन्धित प्रदेश र जिल्लाका मागपत्र बुझाउने, २२ र २३ वैशाखमा पालिका र वडा कार्यालयमा सम्बन्धित पालिका र वडाका मागपत्र बुझाउने तथा २५ वैशाखमा दोस्रो चरणको कार्यक्रम घोषणा गर्ने कार्यक्रम रहेको जनाइएको छ।

निर्माण व्यवसायी महासंघका पूर्वअध्यक्ष कार्की पक्राउ

काठमाडौं/ निर्माण व्यवसायी महासंघका पूर्वअध्यक्ष यक्षध्वज कार्की पक्राउ परेका छन्। लेनदेन बिगोसम्बन्धी कसुरमा उनी बिहीबार नयाँ बानेश्वरबाट पक्राउ परेका हुन्। जिल्ला अदालत काठमाडौंले २८ असार ०७९ मा उनलाई १६ लाख २८ हजार ५०० रुपैयाँ बिगोसहित एक वर्ष कैदको फैसला गरेको थियो। त्यसयता उनी फरार थिए। उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएका प्रहरी टोलीले पक्राउ गरेको हो। स्काई बिल्डर्सका सञ्चालक कार्कीको विनोदकुमार महतोसँग लेनदेन विवाद थियो। सोही विवादपछि महतोले कार्कीविरुद्ध मुद्दा हालेका थिए। ६१ वर्षीय कार्की 'क' वर्गका निर्माण व्यवसायी हुन्।

सामाजिक सञ्जाललाई समाज भाँड्ने हतियार नबनाऔं : बस्नेत

काठमाडौं/ प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले समाज भाँड्ने हतियार सामाजिक सञ्जाललाई नबनाउन सबै प्रयोगकर्तालाई आग्रह गरेका छन्। सामाजिक सञ्जाल प्रयोग हुने सञ्चारमाध्यमसहितमा गलत र भ्रमपूर्ण सूचना सम्प्रेषण भइरहेको र त्यसले देशलाई पछाडि पार्ने काम गरेकोमा उनको असन्तुष्टि थियो। बिहीबार प्रेस काउन्सिलमा आयोजित अभिमुखीकरण कार्यक्रममा अध्यक्ष बस्नेतले समाधानमुखी रचनात्मक पत्रकारिता हुन सके मात्र अहिलेको पत्रकारितामा सुधार आउने बताए।

स्वास्थ्य तथा जनसंख्या वैज्ञानिकहरूको शिखर सम्मेलन सुरु

काठमाडौं/ स्वास्थ्य तथा जनसंख्या वैज्ञानिकहरूको शिखर सम्मेलन काठमाडौंमा सुरु भएको छ। नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले स्थापनाको ३४औं वर्ष प्रवेशका अवसरमा ११औं शिखर सम्मेलन आयोजना गरेको हो। तीन दिनसम्म चल्ने सम्मेलनमा स्वास्थ्य, जलवायु र जनसंख्यामा परिवर्तन : दिगो र समतामूलक भविष्यका लागि उत्थानशील स्वास्थ्य प्रणाली भन्ने विषयमा बहस र छलफल हुनेछ। सोल्टी होटेलमा आयोजित सम्मेलनको उद्घाटन शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराइले गरेकी छिन्।

जाजरकोट दरबार पुनर्निर्माणमा राज्य मौन

जाजरकोटमा **रेशमबहादुर खड्का**

गोरखाका राजाले सुरु गरेको नेपाल एकीकरण अभियानमा सशक्त सहयोग पुऱ्याएको ऐतिहासिक जाजरकोट राज्यको प्रतीक 'सेतो दरबार' संकटको डिलमा पुगेको छ। १७ कात्तिक ०८० मा आएको भूकम्पले पुऱ्याएको क्षति मर्मत नहुँदा ढल्ने अवस्थामा पुगेको हो। जीर्ण बनेको दरबारमा बुधबार साँझ परेको वर्षा र हावाहुरीले थप क्षति पुऱ्याएको छ।

विसं १८५२ मा १६औं राजा इन्द्रनारायण शाहले सुरु गरेका दरबार निर्माणको कामलाई २० औं राजा नरेन्द्रविक्रम शाहले १९२६ मा भव्य स्वरूप दिएका थिए। करिब दुई शताब्दीदेखि जाजरकोटको गौरव बनेको दरबार अहिले टुटफुट र बेवास्ताको अवस्थामा छ। अविरल वर्षाले दरबारका बाँकी रहेका भागमा थप क्षति पुऱ्याएको छ। ढोका, झ्याल, ढलान र भित्ता भत्किन थालेका छन्। केही भाग भत्किसकेको छ भने बाँकी भत्किने संघारमा छन्। स्थानीय खेमराज रोकाय भन्छन्, '५० वर्षअघि दरबार हेर्न टाढाबाट मान्छे आउँथे। अहिले त सरकारकै बेवास्ताले पहिचान मेटिँदै छ।' ०२५ मा दक्षिणी नाल भत्काएपछि अहिले दरबार तीन नालमा सीमित छ। पुनर्निर्माणका लागि अहिलेसम्म न त कुनै सरकारी योजना आएको छ, न त बजेट नै विनियोजन भएको छ। 'भूकम्प गएको १७ महिना बितिसक्यो, तर सरकारले एउटा इँटासमेत लगाएको छैन,' स्थानीय नरबहादुर शाहको गुनासो छ।



■ सय पर्यटकीय गन्तव्यमध्ये एक जाजरकोट दरबार

सरकारले जाजरकोट दरबारलाई केही वर्षअघि मुलुकका सय प्रमुख पर्यटकीय गन्तव्यमध्ये सूचीकृत गरेको थियो। साथै, यो दरबार पुरातत्त्व विभागको सम्पदा सूचीमा पनि पर्छ। तर, सूचीमा राखेर मात्र संरक्षण नहुने स्थानीयको भनाइ छ। उनीहरू भन्छन्, 'कागजमा दरबार बाँच्छ, तर भित्री संरचना जोगाउन त सरकारको इच्छा र पहल चाहिन्छ।'

दरबारको संरक्षणका लागि स्थानीयले पटक-पटक जिल्ला प्रशासन, प्रदेश सरकार र संघीय तहसम्म ध्यानाकर्षण गराइसकेका छन्। तर, कुनै पनि निकायबाट ठोस पहल नहुनु उनीहरूका लागि झन् पीडादायक बनेको छ। 'हाम्रो इतिहास, हाम्रो गौरव र हाम्रो पर्यटन सम्भावना सँगसँगै लोप हुँदै छ,' जाजरकोट सम्पदा संरक्षणका अध्यक्ष जनक केसी भन्छन्, 'अब पनि सरकार चुप बस्यो भने चाँडै दरबार नभएको जाजरकोट भन्छौं।' इतिहासका पानामा महत्त्वपूर्ण योगदान बोकेको यो दरबारको संरक्षण, पुनर्निर्माण र प्रचारप्रसार गरिनु आजको आवश्यकता रहेको अध्यक्ष केसीले बताए।

मञ्चले दरबारपरिसरमा ऐतिहासिक संग्रहालय निर्माण गरी जाजरकोटको गौरवशाली अतीतलाई सजीव बनाउने प्रस्तावसमेत गरेको छ। तर, सरकारी चासो अभावकै कारण सपना अधुरो छ। सेतो दरबार जोगाउने कि गुमाउने भन्ने निर्णय अब राज्यको हातमा छ। बुधबार रातिको हावाहुरीका कारण भवनको एकतर्फको छाना खसेको प्रमुख जिल्ला अधिकारी मेखबहादुर मंग्राातीले बताए। भूकम्पका कारण चर्किएको भवन २२ चैतमा गएको भूकम्पले थप जीर्ण बनेको थियो। हावाहुरीसहितको पानीका कारण भवन भत्किएको छ। भवन तत्काल मर्मत वा पुनर्निर्माणका लागि पुरातत्त्व विभागसँग समन्वय गर्दा आर्थिक अभाव भएको जवाफ आएको उनको भनाइ छ।

भूकम्प जानुअघिसम्म दरबारबाटै प्रशासन कार्यालयको काम सञ्चालन हुँदै आएको थियो। भूकम्पका कारण पूर्ण क्षति भएपछि कार्यालयको काम अस्थायी आवासबाट हुँदै आएको छ।

जसपा नेपालको अधिवेशनमा कुटाकुट

राजविराज/ जसपा नेपालको अधिवेशनमा कुटाकुट भएको छ। जिल्ला अधिवेशका लागि प्रतिनिधि छनोट कार्यक्रममा विवाद हुँदा कुटाकुट भएको हो।

समाजवादी विद्यार्थी संघका केन्द्रीय अध्यक्ष मनीष यादवले सप्तरीको विष्णुपुर गाउँपालिका अध्यक्ष उमेशप्रसाद यादवको निर्देशनमा संघका जिल्ला अध्यक्ष केदार यादवमाथि कुटिपिट भएको आरोप लगाएका छन्। जसपा नेपाल सप्तरीका जिल्ला उपाध्यक्षसमेत रहेका उमेशको निर्देशनमा उनको भाइ मोधकर यादव र उनका आसेपासेले संघका अध्यक्ष केदार र युवा संघ विष्णुपुर गाउँपालिका समिति अध्यक्ष देवेन्द्र यादवमाथि कुटिपिट गरेको मनीषको आरोप छ। उनीहरूमाथि घरेलु हतियार, हेलमेट, फलामको फाइटर, ब्लेड प्रयोग गरी कुटिपिट गरिएको छ। घाइतेको गजेन्द्रनारायण सिंह अस्पताल राजविराज सप्तरीमा उपचार भइरहेको छ। गाउँपालिका अध्यक्ष उमेश यादवले भने आफूले कुनै निर्देशन नदिएको बताएका छन्। 'आरोप सरासर गलत कुरा हो। मलाई बदनाम गराउने काम भइरहेको छ, मैले कुनै निर्देशन दिएको छैन,' उनले भने।





कुटपिटपछि जसपा नेपालका युवा, विद्यार्थीले पार्टीको जिल्ला कार्यालयमा बिहीबार दिउँसो ताला लगाएका छन्। समाजवादी विद्यार्थी युनियनका सप्तरी अध्यक्ष श्यामकुमार यादव र समाजवादी युवा संघका जिल्ला उपाध्यक्ष सिकेन्द्रकुमार मण्डलले संयुक्त विज्ञप्ति जारी गर्दै शुक्रबारका लागि तोकिएको पालिका अधिवेशन स्थगनको मागसमेत गरेका छन्।

सामान्य बाढीले नै भाँचियो निर्माणाधीन पक्की पुल

उदयपुरमा **विदुर कटुवाल**

वर्षासँगै आएको सामान्य बाढीले सिद्धिचरण लोकमार्गको उदयपुर खण्डमा निर्माणाधीन पक्की पुल भाँचिएको छ। कटारी नगरपालिका- २ सिमानपुरको अमाहा खोलामा बन्दै गरेको पक्की पुल काम नलाग्ने गरी भाँचिएको हो।

मिर्चैया-कटारी-घुर्मी सडक आयोजनाका इन्जिनियर तथा सूचना अधिकारी वीरेन्द्रप्रसाद महतोले बुधबार राति हावाहुरीसँगै आएको वर्षा र बाढीले निर्माणाधीन अवस्थामा रहेको पक्की पुल भाँचिएको बताए। उनले भने, 'चैतमै आएको बाढीले निर्माणाधीन पुल बिचभागमा भाँचिएको छ। पुल सेटिङमा प्रयोग भएका टेकालाई बाढीले बगाएपछि पुल भाँचिएर काम नलाग्ने भएको हो।'

■ यही निर्माण कम्पनीले बनाउँदै छ अरू तीनवटा पुल

२९ असार ०७९ मा उक्त पुल निर्माण गर्ने जिम्मेवारी सूर्य एन्ड सन्स प्रालि धरानले पाएको थियो। सम्झौतामा २ ९ असोज ०८२ भित्र पुल निर्माण सम्पन्न हुनुपर्ने उल्लेख छ। निर्धारित समयमा काम सक्ने गरी निर्माण कम्पनीले काम गरिरहेको थियो। ५० मिटर लम्बाइ भएको सिंगल स्पानको उक्त पुल ढलान गरेको २० दिनमै ढलेको महतोको भनाइ छ।

उक्त पुलसहित लोकमार्गका चारवटा पुल निर्माण गर्ने गरी निर्माण कम्पनीले भ्याटसहित २८ करोड ९९ लाख ५२ हजारमा सम्झौता गरेको थियो। कम्पनीले लोकमार्गमै पर्ने गिद्धवर खोला, खोक्सा खोलामा पनि पुल निर्माण गरिरहेको छ। महतोले भने, 'ताराघारी खोलाको पुल भने सुरु नै भएको छैन।' महतोका अनुसार भाँचिएको सिमानपुरको अमाहा खोलाको पुल, निर्माण जारी रहेको गिद्धवर खोला, खोक्सा खोलाको पुल र निर्माण सुरु नभएको ताराघारी खोलाको पुल आगामी असोजमै सक्नुपर्ने भए पनि ढिलो सुरु भएको जानकारी दिए। उनले भने, 'भाँचिएको पुल अब ठेकेदार कम्पनीले नै बनाउनुपर्ने हुन्छ।'

सूर्य एन्ड सन्स प्रालि धरानका निर्देशक निमेश श्रेष्ठले बाढीकै कारण पुल ढलेको बताए। उनले भने, 'यो प्रिस्ट्रेस्ड प्रविधिको पुल हो। ढलान गरेपछि खोल्नुपर्ने थियो। ढलान गर्दा टेको दिइएको हुन्छ। बाढीले टेकोमा क्षति पुऱ्याउँदा पुल ढल्यो। अब पुनः बनाउनुपर्ने भयो। अन्य दुईवटा पुल बनाउँदै छौं, एउटाको सुरु गर्न बाँकी छ।'

कच्ची संरचनाका कारण पुल ढलेको भन्दै स्थानीय आक्रोशित बनेका छन्। वर्षौंदेखि पुलबाट खोला तर्ने आशा लिएका स्थानीयको सपना पुलसँगै ढलेको छ। सरकारी निकायको लापरबाहीले पुल ढलेको कटारी नगरपालिका- २ का नवराज बास्तोलाले आरोप लगाए। उनले भने, 'समय-समयमा यो पुलको अनुगमन गरिराखेको भए आज सामान्य बाढीले ढल्दैन थियो।'



बिहीबार बिहान आएको बाढीले भाँचिएको सिद्धिचरण लोकमार्गअन्तर्गत अमाहा खोलाको पक्की पुल। **तस्बिर : नयाँ पत्रिका**

हावाहुरी र पानीले गहुँ बालीमा क्षति, किसान चिन्तित

लहान/ भित्र्याउन लागेको गहुँ बालीमा हावाहुरीसँगै आएको पानीले क्षति पुऱ्याएको छ। काट्ने तयारी गरिएको, कटिसकेको गहुँ पानीले भिजेपछि किसान चिन्तित भएका छन्। हावाहुरीसँगै बुधबार राति परेको पानी बारीमा जमेर गहुँ भिजेपछि भित्र्याउन समस्या भएको सिराहाको लहान नगरपालिका- १९ का किसान रामउद्गार साहले गुनासो गरे। 'गहुँ छ्रेदेखि फल्ने वेलासम्म पानी परेन,' उनले भने 'बोरिङको पानी पठाएर उञ्जाएको गहुँ भित्र्याउने वेलामा बर्खाले बिगाऱ्यो।' मधेश प्रदेश सरकारमातहत रहेको कृषि ज्ञान केन्द्र सिराहाले जिल्लाका १७ स्थानीय तहमा गएराति हुरीबतास र बर्खाले भित्र्याउन लागेको गहुँमा क्षति पुगेको जनाएको छ। केन्द्रकी सूचना अधिकारी किरण विश्वकर्माले सम्बन्धित पालिकाअन्तर्गत रहेका कृषि शाखामार्फत हुरीबतास र बर्खाले गहुँमा पुऱ्याएको क्षतिबारे बुझ्ने काम भइरहेको बताइन्। उनका अनुसार गत वर्ष जिल्लामा २२ हजार हेक्टरमा गरिएको गहुँको उत्पादन ५२ हजार आठ सय मेट्रिकटन भएको थियो। 'योपल्ट गत वर्षको तुलनामा करिब पाँच प्रतिशत बढी उत्पादन हुने अनुमान गरिएको छ,' उनले भनिन्, 'उत्पादन भएको पनि हो, तर बर्खाले केही क्षति पुऱ्यायो।'

सगरमाथा संवाद र हिमनदीको चर्चा

मानिसले अब हिमाल र हिमनदीमाथि अत्याचार गर्न छोड्ने कि नछोड्ने भन्ने प्रश्न आगामी सगरमाथा संवादमा जोडदार रूपमा उठ्नुपर्छ




● लोकबन्धु घिमिरे

अग्रलेख

गत २१ मार्चमा संयुक्त राष्ट्र संघले वैश्विक पानी दिवसलाई हिमनदी संरक्षण अभियानका रूपमा मनायो। लगातार हरितगृह ग्यास उत्सर्जन बढिरहँदा पृथ्वीमा तापमान वृद्धि रोकिने छाँटकाँट देखिन्न। यतिवेला वैश्विक जलवायु कार्यसम्पादनसम्बन्धी पेरिस सहमतिबाट अमेरिका अलग भएको छ। सन् २०५० सम्म आशा गरिएको नेट जिरो कार्बन उत्सर्जन र १.५ डिग्री तापमानको लक्ष्य पूरा नहुने अवस्था छ। कोप-२९ पनि असफल भयो। यसले जलवायु वित्त कोष जुटाउन सकेन। धनी देशले तातिरहेको पृथ्वी, पग्लिँदै गरेको हिमालय, डुब्दै गएका टापु मुलुकको चिन्तै गरेनन्, उल्टो गम्भीर पर्यावरणीय विनाशप्रति हँसीमजाक गरे। सन् २०२५ जलवायु टिपिङ बिन्दुको संघारमा पुगेको छ, अब १.५ डिग्री तापमान कट्न सक्छ, किनकि वायुमण्डलमा कार्बनडाइअक्साइड यतिखेर ४२५ पिपिएम पुगेको छ, जुन लाखौँ वर्षयताको उत्कर्ष हो। यसैले जलवायु विनाशलीलाका प्रारम्भिक लक्षण देखिँदै छन्। वैश्विक नब्बे प्रतिशत हिउँ रहने अन्टार्कटिका तीव्र गतिमा पग्लिँदै छ, नौ प्रतिशत हिउँ भइरहने आर्कटिक-ग्रिनल्यान्ड त्यस्तै छ भने एक प्रतिशतभन्दा कमको थर्ड पोल (हिमालय क्षेत्र) र अन्य पहाडी हिमनदी पनि हराउन थालेका छन्, तापमान बढ्दा हुने पहिलो विनाश हाम्रो हिमनदी क्षेत्र (ग्लेसियर रिजन) मा गहिरिँदै छ। हिमालयमा एकातिर हिउँ कम पर्दै छ भने अर्कातिर सयौँ वर्षको सञ्चित आइस सिट पग्लिने दर ह्वात्तै बढेको छ। अहिले देखिएका समस्यामध्ये हिउँ पर्ने समय छोटो रहनु, हिउँको गहिराइ कम हुनु, शिखरमा हिउँभन्दा वर्षाको पानी बढेको देखिनु मुख्य हुन्। यसबाट निम्न प्रश्न बारम्बार उठिरहेका छन्- श्वेताम्बर हिमवत्खण्ड कतै अस्तित्व विलोपनतिर जाँदै त छैन ? यहाँ कालो पत्थर मात्रै रहने पो हो कि ? अनि कसरी जोगाउने हाम्रा शैल्यशिखर हिमचुली र यी हिमगंगालाई ? हिमालय त हाम्रो सांस्कृतिक धरोहर पनि हो। यसको आध्यात्मिक मूल्यबोध आउँदो पुस्ताले कसरी गर्ला ? यक्ष प्रश्न यही हो। नेपाल सरकारले आगामी जेठमा सगरमाथा संवाद गर्ने भएकाले यसै सेरोफेरोमा पर्यावरणीय र सांस्कृतिक चेतनाको सम्मिश्रण गर्दै हामी पनि बृहत् हिमालय संवादतर्फ लागौँ। यसलाई नागरिकस्तरबाट हिमवत्खण्ड संवाद पनि बनाउन सकिन्छ।

संसारभर हिमनदी हराउँदै, जलभण्डार घट्दै : अन्टार्कटिका र आर्कटिक-ग्रिनल्यान्ड क्षेत्रबाहेक संसारमा करिब दुई लाख हिमाल र हिमनदी रहेको बताइन्छ। अस्ट्रेलियाबाहेक ६ महादेशमा यस्ता हिमनदी (हिमभण्डार) रहेको र ती हिमनदी बढ्दो तापमानका कारण जोखिममा परेको भन्दै युनेस्कोको 'माउन्टेन एन्ड ग्लेसियर वाटर टावर रिपोर्ट-२०२५ ले सन् १९६० यता मात्रै संसारबाट सात हजार हिमनदी हराएको देखाएको छ। यही अवधिमा बचेका हिमनदीको क्षेत्रफल २६ प्रतिशतले कम भएको बताइएको छ। यस प्रतिवेदनअनुसार यी हिमनदीबाटै १.५ बिलियन जनसंख्यालाई दैनिक पिउने पानीको ७० प्रतिशत आपूर्ति भइरहेको छ। भर्खरै भेनेजुएलाको हम्बोल्ट ग्लेसियर सदाका लागि हरायो, यो ४९ सय मिटर उचाइमा थियो। अहिले ग्रिनल्यान्डमा पानी पऱ्यो, जहाँ हिमनदीको थुप्रोबाहेक केही हुन्नथ्यो। जलवायु परिवर्तनका यस्ता घटनाबाट हिमनदी हराउने जोखिम अफ्रिकामा बढी देखिन्छ, त्यहाँ युगान्डा, कंगोलगायत पूर्वी भागबाट सन् २०३० पछि सबै ग्लेसियर सकिनेछन् भनिएको छ। क्यानडा र न्युजिल्यान्डमा पनि अबको ५० बर्षभन्दा बढी हिमनदी रहन्नन् भनिएको छ। तापमान वृद्धि नरोक्ने हो भने एसिया, लेटिना, आल्पससहित पहाडी ग्लेसियर र हिमालयमा पनि त्यस्तै हिउँक्षेत्र नरहने संवेदनशील स्थिति छ। हाम्रो हिमालयमा रहने शेर्पा-तामाङ संस्कृति एवं चोमोलोङमामा धेरै देवीदेवताको स्थान रहेजस्तै अफ्रिकी हिमशिखरमा कितासाम्बा देवीको वासस्थान जोखिममा पर्दा यसको सांस्कृतिक र आध्यामिक मूल्य क्षतिभरणको चिन्ता थपिएको छ। हिमनदी हराउँदा यस्ता विकासशील देशमा पर्ने आर्थिक र गैरआर्थिक नोक्सानी (लस एन्ड डेमेज) बापत जलवायु न्याय कसरी उपलब्ध गराउने भन्ने पनि चिन्ता छँदै छ। बाढी, पहिरो, वनडढेलो, सुक्खाका अतिरिक्त समुद्री डुबानसमेत यही हिमसञ्चिति पग्लिँदा भएको मानिन्छ। ध्रुवीय हिउँ र अन्य हिमच्यादर पग्लिँदा सन् २०००-२३ सम्म १८ मिमि समुद्र तह बढेको छ। यसले तीन बिलियन जनसंख्यालाई जोखिममा पार्दै छ, किनकि प्रतिएक मिमि उचाइ बढ्दा तीन लाख मानिस समुद्रछेउबाट विस्थापन हुन्छन्। यो पीडा टुभालु, फिजी, सोलोमन आइलेन्ड, सामोआ, मार्सल आइलेन्ड र मालदिभ्सजस्ता साना टापु देशलाई थपिँदै छ। विश्व मौसम संगठन (डब्लुएमओ रिपोर्ट २०२५) अनुसार संसारले विगत पचास वर्षमा नौ हजार गिगाटन ग्लेसियर हिउँसञ्चिति गुमाएको छ, जुन २५ मिटर बाक्लो जर्मनीजत्रै क्षेत्रफल हो। यति हिउँबाट आठ अर्ब मानिसलाई तीस वर्षसम्म खानेपानी पुग्ने थियो। वैज्ञानिकहरूका अनुसार सबभन्दा धेरै हिउँ पग्लिएको वर्ष सन् २०२२-२४ लाई मानिन्छ, २०२४ मा मात्रै ४५० गिगाटन हिउँ नोक्सान भएको छ, किनकि यो वर्ष जमिनको तापमान विगत सय वर्षयताको उच्च बिन्दु (१.४६ डिग्री से) मा गएको थियो। आर्कटिक क्षेत्रले मात्रै विगत ५० वर्षयता १.३४ मिलियन वर्गकिमि हिमक्षेत्र गुमाएको छ। भारतीय जलसंसाधन आयोगको प्रतिवेदन-२०२५ अनुसार त्यहाँका प्रमुख १५५ बृहत् जलाधारीय बेसिनबाट ४५ प्रतिशत भूमिगत जलभण्डार घटेको छ। यी जलभण्डार उत्तर प्रदेश, बिहार, हिमाञ्चल र उत्तराखण्डमा बढी छन्, जो नेपालसँग जोडिएका छन्। यसरी नै संसारका तीन बृहत् ग्लेसियर कम्प्लेक्स (मालास्पिना, विक्हम र बेरिङ) सहित



१९ वटा ग्लेसियर रिजनमध्ये माउन्टेन ग्लेसियर रिजन जलवायु परिवर्तन र तापक्रम वृद्धिको बढी जोखिममा छन्। जसमा युरोपीय आल्पस, एसियन पहाडी हिमनदी र लेटिना क्षेत्रको एन्डिज ग्लेसियर क्षेत्र उच्चतर संवेदनशील अवस्थामा देखिन्छन्। प्रकृतिमाथि मानव सिर्जित (एन्थ्रोपोजेनिक) अत्याचारका कारण पैदा भएको जलभण्डार संकुचन र हराउँदै गरेका हिमनदीको विलौना, दुखान्त, पीडा, वेदना र सुस्केराले धर्तीको हृदयमा कम्पन ल्याइरहेको छ। के मानिसले हिमालमाथि अत्याचार गर्न छोड्लान् ? यो प्रश्न आगामी सगरमाथा संवादमा उठ्ने नै छ। यसको समाधान नभएमा मानवजातिले प्रलयको ठुलो मूल्य चुकाउनेछ, किनकि ध्रुवीय क्षेत्र, क्रायोस्फेयर, आल्पस, एन्डिस, रकी, ककेसस तथा हिमालय पर्वतमालाको हिउँ र यी दुई लाख हिमनदीको मूल योगदान पृथ्वीलाई चिसो बनाइराख्ने र यस ग्रहका प्राणीको जीवन रक्षार्थ सबैलाई खानेपानी उपलब्ध गराउनु हो। अब यो नै जलसंकट भएर आउनेछ।

माउन्टेन ग्लेसियर र हाम्रो हिमालय : हिमनदी र पहाडी जलवायु विज्ञानका अध्येता प्रा. रिचार्ड आर्मस्ट्रङको चेरिस ऐकेडेमीले एसियन माउन्टेन ग्लेसियर रिपोर्ट-२०२३ निकालेको छ। यसमा सन् २०१२-१९ सम्म सेटेलाइट डाटाका आधारमा नेपाललगायत एसियाली पहाडी देशको क्रायोस्फेर (हिमच्यादर), स्नोटावर/स्नोफल, हिमस्टक/मासससञ्चिति र यसलाई जलवायु परिवर्तन तथा बढेको तापमानले पारेको प्रभावबारे भएका अध्ययन विवरण समेटिएका छन्।

> धनी देशले तातिरहेको पृथ्वी, पग्लिँदै गरेको हिमालय र डुब्दै गएका टापु मुलुकको चिन्ता गर्नुको साटो गम्भीर पर्यावरणीय विनाशप्रति हँसीमजाक गरिरहेका छन्

एसियामा उच्च पहाडी भूबनोट भई हिउँ पर्ने पाँच पहाडी श्रेणी रहेका छन्, जसमा हिमालय, काराकोरम (के २), हिन्दकुश, पामिर र तिआन्जिन पर्वतशृंखला हुन्। यी पर्वत भुटान, नेपाल, भारत, पाकिस्तान, अफगानिस्तान, किर्गिस्तान, उज्बेकिस्तान, ताजकिस्तान र कजाकिस्तान गरी नौ मुलुकमा पर्छन्। यिनै पर्वतीय हिमच्यादरमा बनेका पन्ध्र हजार हिमनदीमा सयौँ वर्षदेखि थुप्रिएको ६ हजार ३४५ गिगाटन हिउसञ्चिति क्रमशः जलप्रवाहमा परिवर्तन हुँदा सञ्चालित हुन पुगेका पाँचवटा भीमकाय नदी प्रणाली (गंगा, ब्रह्मपुत्र, इन्दुस, अर्मदा र सिर्दया) ले एसियाका करोडौँ मानिसलाई खानेपानी, सिँचाइ र जलविद्युत् सेवा दिइरहेछन्। यस अध्ययनले टेम्परेचर इन्डेक्स र इनर्जी ब्यालेन्स (आइस सिट ब्यालेन्स) विधिबाट गरेको विश्लेषणमा यी हिमनदीको मास ब्यालेन्स घटेको (नेगेटिभ मास ब्यालेन्स) देखाएको छ। अर्थात् एसियाका यी हिमनदी लगातार नोक्सानीको जोखिममा परेको देखिन्छ। यसले नदी प्रणालीमा पिक फ्लो अर्ली (स्प्रिङ राइज) हुने अर्थात् फागुन-चैतमा पानीप्रवाह बढी हुने समस्या देखाएको छ, जसले गर्दा वर्षा र शरद् ऋतुमा पानीको आयतन घटछ, फलतः समग्र जलचर एवं रिभर इकोलोजी र परम्परागत सिँचाइ पद्धतिमा प्रतिकूल प्रभाव ल्याउँछ। अनि जलविद्युत् आयोजनाको डिजाइन डिस्चार्ज पनि प्रभावित गर्छ। नेपालको चाँग्री-खुम्बु हिमनदीआसपास भएको अर्को अध्ययनले हिमनदीहरूको 'एकुमुलेसन जोन'मा 'आइस मास' घट्नुको कारण शिखरबाट हुत्तिएर आउने धारिलो-चिसो हावा (काटाबाइटिक विन्ड) ले उत्पन्न गर्ने लोकल कुलिङ इफेक्टले गर्दा हिमपातीय थुप्रो तल्लो (एब्लेसन जोन) क्षेत्रतर्फ सर्नु हो भनेको छ। यो धारिलो बेगवान हावा चुचुरो क्षेत्र र 'टिबेटन ल्यान्डमास'मा तापमान बढ्दा उत्पन्न हुने गरेको भनिएको छ। किनकि, नेपालको हिमालय क्षेत्र अन्यत्रभन्दा वार्षिक ०.३-०.७ डिग्रीले बढी तातेको छ, (नेचर जिओसाइन्स, २०२३)। पहाडी टोपोग्राफी, डाइपोलर मनसुनलगायत धेरै कारण हिउँ सञ्चिति कम हुनुमा जिम्मेवार रहे पनि 'स्नो अबलेडो' घट्नु, ब्लेक कार्बन, धुलो र अर्धजलन कोइला/कार्बनसुट पार्टिकल हिउँभित्र बढ्दा हिम पग्लिने दर (स्नो/आइस मेल्टिङ) बढ्नुको प्रमुख कारण हो भनी जनाएको छ। नेपालमा रहेका तीन हजार हिमनदीमध्ये मध्यक्षेत्र र पूर्वीभेगमा हिउँको पग्लाइ बढी देखिएको छ, जसले गर्दा यहाँका हिमनदीको लम्बाइ प्रतिवर्ष ४० सेमि घट्दै गएको छ। यस्ता अध्ययनमा उत्तरको हिमालय पग्लिँदा दक्षिणमा ०.३२ मिमि समुद्र सतह बढेको देखिन्छ। यसले गर्दा नेपाललगायत हिमालय मुलुक र टापु मुलुकको सहकार्यमा जलवायु संवाद बढाउनु आवश्यक देखिएको हो।

सगरमाथा संवादका ऐजेन्डा : नेपालका प्रधानमन्त्रीबाटै अग्रसरता लिइएको सगरमाथा संवादलाई एउटा 'मल्टिल्याटरिज्म' र 'ग्रिन डिप्लोमेसी'को राम्रो प्रयास मान्नुपर्छ। यो बृहत्तर हिमवत्खण्ड संवाद पनि हो। सगरमाथा संवाद सचिवालयका अनुसार आगामी २-४ जेठ, २०८२ मा काठमाडौँमा हुने यस 'इभेन्ट'ले जलवायु परिवर्तन, हिमाल र मानवताको भविष्य भन्ने नारा तय गर्दै हाम्रो हिमालय क्षेत्रमा बढिरहेको तापमानले समस्त मानवतामै चिन्ताजन्य अवस्था सिर्जित गरेकाले विश्व समुदायलाई यसको सम्बोधनार्थ ध्यानाकर्षण गराउन चाहेको छ। साथै संसारभरकै पर्वतीय ऐजेन्डा, हिमनदी/हिमच्यादर, टापु देश डुबान, मानव विस्थापन, लस एन्ड डेमेज, कम सिँचाइ, खानेपानी अभाव र घट्दो जलभण्डारका समस्यासहित हिमालयको अस्तित्व, पारिस्थितिकीय महत्त्व, पर्वतीय आर्थिक-समाजिक र सांस्कृतिक सौन्दर्यबोध गराउने जमर्को यसले गर्नेछ। यस फोरमले कार्बनडाइअक्साइड र मिथेनजस्ता हरितगृह ग्यास उत्सर्जन नगर्दा पनि हामी जलवायु परिवर्तनबाट पीडित भइरहेको र यसले अर्थतन्त्र र जनजीविकामा 'लस एन्ड ड्यामेज' बढाइरहँदा हाम्रो गरिबी बढेर जीवनको गुणस्तरीयतासमेत घट्दै गएकाले नेपाललाई जलवायु न्याय र हरित वित्तीय क्षतिपूरण चाहिएको विषयमा बहसपैरवी गर्नेसमेत ठाउँ दिनेछ। तीन दिनसम्म चल्ने यस संवादमा एसियाली पहाडी जलवायुपीडित मुलुक, साना समुद्री देशलगायत पर्यावरणीय अभियन्ता र जलवायु वैज्ञानिक एवं सबै दाता सहभागी रहनेछन्। यसमा पाँच 'थिम', बाह्र 'सेसन' र तीन 'प्लेनरी' रहेका छन्। यसले काठमाडौँ घोषणापत्र पनि जारी गर्नेछ। मुख्यतः यस संवादमार्फत नेपाललाई संयुक्त राष्ट्र संघलगायत विश्वमञ्चमा जलवायुपीडित हिमाली-पर्वतीय मुलुकको नेतृत्व गर्ने अवसरसमेत दिन सक्ने गहिरो आशा राखिएको छ। यसर्थ, यो जलवायु परिचर्चामा नेपालको उत्कृष्ट भूमिकाको अपेक्षा गर्दै सगरमाथा संवादलाई शुभकामना दिनु राम्रै हुनेछ।

(घिमिरे सामाजिक न्याय, जलवायु र वातावरणीय विषयमा कलम चलाउँछन्)

---

३ प्रश्न

काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रमुख **टेकबहादुर तामाङलाई**



लागुऔषधविरुद्ध उपत्यकामा प्रहरीले महाअभियान नै सुरु गरेको छ, यसको आवश्यकता किन पऱ्यो ?

लागुऔषधविरुद्ध जनेचनामूलक अभियान धेरै चले। तर, अझै यसलाई बृहत् बनाउन धेरै क्षेत्रलाई समेटर महाअभियान सुरु गरिएको हो। हामीले राजनीतिक दलका भ्रातृ संगठनसँग 'एमओयू' गरेरै सहकार्य गरेका छौँ। समाजले रोलमोडलका रूपमा हेरको कलाकार जगत्लाई पनि यसमा समेटेका छौँ। सञ्चार माध्यमहरूसँग पनि यसमा सहकार्य गरेका छौँ। स्थानीय तहदेखि समाजका अन्य धेरै क्षेत्रसँग मिलेर लागुऔषध दुर्व्यसनबाट समाजलाई मुक्त बनाउने उद्देश्यले यो कार्यक्रम गरिएको हो। महाअभियानअन्तगएत दुर्व्यसनमा फसेकालाई पनि सुधार केन्द्रमा पठाउनेदेखि परामर्श दिनेसम्मका गतिविधि समेटेका छौँ। यसका लागि जीवन विज्ञानसँग सहकार्य गरेका छौँ।

लागुऔषध हाम्रो समाज र देशमा ठुलै समस्या बन्न पुगेको हो ?

बरामद परिमाण हेर्ने हो भने पनि पहिलेभन्दा ठुलो संख्या देखिन्छ। प्रयोगकर्ताको संख्या पनि बढेकै देखिन्छ। अनेकौँ कारबाहीका बाबजुद कारोबार र दुर्व्यसन बढेकाले सचेतनाकै लागि महाअभियान सुरु गरिएको हो। दुर्व्यसनले शान्ति सुरक्षामा असर पारेको छ। नसाको सुरमा झैझगडादेखि हत्यासम्म भएका छन्। लागुऔषध किन्न पैसा चाहिन्छ, पैसा नभएपछि चोरीको अपराधमा लाग्छन्। परिवारमा कलह र तनाब बढेको छ। यसले डिप्रेसन हुँदै आत्महत्यासम्म गरेका छन्। व्यक्ति र परिवार मात्र होइन, यसले सिंगो देशलाई नै असर पारेको छ।

यसको नियन्त्रण किन प्रभावकारी हुन नसकेको होला ?

यसका लागि खपत र मागमै नियन्त्रण आवश्यक छ। कानुनी कारबाहीलाई अझै प्रभावकारी बनाउनुपर्छ। संगठित प्रकृतिको अपराध भएकाले मुख्य कारोबारीसम्म पुग्न कठिन हुन्छ। समुदायमा चेतना बढ्यो भने धेरै हदसम्म नियन्त्रण गर्न सकिन्छ। त्यसका लागि समाजका सबै निकायको सहकार्य आवश्यक छ।

प्रेरक प्रसंग

खराब बानी त्याग्ने समय

एक धनी मानिस आफ्नो छोराको एउटा खराब बानीबाट निकै हैरान थिए। उनले छोराको त्यो बानी छुटाउन हरसम्भव प्रयास गरे पनि सम्भव भइरहेको थिएन। उनी छोरालाई आफ्नो खराब बानी हटाउन जति सम्झाउँथे, छोराको जवाफ हुन्थ्यो- अहिले म सानै छु। बिस्तारै यो बानी छाडिहाल्छु नि। तर, ऊ कहिल्यै त्यो खराब बानी छाड्न तयार भने हुँदैनथ्यो। गाउँमा एक महात्मा आएका थिए। ती धनी मानिसले महात्मालाई भेटेर आफ्नो समस्या बताए। महात्माले उनको गुनासो सुनिसकेपछि भने- ठिक छ, तपाईं भोलि बिहान आफ्ना छोरालाई लिएर यही बगैँचामा आउनुहोस्। म प्रयास गरिहेर्छु।

अर्को दिन ती धनी मानिस छोरालाई लिएर बगैँचामा पुगे। महात्माले बालकलाई सम्बोधन गर्दै भने- बाबु ! आऊ, हामी एकैछिन यो बगैँचाको भ्रमण गरौँ। महात्मा बालकसित कुरा गर्दै अघि बढे, बालक पनि उनीसँगै अघि बढे। कुराकानीका क्रममा महात्माले मसिनो बिरुवा देखाउँदै सोधे- बाबु, तिमी त्यो बिरुवा उखेल्न सक्छौ ? बालकले भने- यो त मेरो बायाँ हातको खेल हो। उनले साँच्चै बायाँ हातले तानेर बिरुवा उखेले। महात्मा मुसुक्क मुस्कुराए र दुवै अघि बढे। केही समयपछि महात्माले थोरै हुर्किसकेको बिरुवातर्फ इसारा गर्दै पुनः प्रश्न गरे- त्यो बिरुवा पनि उखेल्न सक्छौ त ? बालक खुसीसाथ बिरुवा उखेल्न लागे। तर, यसपटक उनलाई केही मिहिनेत गर्नुपऱ्यो। पर्याप्त प्रयासपछि उनले त्यो बिरुवा पनि उखेलिदिए। महात्मा केही बोलेनन्, केवल पहिलेझैँ मुस्कुराए। थोरै अघि बढिसकेपछि महात्माले एउटा हुर्किसकेको रुखतिर इसारा गर्दै बालकलाई सोधे- बाबु, तिमी त्यो रुख पनि उखेल्न सक्छौ त ? बालकले आफ्नो भएभरको तागत लगाएर रुख उखेल्ने कोसिस गरे। तर, उनले थोरै हल्लाउन पनि सकेनन्। अन्त्यमा हार मानेर बालकले भने- यो त उखेल्न असम्भव छ।

बालकको भनाइ सुनेपछि मुसुक्क मुस्कुराउँदै महात्माले भने- बाबु, हाम्रा खराब बानीको पनि यस्तै अवस्था हुन्छ। नयाँ छँदै यसलाई उखेल्ने कोसिस गरियो भने त्यसलाई हटाउन सकिन्छ। जति-जति त्यो पुराना हुँदै जान्छ, त्यसलाई हटाउन असम्भव हुँदै जान्छ।

महात्माको भनाइ सुनेपछि बालकले पनि आजैदेखि आफ्नो खराब बानी छाड्ने वाचा गरे।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

जता पनि ढिलासुस्ती किन ?

नेपालमा लोकतन्त्र र गणतन्त्रको दोस्रो निर्वाचनबाट निर्वाचित भई आउनुभएका जनताका लोकप्रिय जनप्रतिनिधिले संघ, प्रदेश र स्थानीय तहमा समृद्धिका लागि सेवा गरिरहँदा अलिकति ध्यान पुऱ्याएर नै काम गर्नुपर्ने देखिन्छ। उहाँहरूले विचार, विवेक र सिद्धान्तलाई हचुवाका भरमा लिने गल्ती गर्नुहुँदैन। जनताका समस्या, आशा र आकांक्षा धेरै हुन्छन्। यस्ता समस्यालाई सहजै रूपमा गर्छु भन्ने, हुन्छ भन्ने तर ढिलासुस्ती गर्दै जाने किन हो ? धेरै काम भएकाले जनताका समस्यातिर ध्यान दिन नसकेको पो हो कि ? जिम्मेवारी धेरै भएकाले त्यस्ता उदाहरण सार्वजनिक विद्यालयको शिक्षक आन्दोलनको नतिजाले नै सडकमा देखिएको हुँदा सम्बन्धित निकायले समयमै समाधान गर्नुपर्छ भन्ने राजनीतिक दलका अनुभवी, त्यागी र तपस्वी नेताले समयमै ध्यान पुऱ्याउनुपर्ने होइन र ? सर्वत्र भइरहेको ढिलासुस्ती हटाएर समयमै काम सम्पन्न हुनेछ भन्ने आशा सबैले गरेका छन्।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
2213ncw@gmail.com

पहिले कमाऊ अनि खर्च गर

सामान्यतः कसैले खर्च गरेर जोगाएको रकमलाई मात्र उसले कमाएको मानिन्छ। र, खर्च कटाएर बचत गर्न सक्ने मानिसले मात्र आवश्यक पर्दा मन फुकाएर खर्च गर्न सक्छ। तर, हाम्रो सरकारलाई भने यसबारे कुनै चासो छैन। ऊ आम्दानी नभए पनि 'ऋणं कृत्वा घृतम् पिवेत्' भन्ने सिद्धान्तमा विश्वास गर्छ र कर्मचारीलाई तलब दिन नसके पनि आफू भने फजुल खर्च गरेर राज्यकोष रित्याउँछ। सरकार, पहिले कमाऊ अनि मात्र फजुल खर्च गर।

● **सुमित्रा चुडाल**
टोखा-४, काठमाडौं

बक्यौता यकिन गर्ने कसरी ?

ऊर्जामन्त्री दीपक खड्काले बक्यौता यकिन गरेर मात्र उठाउन विद्युत् प्राधिकरणका नवनियुक्त कार्यकारी अधिकृत हितेन्द्रदेव शाक्यलाई निर्देशन दिएको समाचार पढियो। जब प्राधिकरणले यसअघि नै टिओडी मिटरअनुसार कुन-कुन उद्योगीले कति-कति रकम तिर्न बाँकी छ भनेर प्रस्ट तथ्यांक दिइसकेको छ। यस्तो अवस्थामा अहिले फेरि यकिन गरेर मात्र बक्यौता उठाउनू भन्ने मन्त्रीको निर्देशनले प्रकारान्तरले बक्यौता छुट दिनू भनिएको बुझ्न सकिन्छ। जब पहिल्यै प्रस्ट छ भने यकिन किन गरिहनुपऱ्यो ?

● **गोविन्द महर्जन**
बागबजार, काठमाडौं

लेखक घिमिरेलाई प्रश्न

२५ चैतको नयाँ पत्रिकामा प्रकाशित गुरुराज घिमिरेको 'नेपालले लिनुपर्ने अबको बाटो शीर्षकको लेख पढेँ। पूरै लेख पढेपछि पनि लेखक घिमिरेले यो लेख सरकारविरुद्ध लेखेका हुन् कि ज्ञानेन्द्र शाहका समर्थक आन्दोलनकारीविरुद्ध ? लेखक घिमिरेले 'शाहवंशीय राजामा जनताको आकर्षण 'फु' गर्दैमा जानेछैन' भनेका छन्। तर, जनतामा शाहवंशीय राजाप्रतिको आकर्षण कुन वेला थियो, मलाई थाहै छैन। आकर्षण वा विकर्षणका रूपमा जनता त १०४ वर्षसम्म केवल राणाप्रति नै रहे। हो, यो अवश्य सत्य हो कि फु गरेर राजतन्त्र गएको होइन। त्यसका लागि धेरै बलिदान र समयको लगानी खाँचो परेको थियो। दुई स्याल आपसमा लडे। लडाइँमा एकको मृत्यु भयो, दोस्रो बाँकी रह्यो। संसारभर छरिएका स्याल जम्मा भएर स्यालहुइयाँ गर्दै बाँच्नेलाई राजा घोषित गरे। मान्छेहरूले निकै जोडबल लगाएर स्यालहुइयाँ बन्द गराए। अहिले धेरै दिनपछि फेरि स्यालहुइयाँ हुन थालेको छ। त्यसलाई पनि यिनै जनताले फेरि बन्द गराउनेछन्। १५ गतेको विमर्श सकिएको पनि छैन, २६ गते आइपुग्यो। अब अनन्तकालसम्म स्यालहुइयाँ गरे पनि केही हुनेवाला छैन।

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज
shivshankaryadav3398@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

भारतमा उत्तर-दक्षिण विभाजनको चिन्ता

निर्वाचन क्षेत्र सीमांकनले दक्षिण भारतको राजनीतिक प्रभाव तुलनात्मक रूपमा घट्नेछ र संसद्मा बहस गर्ने क्षमता कमजोर हुनेछ



देश/विदेश

● शशी थरुर

हालैका साता भारतीय राजनीतिमा एक लागू हुन बाँकी विषयले ठुलो चर्चा पाएको छ। त्यो हो जनगणनापछि संसदीय क्षेत्र सीमांकनमा फेरबदल। दक्षिण भारतीय राज्यले यसले जनसंख्या धेरै भएका उत्तर भारतीय राज्यलाई अनुचित रूपमा राजनीतिक फाइदा दिलाउने दाबी गर्दै आएका छन्। लोकसभा (संसद्को तल्लो सदन) मा सिटसंख्या जनसंख्याका आधारमा निर्धारण हुन्छ अर्थात् धेरै जनसंख्या, धेरै सिट र बढी राजनीतिक शक्ति। तर, अनियन्त्रित जनसंख्या वृद्धिले समृद्धि र सामाजिक प्रगतिमा बाधा पुऱ्याउन सक्छ भन्ने चिन्ताले सन् १९७६ मा सीमांकन रोकिएको थियो। सुरुमा यो सन् २००१ सम्मका लागि मात्र हो भन्ने तय गरिएको थियो। तर, संविधान संशोधनमार्फत यसलाई थप लम्ब्याइएको छ। हाल प्रयोगमा रहेका सीमाले सन् १९७१ को जनगणनालाई आधार मान्छन्।

सीमांकन रोकिएपछि भारतका दक्षिणी राज्यले प्रजनन दर घटाएर जनसंख्या स्थिर बनाएका छन् र साक्षरता, स्वास्थ्य सेवा, मातृ र शिशु मृत्युदर, लैंगिक समानताजस्ता क्षेत्रमा उल्लेखनीय प्रगति गरेका छन्। तर, उत्तर भारतका राज्य यी सूचकमा पछि छन्, जातीय भेदभाव, बेरोजगारी र आर्थिक वृद्धिको हिसाबले पनि कमजोर छन् र त्यहाँ जनसंख्या अझै तीव्र रूपमा बढिरहेको छ।

सीमांकन रोक्ने निर्णय सधैँका लागि थिएन, यो सन् २०२६ पछिको पहिलो जनगणनासम्मका लागि थियो। सत्तारुढ भारतीय जनता पार्टी (भाजपा) ले फेरि स्थगित नगरी जनगणना गर्ने र त्यसपछि निर्वाचन क्षेत्र पुनः सीमांकन गर्ने संकेत दिएको छ। भाजपा नेताका भनाइमा 'एक व्यक्ति, एक मत, एकै मूल्य'को लोकतान्त्रिक सिद्धान्तअनुसार प्रत्येक सांसदले झन्डै-झन्डै उस्तै जनसंख्याको प्रतिनिधित्व गर्नुपर्छ। तिनका अनुसार केरलाका एक सांसदले १८ लाख जनताको प्रतिनिधित्व गर्छन् भने उत्तर प्रदेशका सांसदले २७ लाख जनसंख्याको।

दक्षिण भारतीय नेता जनसंख्याका आधारमा मात्र प्रतिनिधित्व निर्धारण गर्दा उत्तर भारतलाई जनसंख्या वृद्धिको नाफा हुने र जनसंख्या नियन्त्रण तथा मानव विकासमा प्रगतिबापत दक्षिण भारतलाई गाह्रो पर्ने तर्क गर्छन्। यसैका कारण उनीहरूको केन्द्रीय कर राजस्वबाट आउने हिस्सा पनि घट्दै गएको छ। विविधताले भरिएको समाजमा केवल जनसंख्या पर्याप्त आधार हुँदैन।

उदाहरणका लागि अमेरिकामा सबै राज्यलाई जनसंख्या जे भए पनि दुई सिनेट सिट दिइन्छ। युरोपेली संघले सानो जनसंख्या भएका देशलाई 'अवक्रमित अनुपात'अन्तर्गत बढी सिट दिइन्छ। भारतमै पनि गोवा, उत्तरपूर्वी साना राज्य र अन्डमान, लक्ष्यद्वीपजस्ता क्षेत्रले ठुला राज्यको तुलनामा प्रतिव्यक्ति बढी सांसद पाएका छन्।

भारत भाषा, धर्म, विकासको स्तर र जनसांख्यिक विविधताले भरिएको देश हो, जहाँ संघीय ढाँचाको प्रणालीमा राज्यलाई पनि केही अधिकार दिइएको छ। त्यसैले, समान प्रतिनिधित्व महत्त्वपूर्ण भए पनि राज्यको स्वायत्तता र सांस्कृतिक विविधताको सम्मान पनि आवश्यक छ। विभिन्न आलोचक उत्तर भारतका हिन्दीभाषीको वर्चस्वले अन्य क्षेत्रको आवाज दबिन सक्नेमा चिन्तित देखिन्छन्।

गृहमन्त्री अमित शाहले दक्षिण भारतीयलाई नयाँ सीमांकनमा कुनै सिट नगुम्ने आश्वासन दिएका छन्। तर, यसको अर्थ उत्तर भारतका जनसंख्या बढी भएका राज्यमा सिट थपिने सम्भावना छ र त्यहाँ भाजपा



तस्बिर : हिन्दुस्तान टाइम्स

बलियो छ। लोकसभा सिट संख्या ५४३ बाट ७५३ वा सम्भवतः ८८८ पुग्न सक्ने अनुमान गरिएको छ, किनभने नयाँ संसद् भवनमा त्यति स्थानको व्यवस्था छ।

यसो भएमा दक्षिण भारतको राजनीतिक प्रभाव तुलनात्मक रूपमा घट्नेछ र संसद्मा बहस गर्ने क्षमता कमजोर हुनेछ। केहीले अहिले नै संसद्को बहसको स्तर झरेको भन्दै चिन्ता व्यक्त गरिरहेका छन्। धेरैजसो सिट भएको लोकसभा चिनियाँ जनराजनीतिक सल्लाहकार सभाजस्तै बन्न सक्छ, जहाँ सार्थक छलफलभन्दा सरकारका निर्णय स्वीकृत गर्ने औपचारिकता पूरा गरिन्छ।

तमिलनाडुका मुख्यमन्त्री एमके स्टालिनको नेतृत्वमा दक्षिण भारतीय राज्यले हालको व्यवस्थालाई थप २५ वर्षका लागि निरन्तरता दिन माग गर्दै एक संयुक्त संघर्ष समिति गठन गरेका छन्। तर, यो व्यवस्था कायम राख्दा प्रत्येक नागरिकको प्रतिनिधित्व बराबर नहुने भएकाले भारतको लोकतन्त्र कमजोर हुन्छ। तर, जनगणनाका आधारमा प्रतिनिधित्वको सूत्र फेरबदल गर्दा पनि लोकतन्त्रलाई क्षति नै पुग्छ, किनभने यसले राष्ट्रिय एकता र सहअस्तित्वलाई कमजोर पार्न सक्छ।

यदि दक्षिण भारतका नागरिकले आफूलाई राजनीतिक रूपमा वञ्चित महसुस गर्न थाले भने उनीहरूले अधिकार विकेन्द्रित गर्ने र राज्यहरूलाई थप स्वायत्तता दिने संवैधानिक संरचनाको माग गर्न सक्छन्। यदि यस्ता मागलाई बेवास्ता गरियो भने दक्षिण भारतका केही कट्टरपन्थीले छुट्टै राष्ट्रको मागसमेत उठाउन सक्छन्। र, यो अवस्था आउनु सबैका लागि हानिकारक हुनेछ, किनभने भारत एकताबद्ध रूपमा काम गर्दा मात्रै सबभन्दा प्रभावकारी हुन्छ। उत्तर र दक्षिण एक-अर्काका लागि आवश्यक छन्। युवा जनसंख्यायुक्त उत्तर भारतले औद्योगिक र सामाजिक रूपमा विकसित दक्षिण भारतका लागि श्रमिक आपूर्ति गर्न सक्छ, जसले सबैलाई लाभ पुग्छ।

यो विवाद भारतको एकता गाढा बनाउने अवसर बन्न सक्छ। यो राज्यबिचको पारस्परिक निर्भरता स्विकार्दै समाधान खोज्ने मौका हो। उत्तर र दक्षिणबिचको तनाव कम गर्न सन्तुलन र सहकार्य प्रवर्द्धन गर्ने लक्ष्य हुनुपर्छ। त्यसका लागि भारतलाई दुवै पक्षबाट गहिरो संवाद र परिपक्व नेतृत्व आवश्यक छ।

(थरुर भारतीय राष्ट्रिय कंग्रेसका नेता हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

अमेरिका–चीन व्यापार युद्धले विश्व अर्थतन्त्रमा पार्ने प्रभाव

अहिलेसम्म चीनमा अमेरिकाको कर १४५ प्रतिशत पुगेको छ भने चीनको जवाफी भन्सार शुल्क ८४ प्रतिशत कायम गरिएको छ। यसको प्रभाव पाँच गुणा बढी हुन सक्छ। यसको असर अमेरिकालाई त पर्नेछ नै, चीन पनि अछुतो रहनेछैन।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चिनियाँ सामान आयातमा १४५ प्रतिशतभन्दा बढी कर लगाएपछि चीन र अमेरिकाबिच पूर्णस्तरको व्यापार युद्ध हुने प्रबल सम्भावना छ। चीनले अमेरिकी दबाबको अगाडि आत्मसमर्पण गर्नुको सट्टा 'अन्तसम्म लड्ने' चट्टानी अडान लिएको छ। ह्वाइट हाउसको पछिल्लो कदमको प्रतिक्रियामा अमेरिकी सामानमा ३४ प्रतिशतबाट ८४ प्रतिशतसम्म भन्सार बढाउने बेइजिङले घोषणा गरेको छ। यो बढ्दो व्यापार द्वन्द्वले विश्व अर्थतन्त्रको लागि के अर्थ राख्छ ?



दुई देशले कति गर्छन् व्यापार ?

गत वर्ष दुई आर्थिक शक्तिबिचको सामानको व्यापार करिब ५८५ अर्ब डलर (४२९ अर्ब युरो) पुगेको थियो। तथापि, अमेरिकाले चीनले अमेरिकाबाट आयात गरेको (१४५ अर्ब) भन्दा धेरै चीनबाट (४४० अर्ब डलर) आयात गरेको थियो। जसका कारण सन् २०२४ मा चीनसँग अमेरिकाको व्यापार घाटा २९५ अर्ब डलर रह्यो। यो एक उल्लेखनीय व्यापार घाटा हो, जुन अमेरिकी अर्थतन्त्रको लगभग एक प्रतिशतबराबर हो। तर, यो ट्रम्पले यसै साता दाबी गरेको ४१ ट्रिलियन डलरभन्दा कम हो।

राष्ट्रपतिको रूपमा आफ्नो पहिलो कार्यकालमा ट्रम्पले चीनमा उल्लेख्य कर लगाएका थिए। ती कर कायम राख्दै उनका उत्तराधिकारी जो बाइडेनले केही थपेका थिए, जसका कारण दुई देशबिचको व्यापारमा केही हदसम्म अवरोध भएको थियो। व्यापार अवरोधका कारण चीनबाट आयात गर्ने सामान २०१६ मा अमेरिकाको कुल आयातको २१ प्रतिशत हिस्साबाट घटेर १३ प्रतिशतमा झर्‍यो। तसर्थ, व्यापारिक दृष्टिले चीनमाथिको अमेरिकी निर्भरता विगत एक दशकमा घटेको छ। अमेरिकामा केही चिनियाँ सामानको निर्यात दक्षिणपूर्वी एसियाली देश हुँदै जाने गरेको विश्लेषक बताउँछन्। उदाहरणका लागि, ट्रम्प प्रशासनले २०१८ मा चीनबाट आयात हुने सौर्य प्यानलमा ३० प्रतिशत कर लगाएको थियो। चिनियाँ सौर्य प्यानल निर्माताले आफ्नो एसेम्बली सञ्चालन मलेसिया, थाइल्यान्ड, कम्बोडिया र भियतनामजस्ता राज्यमा सारिसकेका र ती देशबाट सम्पन्न उत्पादन अमेरिका पठाउने गरेको अमेरिकी वाणिज्य मन्त्रालयले २०२३ मा पुष्टि गरेको थियो। चर्को शुल्कबाट बच्न यस्तो कदम चालिएको थियो। ती देशमा लगाइएको नयाँ 'पारस्परिक' ट्रम्प शुल्कले अन्ततः चीनमा उत्पत्ति हुने विभिन्न प्रकारका सामानको अमेरिकी मूल्य बढाउनेछ।

एक-अर्काबाट अमेरिका र चीनले के-के आयात गर्छन् ?

सन् २०२४ मा अमेरिकाबाट चीनमा निर्यात हुने सामानको सबैभन्दा ठुलो क्याटागोरी भटमास थियो। मुख्यतया चीनका अनुमानित ४४ करोड सुँगुरलाई खुवाउन बेइजिङले ठुलो परिमाणमा भटमास आयात गर्छ। अमेरिकाले चीनमा औषधि र पेट्रोलियम पनि पठायो।

अर्कोतर्फ, चीनबाट अमेरिकामा ठुलो मात्रामा इलेक्ट्रोनिक्स, कम्प्युटर र खेलौना निर्यात भए। विद्युतीय सवारी साधनका लागि अत्यावश्यक ब्याट्रीहरूको ठुलो मात्रा पनि अमेरिका निर्यात गरिएको थियो। अमेरिकी आयात (चीनबाट)को सबैभन्दा ठुलो क्याटागोरी स्मार्टफोन हो, जुन कुल उत्पादनको नौ प्रतिशत हो। यी स्मार्टफोनहरूको ठुलो हिस्सा अमेरिकास्थित बहुराष्ट्रिय कम्पनी एप्पलका लागि चीनमा बनाइएको हो। हालैका हप्तामा एप्पलको बजार मूल्यमा गिरावटको मुख्य कारकमध्ये एक चीनमा अमेरिकी कर पनि हो। एप्पल बजारको सेयर मूल्य गत महिनामा २० प्रतिशतले घटेको छ। ट्रम्प प्रशासनले बेइजिङमा पहिले नै लगाएको २० प्रतिशत करका कारण चीनबाट अमेरिकामा आयात गरिएका यी सबै वस्तु पहिले नै अमेरिकीका लागि धेरै महँगो हुने निश्चित थियो।

> अमेरिका र चीनको विश्वव्यापी अर्थतन्त्रमा धेरै ठुलो हिस्सा छ। यदि तिनीहरू पूर्ण व्यापार युद्धमा संलग्न भए र यसले आर्थिक वृद्धिलाई सुस्त बनायो वा मन्दीमा धकेल्यो भने त्यसले विश्वव्यापी वृद्धिलाई मन्द बनाएर अन्य देशको अर्थतन्त्रलाई हानि पुर्‍याउने सम्भावना छ। विश्वव्यापी लगानीमा पनि असर पुग्ने सम्भावना छ। त्यस्तै, अन्य सम्भावित असर पनि छन्।

भन्सारको असर व्यापक

कति देशमा लगाइनेछ कर ?

ट्रम्पको नयाँ शुल्क लगाउन ह्वाइट हाउसले ५७ देश, क्षेत्र र व्यापारिक समूहको सूची जारी गरेको छ। जसका कारण यसको प्रभाव विश्वव्यापी हुने निश्चित छ। ५७ वटा देशबाहेक ट्रम्पले लगभग सबै अन्य अमेरिकी व्यापारिक साझेदारबाट आयातमा १० प्रतिशत कर पनि लगाएका छन्। कर भनेको आयातीत सामान र सेवामा सरकारले लगाउने शुल्क हो, जुन व्यवसायीले तिर्छन्। सामान्यतया स्थानीय उद्योगलाई सुरक्षित गर्नका लागि कर लगाइन्छ।

तीन दिनमा १० ट्रिलियन डलर हानि

ब्लुमबर्गका अनुसार ट्रम्पको कर शुल्कले तीन दिनको बजार घाटाले विश्वव्यापी इक्विटी भ्यालु (कम्पनीको कुल मूल्य)मा लगभग १० ट्रिलियन डलरको क्षति पुर्‍याएको छ। यो विश्वव्यापी कुल गार्हस्थ उत्पादनको लगभग १० प्रतिशत र १५० देशहरूको संयुक्त जिडिपीभन्दा बढी हो।

अमेरिकाका ५०० ठुला सार्वजनिक रूपमा कारोबार हुने कम्पनीको कार्यसम्पादन ट्र्याक गर्ने स्टक बजार सूचकांक एस एन्ड पी ५०० ले १९५० को दशकमा बेन्चमार्कको स्थापनापछि चार दिनमा सबैभन्दा गहिरो घाटा व्यहोरेको जनाएको छ।

सुन, तेल र बिटक्वाइनमा कस्तो असर ?

सेयर बजारबाहेक बढ्दो अनिश्चितताबिच गत हप्ता सुन, कच्चा तेल र बिटक्वाइनको मूल्यमा गिरावट आएको छ। अनिश्चितताको समयमा सामान्यतया सुरक्षित सम्पत्ति मानिने सुनको माग हालैका महिनामा बढेको छ। भन्सार शुल्क घोषणापछि सुनको बजार सुरुमा बढेको थियो, प्रतिऔंस तीन हजार १६७ डलरको उच्चतम स्तरमा पुगेको थियो। यद्यपि, अप्रिल ७ मा यो दुई प्रतिशतले घटेर दुई हजार ९७७ डलरमा पुगेको थियो, जुन मंगलबार थोरै बढेर दुई हजार ९८४ डलरमा पुगेको थियो।

कर घोषणाको प्रारम्भिक प्रतिक्रियामा तेलको मूल्य सात प्रतिशतले घट्यो, त्यसपछि अप्रिल ५ मा थप दुई प्रतिशतले घट्यो। मंगलबारसम्ममा तेल प्रतिब्यारेल ४६० को आसपास स्थिर भएको थियो। त्यसपछि ४५७ भन्दा तल झरेको छ, जुन २०२१ पछिको सबैभन्दा कम हो। नयाँ सरकारको पालामा फस्टाउने अपेक्षा गरिएको बिटक्वाइन पनि गत हप्तामा ओरालो लागेको छ।

अहिलेसम्म चीनमा ट्रम्पको कर १४५ प्रतिशत पुगेको छ भने चीनको जवाफी भन्सार शुल्क ८४ प्रतिशत कायम गरिएको छ। यसको प्रभाव पाँच गुणा बढी हुन सक्छ। यसको असर अमेरिकालाई त पर्नेछ नै, चीन पनि अछुतो रहनेछैन। प्रतिशोधात्मक भन्सार शुल्कका कारण चीनमा हुने अमेरिकी आयात मूल्यमा वृद्धि हुनेछ, जसले अन्ततः चिनियाँ उपभोक्तालाई पनि त्यस्तै असर गर्नेछ। तर, भन्सार शुल्कबाहेक यी दुई देशले व्यापारमार्फत एक-अर्कालाई हानि पुर्‍याउन सक्ने अन्य तरिका पनि छन्। तामा र लिथियमदेखि अन्य दुर्लभ धातुलाई प्रशोधन गर्ने कार्यमा चीनको भूमिका महत्त्वपूर्ण छ। बेइजिङले यी धातुलाई अमेरिका पुग्ने बाटोमा अवरोध खडा गर्न सक्छ। यो उसले पहिले नै दुईवटा सामग्री (जर्मेनियम र ग्यालियम) को हकमा गरिसकेको छ। यी सामग्री सेनाले थर्मल इमेजिङ र राडारमा प्रयोग गर्छ। अमेरिकाको सवालमा भने उसले जो बाइडेनले सुरु गरेको चीनमाथिको प्राविधिक नाकाबन्दीलाई कठोर पार्ने प्रयास गर्न सक्छ, जसले गर्दा चीनलाई कृत्रिम बुद्धिमत्ताजस्ता अनुप्रयोगका लागि महत्त्वपूर्ण उन्नत माइक्रोचिपहरू आयात गर्न कठिन हुनेछ। यसले यस्ता माइक्रोचिप अझै पनि आफैं उत्पादन गर्न सक्दैन। अमेरिकाले कम्बोडिया, मेक्सिको र भियतनामलगायत अन्य देशलाई चीनसँग व्यापार नगर्न दबाब दिन सक्ने डोनाल्ड ट्रम्पका व्यापार सल्लाहकार पिटर नभारोले यस साता संकेत गरेका छन्।

यसले अन्य देशलाई कस्तो असर गर्छ ?

अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार अमेरिका र चीनको विश्वव्यापी अर्थतन्त्रमा धेरै ठुलो हिस्सा छ। यदि तिनीहरू पूर्ण व्यापार युद्धमा संलग्न भए र यसले आर्थिक वृद्धिलाई सुस्त बनायो वा मन्दीमा धकेल्यो भने त्यसले विश्वव्यापी वृद्धिलाई सुस्त बनाएर अन्य देशको अर्थतन्त्रलाई हानि पुर्‍याउने सम्भावना छ। विश्वव्यापी लगानीमा पनि असर पुग्ने सम्भावना छ। त्यस्तै, अन्य सम्भावित असर पनि छन्।

चीन विश्वको सबैभन्दा ठुलो उत्पादक राष्ट्र हो। यसले आफ्नो जनसंख्याले घरेलु खपत गर्नेभन्दा धेरै उत्पादन गरिरहेको छ। यसले आयात गर्नेभन्दा बाँकी विश्वमा बढी सामान निर्यात गरिरहेको छ। उसले प्रायः घरेलु अनुदान र राज्यको वित्तीय सहयोगमा (जस्तै सस्तो ऋण) उत्पादनको वास्तविक लागतभन्दा कममा ती सामान उत्पादन गरिरहेको छ। स्टिल यसको उदाहरण हो। यदि त्यस्ता उत्पादन अमेरिकामा प्रवेश गर्न असमर्थ भए भने चिनियाँ फर्महरूले तिनीहरूलाई विदेशमा 'डम्प' गर्न सक्ने जोखिम छ। यो केही उपभोक्ताका लागि लाभदायक हुन सक्छ।

अन्त्यमा चीन-अमेरिका व्यापार युद्धको प्रभाव विश्वव्यापी रूपमा महसुस गरिनेछ, धेरैजसो अर्थशास्त्रीले यो प्रभाव अत्यधिक नकारात्मक हुने अनुमान गरेका छन्।

(बिबिसी र अल जजिराबाट)

इतिहासमा आज

अप्रिल ११



सन् १९७९ : युगान्डाको विद्रोही फौजसँगको समन्वयमा तान्जानियाली सेनाले युगान्डाको राजधानी कब्जा गरेसँगै आठ वर्षदेखि युगान्डामा शासन गरिरहेका तानाशाह इदी अमिन देश छाडेर भागे।

● **सन् १८१४** : 'छैटौं गठबन्धन'सँगको युद्ध हारेपछि भएको 'फोनटेनब्लु सम्झौता'अनुरूप नेपोलियन फ्रान्सको शासकबाट हटाइँदै भूमध्यसागरमा अवस्थित एल्बा टापुमा निर्वासनमा पठाइए।

● **सन् १९०९** : यहुदीहरूको एक समूहले 'जेविस नेसनल फन्ड'को आर्थिक सहायतामा प्यालेस्टाइनको जाफानजिक जमिन किनेर 'तेल अभिभ' सहरको जग बसाए।

● **सन् १९५५** : बम्बईबाट हङकङ हुँदै इन्डोनेसिया जाँदै गरेको एयर इन्डियाको चार्टर्ड विमानमा बम विस्फोट हुँदा १६ को मृत्यु भयो। विमानमा भारतको भ्रमण रहेका चिनियाँ प्रधानमन्त्री झाउ एन लाई उड्ने पूर्वतालिका भएकाले ताइबानी जासुसले बम राखेका थिए। तर, चाउको यात्रा रुट परिवर्तन हुँदा अर्कै विमानमा सवार भएका थिए।

● **सन् १९६१** : पूर्वशीर्ष नाजी अधिकारी एडोल्फ आइचम्यानविरुद्ध इजरायलमा युद्ध अपराधको मुद्दामा सुनुवाइ सुरु भयो।

● **सन् २००२** : तत्कालीन भेनेजुएलाका राष्ट्रपति ह्युगो चाभेजविरुद्ध सेनाको एक समूहद्वारा कुको प्रयास।

● **सन् २०१५** : बाराक ओबामा र राउल क्यास्ट्रोबिच पनामा भेट, जुन क्युबाली क्रान्तिपछि क्युबाली सरकार प्रमुख र अमेरिकी राष्ट्रपतिबिचको पहिलो भेटवार्ता थियो।

● **सन् २०१९** : ठुलो विरोधबिच सुडानी सेनाले देशमा २९ वर्षदेखि शासन गरिरहेका राष्ट्रपति ओमार अल-बसारलाई अपदस्थ गर्दै पक्राउ गर्‍यो।

● **सन् २०१९** : इक्वेडरले शरणको हैसित खारेज गरेपछि सात वर्षदेखि उसको लन्डनस्थित दूतावासमा बसिरहेका विकिलिक्सका संस्थापक जुलियन असान्जलाई बलजफ्ती पक्राउ गरियो।

विश्व संक्षेप

जेलेन्स्कीको भनाइको बेइजिङद्वारा आलोचना

बेइजिङ / युक्रेनी सेनाले पूर्वी डोनेत्स्क क्षेत्रमा रुसी पक्षबाट लडिरहेका दुई चिनियाँ सैनिकलाई पक्राउ गरेको दाबी गरेको एक दिनपछि रुसी सेनामा काम गरिरहेका एक सय ५५ चिनियाँ नागरिकको विवरण रहेको युक्रेनले दाबी गरेको छ। युक्रेनी राष्ट्रपति भ्लोदिमिर जेलेन्स्कीले बिहीबार बेइजिङलाई आफ्ना नागरिक रुसी पक्षबाट लडेकोबारे थाहा भएको आरोप लगाए।


बिहीबार जेलेन्स्कीको भनाइबारे सोधिएको प्रश्नमा बेइजिङको विदेश मन्त्रालयले 'सम्बन्धित पक्षलाई' 'गैरजिम्मेवारपूर्ण टिप्पणी व्यक्त गर्नबाट टाढा रहन' भन्यो। 'हामी सम्बन्धित पक्षलाई चीनको भूमिका के हो स्पष्ट रूपमा पहिचान गर्न सल्लाह दिन्छौं,' मन्त्रालयका प्रवक्ता लिन जियानले नियमित समाचार ब्रिफिङमा जेलेन्स्कीको नाम उल्लेख नगरी भने। 'चीन-युक्रेन संकटको निर्माता वा कुनै पक्ष राष्ट्र होइन। हामी शान्तिपूर्ण समाधानका कट्टर समर्थक र सक्रिय प्रवर्द्धनकर्ता हौं,' जियानले भने।

नाइट क्लब दुर्घटनामा मृत्यु हुनेको संख्या २१८ पुग्यो

स्यान्टो डोमिंगो / डोमेनिकन रिपब्लिकमा गायक रुबी पेरेजको 'जेट सेट नाइटक्लब'मा कन्सर्ट भइरहँदा क्लबको छत खस्दा मृत्यु हुनेको संख्या २१८ पुगेको छ। प्रख्यात डोमिनिकन गायक पेरेजले मञ्चमा गाइरहेको अवस्थामा मंगलबार मध्यरातमा छत भत्किँदा परेजका प्रबन्धकको समेत मृत्यु भएको थियो। यसअघि बुधबार दिइएको जानकारीमा करिब सयजनाको मृत्यु भएको जनाइएको थियो। उक्त घटनापछि कार्यक्रमस्थलमा फसेका कम्तीमा २०० जनाको उद्धार गरिएको थियो। दर्जनौं मानिस आफैं सुरक्षित स्थलमा भाग्न सफल भएका थिए।

स्थानीय मिडियाका अनुसार दुर्घटना हुँदा क्लबमा पाँच सयदेखि एक हजार मानिस थिए। मृतकमा ५१ वर्षीय अमेरिकी चर्चित मेजर लिग बेसबल (एमएलबी)का पूर्वखेलाडी अक्टाभियो डोटेल र मोन्टे क्रिस्टी नगरपालिकाका गभर्नर नेलसी क्रुजसमेत रहेको जनाइएको छ।

चीनमा विकराल बन्दै विवाह संकट



● यी फुक्सियान



> चीनको द्रुत गतिमा घट्दो प्रजनन दर यति चिन्ताजनक अवस्थामा पुगेको छ कि चिनियाँ प्रधानमन्त्री ली छ्याङले हालै जन्मदर बढाउने नयाँ नीति घोषणा गरेका छन्। तर, विगत डेढ दशकमा विवाह घटेकाले चीनको प्रजनन दर बढाउने एजेन्डा अनिवार्य रूपमा असफल हुने देखिन्छ।

गत वर्ष चीनमा नयाँ विवाह पाँच भागको एक भागले घटेको तथ्यांक बाहिरिएको छ। यसको प्रत्यक्ष असर जन्मदरमा पर्नेछ। एक अनुमान अनुसार चीनमा सन् २०२४ मा ९५.४ लाख नयाँ जन्म रेकर्ड भएकोमा सन् २०२५ मा घटेर ७३ देखि ७८ लाख पुग्ने प्रक्षेपण गरिएको छ। चीनको जनसंख्याले विश्व जनसंख्याको १७.२ प्रतिशत प्रतिनिधित्व गर्छ। जबकि घट्दै गएको जन्मदरका कारण त्यहाँ हुने जन्म विश्वका कुल जन्मको ६ प्रतिशतभन्दा कम हिस्सा ओगट्ने अवस्थामा पुगेको छ, जुन अफ्रिकी मुलुक नाइजेरियाको हाराहारी हो।

यसबाहेक, सन् २०२५ मा चीनको प्रजनन दर प्रतिमहिला ०.९ मा झर्ने अपेक्षा गरिएको छ। जबकि, जनसंख्या स्थिर राख्नसमेत २.१ जन्म मानक मानिन्छ, जसलाई प्रतिस्थापन दर भनिन्छ। यो सरकारी अधिकारीले सन् २०१६ मा अनुमान प्रक्षेपण गरेकोभन्दा आधा मात्र हो। यो निकै चिन्ताजनक जनसांख्यिकीय वास्तविकता हो। नयाँ चुनौतीपूर्ण परिदृश्यबिच चिनियाँ प्रधानमन्त्री ली छ्याङले नयाँ नीति ल्याउने घोषणा गरेका छन्। तर, जन्मदर वृद्धि प्रयासलाई विवाह संकटले धेरै कमजोर बनाउनेछ।

चीनमा हुने विवाह सन् २०१३ मा एक करोड ३४ लाख ७० हजार जोडीबाट घटेर सन् २०२४ मा ६१ लाख १० हजार पुगेको छ। यसमा शून्य-कोभिड नीति लागू भएको अवधिमा केही उतारचढाव देखिएको थियो। त्यसैगरी, समग्र विवाह दर पनि सोही अवधिमा प्रतिएक हजार मानिसमा ९.९ बाट घटेर ४.३ पुगेको छ। जबकि, यो दर ताइबानमा हजारमा ५.४ र संयुक्त राज्य अमेरिकामा ६.१ (२०२३) थियो।

आखिर यो किन भइरहेको छ ? दुर्भाग्यवश चिनियाँ नेतृत्वले यसमा धेरै कारण देख्ने गरेको छ। प्रमुख कारकमा चीनको बच्चा जन्माउने उमेरको जनसंख्यामा निरन्तर गिरावट, जीवनशैलीमा आएको परिवर्तन, हाल खारेज भएको बच्चा नीतिको दीर्घकालीन प्रभाव, पुरुषहरूको निरन्तर अत्यधिक आपूर्ति र उच्च युवा बेरोजगारीलाई मान्ने गरिएको छ।

सन् २०२० को जनगणनाअनुसार चीनमा जन्मिएका कुल नयाँ बालबालिकामध्ये ६१ प्रतिशत बच्चा २०-३० वर्ष उमेर समूहका महिलाबाट जन्मिएका थिए। तर, यस समूहमा महिलाको संख्या सन् २०१२ मा ११ करोड १० लाखबाट घटेर सन् २०२४ मा सात करोड ३० लाख पुगेको छ। सन् २०५० सम्ममा यो उमेर समूहको संख्या तीन करोड ७० लाख हुने प्रक्षेपण गरिएको छ। जन्म दिने आमाकै संख्या घट्यो र पछि प्रजनन दर केही हदसम्म बढ्यो भने पनि जन्मसंख्या घट्दै जानेछ।

चीनमा दशकौंदेखि छोरी भएको थाहा पाए गर्भपतन गर्ने प्रवृत्ति रह्यो। यसले अहिले दुलहीको अभाव निम्त्याएको छ। एकातर्फ कुल जनसंख्यामा पुरुषको तुलनामा महिलाको जनसंख्या कमी छ भने अर्कोतर्फ एकल छोरी सन्तानका अभिभावकले तिनको छोरीको विवाहभन्दा शिक्षा र आर्थिक स्वतन्त्रतालाई प्राथमिकता दिने हुँदा विवाहमा थप असर पर्ने गरेको छ। चीनमा २५-२९ वर्ष उमेर समूहका अविवाहित महिलाको अनुपात सन् २००० मा नौ प्रतिशत थियो भने सन् २०२० मा ३३ प्रतिशत र सन् २०२३ मा ४३ प्रतिशत पुगेको छ। यो प्रवृत्ति तीव्र गतिमा बढिरहेको छ।

चीनले सन् १९८० मा एक बच्चा नीति लागू गर्दा यसले विवाहमा अवरोध मात्र बढाएन, सम्बन्धविच्छेदलाई पनि सजिलो बनाइदियो। यसले संकट अझ बढ्यो। सम्बन्धविच्छेद दर सन् १९८० मा प्रतिएक हजारमा ०.३ बाट बढेर सन् २०१९ मा ३.४ पुगेको छ। पछिल्लो समय चीनले सन् २०२१ मा बेलायत र फ्रान्सको उदाहरण पछ्याउँदै सम्बन्धविच्छेदका लागि ३०-दिनको 'कुलिङ-अफ' अवधि आवश्यक पर्ने नयाँ नागरिक संहिता लागू गर्‍यो। तर, यसले सम्बन्धविच्छेद दरलाई प्रतिएक हजारमा दुईमा घटाए पनि, सन् २०२३ सम्ममा यो २.६ मा पुनः बढेको देखियो। जुन जापानको दर (१.५) भन्दा धेरै उच्च हो।

विश्वभरका लगभग दुईतिहाइ बच्चा ३० वर्ष र सोभन्दा कम उमेरका महिलाबाट जन्मिन्छन्। सन् २०२१ मा पहिलो जन्ममा आमाहरूको औसत उमेर संयुक्त राज्य अमेरिकामा २७, मेक्सिकोमा २७ र भारतमा केवल २१ थियो। तुलनात्मक रूपमा चिनियाँ महिलाको पहिलो जन्ममा औसत उमेर सन् २००० मा २५ बाट बढेर सन् २०२० मा २८ पुगेको छ, जसमा पछिल्ला वर्षमा थप द्रुत वृद्धि देखिएको छ। सांघाईमा यो सन् २०१९ मा ३० बाट बढेर सन् २०२४ मा ३२ पुगेको छ। अझ निराशाजनक कुरा चीनमा समग्र बाँझोपन दर सन् १९७० को दशकमा १-२ प्रतिशत थियो भने यो बढेर सन् २०२० मा १८ प्रतिशत पुगेको छ। विवाहपछि वा आफ्नो पहिलो बच्चा जन्माएपछि धेरैभन्दा धेरै मानिस बाँझोपनको सिकार भइरहेका छन्।

अन्तर्राष्ट्रियस्तरमा विवाहका लागि कानुनी न्यूनतम उमेर सामान्यतया १६ र १८ वर्षको बिचमा हुन्छ। तर, चीनमा सन् १९८० मा विवाह गर्ने पुरुषहरूको उमेर २२ र महिलाका लागि २० वर्ष तोकियो। लामो अभ्यासले मानिस ढिलो विवाह गर्न र बच्चा जन्माउन यति अभ्यस्त भइसकेका छन् कि अब १८ वर्ष उमेर घटाए पनि प्रजनन दर बढाउन सकिँदैन।

अविवाहित व्यक्तिहरूको बढ्दो अनुपातजस्तै व्यापकस्तरमा ढिलो विवाह र बच्चा जन्माउने प्रवृत्ति खासमा सरकारको प्रतिभा लाभांश र 'नयाँ गुणस्तरीय उत्पादक शक्तिहरू'को खोजी गर्ने नीतिको परिणाम हो। निश्चित रूपमा यी नीतिले स्नातक र स्नातकोत्तर तहमा भर्ना हुने दर बढाउन सघाएको छ। जस्तो, सन् २००० मा क्रमशः २२.१ लाख र एक लाख २९ हजारबाट बढेर एक करोड ६.९ लाख (यस वर्षको जन्मभन्दा धेरै बढी) र सन् २०२४ मा १३.६ लाख पुगेको छ। यसबिच चीनको विश्वविद्यालय तहमा हुने भर्ना दरले जापानलाई उछिनेको छ। यस तथ्यांकले चीनको प्रजनन दर जापानको हालको १.१५ मा स्थिर हुन कठिन हुने संकेत गर्छ।

के चीन सरकारले आफ्नो आर्थिक महत्त्वाकांक्षा र जनसांख्यिकीय वास्तविकताबिचको विरोधाभास समाधान गर्न सक्छ ? विगतका प्रयासलाई हेर्दा कसैले पनि सटिक रूपमा भन्न सक्दैन।

(विस्कन्सिन-म्याडिसन विश्वविद्यालयका वरिष्ठ वैज्ञानिक फुक्सियानले विगतमा चीनमा लागू 'एक-बच्चा नीति'विरुद्धको आन्दोलनको नेतृत्व गरेका थिए।)

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार २९ चैत ०८१

आठ महिनामा सामाजिक सञ्जालको अडियो-भिडियोबाट भित्रियो सवा दुई अर्ब

तोकिएका मापदण्ड पुगेपछि युट्युब, टिकटक, फेसबुकलगायतका सामाजिक सञ्जालका खाता 'मोनिटाइज' हुन्छन्, सम्बन्धित खातामा राखिने अडियो-भिडियोमा देखिने विज्ञापन र त्यसको भ्युजका आधारमा मासिक ३५ करोडसम्म आम्दानी

मिलन विश्वकर्मा/नयाँ पत्रिका



युट्युब, फेसबुक, टिकटकलगायतका सामाजिक सञ्जालसहित अडियो-भिडियो सर्भिसबाट चालू आर्थिक वर्ष ०८१/८२ को पहिलो आठ महिनामा सवा दुई अर्ब रुपैयाँबराबरको विदेशी मुद्रा नेपालमा भित्रिएको छ। नेपाल राष्ट्र बैंकले चालू आवबाट सामाजिक सञ्जाल, अडियो भिडियो सर्भिसलगायतबाट नेपाल भित्रिएको रकमको पनि अभिलेख राख्न सुरु गरको हो। राष्ट्र बैंकको पछिल्लो तथ्यांकले साउनदेखि फागुनसम्म दुई अर्ब २३ करोड ७५ लाख रुपैयाँ यस्तो माध्यमबाट नेपाल भित्रिएको देखिएको छ। नेपालमा पहिलादेखि नै यस्तो माध्यमबाट विदेशी मुद्रा भित्रिने गरेको भए पनि त्यससम्बन्धी छुट्टै अभिलेख नभएका कारण यकिन तथ्यांक हुने गरेको थिएन।

नेपाल राष्ट्र बैंकका कायममुकायम निर्देशक वीरेन्द्रबहादुर बुढाले अडियो-भिडियोसम्बन्धी सेवाबाट आठ महिनामा दुई अर्ब २३ करोड ७५ लाख रुपैयाँ विदेशी मुद्रा नेपाल भित्रिएको बताए। 'त्यसमा अधिकांश युट्युब, फेसबुक, टिकटकलगायतका सामाजिक सञ्जालबाट आउने रकम रहेको छ, यससम्बन्धी तथ्यांकलाई अझै परिष्कृत गर्नुपर्नेछ।'

तोकिएका विभिन्न मापदण्ड पुगेपछि युट्युब च्यानल, टिकटक, फेसबुकलगायतका सामाजिक सञ्जालका खाता 'मोनिटाइज' हुन्छन्। त्यसपछि सम्बन्धित खातामा राखिने अडियो-भिडियोमा देखिने विज्ञापन र त्यसको भ्युजका आधारमा निश्चित रकम आम्दानी हुन्छ। यसैगरी फेसबुक, टिकटकमा एक प्रयोगकर्ताले अर्को प्रयोगकर्तालाई दिइने गिफ्ट तथा स्टारका आधारमा पैसा पनि आउँछ। युट्युबजस्ता सामाजिक सञ्जाल सञ्चालन गर्ने कम्पनीले विज्ञापन परिचालन गरिरहेका हुन्छन्। त्यो विज्ञापन परिचालन गरिदिएबापत खातावाला उनीहरूले निश्चित रकम दिन्छन्। त्यसरी कमाइने पैसा बैंकिङ च्यानलमार्फत भित्रिन्छ। हरेक महिना यसबापतको रकम खातावालाको बैंक खातामा आउँछ।

पछिल्लो समय नेपालमा विभिन्न प्रकृतिका भिडियो कन्टेन्ट राख्ने प्रवृत्ति बढ्दै गएको छ। फिल्म, म्युजिक भिडियो, भिडियो अन्तर्वार्ता, समाचारलगायतका कन्टेन्ट पनि युट्युबमा राखिन्छ। त्यसमा एडसेन्समार्फत भिडियोमा देखिएको विज्ञापनले आम्दानी गर्न सकिन्छ। यसैगरी टिकटक, फेसबुकमा 'लाइभ' बस्ने प्रयोगकर्ता पनि बढ्दै छन्। त्यसरी बसिने लाइभमा अरू प्रयोगकर्ताले गिफ्ट तथा स्टार दिन सक्छन्, त्यसबाट लाइभ बस्ने प्रयोगकर्ताले पैसा कमाउन सक्छ। यस्तो अभ्यास नेपालमा पनि बढ्दै गएको छ। कैयौं प्रयोगकर्ताले यसमार्फत आम्दानी गर्दै आएका छन्।

नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नरबहादुर थापाले यसलाई सकारात्मक रूपमा लिनुपर्ने बताए। 'कुनै पनि माध्यमबाट आम्दानी गरिने विदेशी मुद्रा बैंकिङ च्यानलबाट भित्रिन्छ भने त्यसलाई सकारात्मक रूपमा लिनुपर्छ, यसलाई अन्यथा लिनुहुन्न। यसले सम्बन्धित व्यक्तिको आर्थिकस्थिति पनि बलियो हुन्छ,' उनले भने, 'तर, यसलाई प्राथमिकतामा भने राख्नुहुन्न। सबै मानिस ल्यापटप र मोबाइल लिएर त्यसबाटै पैसा कमाउन थाले भने गर्नुपर्ने काम कसले गर्ने ? पहिलो कुरा हामी उत्पादन प्रणालीमै जोडिनुपर्छ। तसर्थ, सामाजिक सञ्जालबाट हुने आम्दानीलाई प्राथमिकतामा भने राख्नुहुँदैन। यसलाई यथास्थितिमा खुला छाड्नुपर्छ। सरकारले मानिसलाई उत्पादन प्रणालीमै जोडिन प्रोत्साहन गर्नुपर्छ। निर्यात, पर्यटन, विदेशी लगानीलगायतका माध्यमबाटै विदेशी मुद्रा भित्र्याउन जोड दिनुपर्छ।'



नेपाल राष्ट्र बैंकका कामु निर्देशक वीरेन्द्रबहादुर बुढा भन्छन्-

अडियो-भिडियोसम्बन्धी सेवाबाट आठ महिनामा सवा दुई अर्ब रुपैयाँ विदेशी मुद्रा भित्रिएको छ। त्यसमा अधिकांश युट्युब, फेसबुक, टिकटकलगायतका सामाजिक सञ्जालबाट आउने रकम रहेको छ, यससम्बन्धी तथ्यांकलाई अझै परिष्कृत गर्नुपर्नेछ।



नेपाल प्रहरीका प्रवक्ता दिनेशकुमार आचार्य भन्छन्-

डलर कमाउने लोभमा कतिपयले अपलोड गर्ने अश्लील कन्टेन्ट युट्युबलगायतका सामाजिक सञ्जाल आफैंले पनि ब्लक गर्छ। कसैले गुनासो गरेको अवस्थामा नेपाल प्रहरीको साइबर ब्युरोमार्फत कारबाही अघि बढाइन्छ। त्यसरी आउने उजुरीमा हामीले साइबर ब्युरोमार्फत आवश्यक कारबाही गर्दै आएका छौं।



■ तर, डलर कमाउने नाममा विकृति पनि

राष्ट्र बैंकको तथ्यांकअनुसार नेपालमा सामाजिक सञ्जालबाट गरिने आम्दानी बढ्दै गएको छ। यस्तो रकम नेपालमा डलरमै भित्रिन्छ। प्रयोगकर्ताले त्यसलाई नेपाली रुपैयाँमा रूपान्तरण गरेर आफ्नो बैंक खातामा जम्मा गर्छन्। तर, पैसा कमाउने नाममा सामाजिक सञ्जाल विकृति पनि देखिने गरेका छन्। भ्युजका लागि तथ्य तोडमोड गरेर कन्टेन्ट बनाउने, अस्वाभाविक कन्टेन्ट प्रकाशित गर्ने, मासिनको व्यक्तिगत गोपनीयतासम्बन्धी विवरण सार्वजनिक गर्नेलगायतका प्रवृत्ति पनि मौलाइरहेका छन्। त्यसलाई नियन्त्रण गर्न आवश्यक रहेको विज्ञहरू बताउँछन्। अहिले सामाजिक सञ्जालसम्बन्धी विधेयक संसद्मा विचाराधीन छ। त्यसमार्फत पनि सामाजिक सञ्जालमा हुने यस्ता गलत प्रवृत्तिलाई नियन्त्रण गर्नुपर्ने नेपाल प्रहरीका प्रवक्ता दिनेशकुमार आचार्यले बताए। यस्ता गलत प्रवृत्तिलाई साइबर ब्युरोमार्फत नियन्त्रण गर्ने गरेको उनले जानकारी दिए। 'अश्लीललगायतका कतिपय कन्टेन्ट युट्युबलगायतका सामाजिक सञ्जाल आफैंले पनि ब्लक गर्छ। कसैले गुनासो गरेको अवस्थामा नेपाल प्रहरीको साइबर ब्युरोमार्फत कारबाही अघि बढाइन्छ। त्यसरी आउने उजुरीमा हामीले साइबर ब्युरोमार्फत आवश्यक कारबाही गर्दै आएका छौं,' उनले भने, 'तर, कतिपय अवस्थामा नेपालभन्दा बाहिरको लोकेसनमा बसेर पनि सामाजिक सञ्जालमा कन्टेन्ट राखिएको पाइन्छ। त्यसलाई नियन्त्रण गर्न भने हामीलाई गाह्रो भइरहेको अवस्था छ।'

■ मासिक ३५ करोड रुपैयाँसम्म आम्दानी

सामाजिक सञ्जालबाट महिनामा ३५ करोड रुपैयाँसम्म नेपाल भित्रिएको देखिन्छ। यो वर्ष पुस महिनामा ३४ करोड ९८ लाख भित्रिएको छ। जुन अन्य महिनाको तुलनामा बढी हो। समीक्षा वर्षमा साउनमा २३ करोड आठ लाख रुपैयाँ, भदौमा २६ करोड ८९ लाख रुपैयाँ, असोजमा २७ करोड १८ लाख रुपैयाँ, कात्तिकमा २६ करोड १५ लाख रुपैयाँ र मंसिरमा ३० करोड ८० लाख रुपैयाँ रकम नेपाल भित्रिएको छ। यसैगरी, माघमा २९ करोड १९ लाख रुपैयाँ र फागुनमा २५ करोड ४७ लाख रुपैयाँ रकम यसमार्फत भित्रिएको तथ्यांकमा उल्लेख छ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र
ठिमी, भक्तपुर

बोलपत्र स्वीकृती गर्ने आशय सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८१/१२/२९

यस केन्द्रको लागि आवश्यक Centrifuge Tube खरिद गर्न राष्ट्रियस्तरको बोलपत्र आह्वान सम्बन्धी सूचना बमोजिम विद्युतीय माध्यमबाट प्राप्त हुन आएको बोलपत्रमध्ये न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही तपशिल बमोजिमको बोलपत्र स्वीकृतीका लागि छनौट गरिएकोले सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ कुनै दावि बिरोध भए सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र यस केन्द्रमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

Contract Identification No	Discription	Bidders Name and Address	Bid Amount With VAT
08:NTCC/G/NCB/04/2081-82	Centrifuge Tube	Om Medical & Surgical Suppliers Pvt. Ltd. Kathmandu	3094787.50

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

तपशिलमा उल्लिखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना
(प्रकाशित मिति २०८१/१२/२९

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाण्डौं नेपाल पोष्ट बक्स नं ३७१२
फोन नं: ५३२८२२९, ५३४२५३०
इमेल: info@nimb.com.np
वेवसाइट: www.nimb.com.np

तपशिलमा उल्लिखित ऋणीहरुले यस नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.(साविक नेपाल ईन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)बाट उपभोग गर्नुभएको कर्जा समय-समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरिकाले गर्दा समेत कर्जाहरुको साँवा, ब्याज, किस्ता र हर्जाना लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ। अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी/प्रोपाइटर/शेयरधनि/संचालक/साझेदार तथा व्यक्तिगत जमानीकर्ताहरु/धितो सुरक्षणदाताले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चलअचल सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको सम्पत्ति लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानावाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

क्र.सं.	ऋणी/प्रोपाइटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण	क्र.सं.	ऋणी/प्रोपाइटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण
१.	**ऋणी : जय माँ दुर्गा सेल (आवधिक कर्जा) -शाखा कार्यालय लबिपुर,** प्रा.फा.र.नं. : २१८०९/०६४, ठेगाना : विराटनगर १४, मोरङ्ग **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. जय श्री देवी साह हलुवाई -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ८०१, मिति २०४६/०२/३२ मा जि.प्र.का. मोरङ्गबाट जारी भएको) पति : महेन्द्र प्रसाद साह हलुवाई, ससुरा : गणेश प्रसाद साह **२. महेन्द्र प्रसाद साह हलुवाई -जमानीकर्ता** (ना.प्र.नं. २०१२, मिति २०३७/०३/१४ मा जि.प्र.का.मोरङ्गबाट जारी भएको), बाबु: गणेश प्रसाद साह, बाजे: प्रमेश्वर साह **३. अनिल साह -जमानीकर्ता** (ना.प्र.नं. ७५३४८, मिति २०६०/०३/०८ मा जि.प्र.का. मोरङ्गबाट जारी भएको), बाबु: महेन्द्र प्रसाद साह हलुवाई, बाजे: गणेश प्रसाद साह **४.कुन्दन कुमार साह -जमानीकर्ता** (ना.प्र.नं.०५१०६६/७९८३, मिति २०६८/०२/२६ मा जि.प्र.का. मोरङ्गबाट जारी भएको) बाबु: महेन्द्र प्रसाद साह हलुवाई, बाजे : गणेश प्रसाद साह **५. मनोज साह -जमानीकर्ता** (ना.प्र.नं. ७५१९८, मिति २०६०/०३/०३ मा जि.प्र.का. मोरङ्गबाट जारी भएको) बाबु : महेन्द्र प्रसाद साह हलुवाई, बाजे : गणेश प्रसाद साह	२.	**ऋणी : मान बहादुर तामाङ (घर कर्जा) -शाखा कार्यालय कमलादी,** (ना.प्र.नं. ६२०११, मिति २०५६/०५/१४, मा जि.प्र.का. नुवाकोटबाट जारी भएको), ठेगाना : बुढाडाँड ०३, नुवाकोट बाबु : दल बहादुर तामाङ, बाजे : सेल्कर तामाङ **व्यक्तिगत जमानीकर्ता :** **चतुर तामाङनी** (ना.प्र.नं. ८२९२, मिति २०४५/०२/०६ मा जि.प्र.का.नुवाकोटबाट जारी भएको), पति : दल बहादुर तामाङ, ससुरा : सेल्कर तामाङ

नेपाल र भारतका भन्सार अधिकारीबिच काठमाडौंमा वार्ता सुरु

काठमाडौं/ नेपाल र भारतबिचको वैदेशिक व्यापारलाई थप सहज एवं सरल बनाउनुका साथै अवैध व्यापार तथा राजस्व चुहावट नियन्त्रणमा केन्द्रित रहेर दुई देशका भन्सार अधिकारीबिच काठमाडौंमा वार्ता सुरु भएको छ।

वार्तामा दुई देशका भन्सार कार्यालयबिचमा निर्यात व्यापारसँग सम्बन्धित प्रारम्भिक सूचना अग्रिम रूपमा उपलब्ध गराउने, तेस्रो मुलुकबाट भारतको बाटो हुँदै नेपाल आउने तथा नेपालबाट भारतको बाटो हुँदै तेस्रो मुलुकसम्म निकासी हुने मालवस्तु बोकेका मालवाहक कन्टेनरमा विद्युतीय कार्गो ट्र्याकिङ प्रणाली लागू गर्ने विषयमा छलफल हुने भन्सार विभागका सूचना अधिकारी नारायणप्रसाद रेग्मीले बताए।

उनका अनुसार आयात-निर्यात हुने मालवस्तुको गुणस्तर परीक्षणका लागि सीमानाकामा गुणस्तर तथा क्वारेन्टिन चेकजाँच प्रणालीलाई थप सुदृढ गर्नेलगायतका विषयमा पनि छलफल हुनेछ। त्यस्तै नेपालले लागू गरेको राष्ट्रिय एकद्वार प्रणालीमार्फत विद्युतीय रूपमा जारी हुने उत्पत्तिको प्रमाणपत्रलाई भारतले मान्यता दिनुपर्ने उनले बताए।

सरकार निजी क्षेत्रसँग साझेदार भएर काम गर्न प्रतिबद्ध : प्रधानमन्त्री



नयाँ पत्रिका

प्रधानमन्त्री केपी ओलीले वर्तमान सरकार निजी क्षेत्रसँग साझेदारी भएर काम गर्न पूर्ण प्रतिबद्ध रहेको बताएका छन्। बिहीबार नेपाल उद्योग वाणिज्य महासंघको ५९औं वार्षिक साधारणसभा तथा उद्योग दिवस २०८१ कार्यक्रममा प्रधानमन्त्री ओलीले देशभित्र लगानीको वातावरण सुधार गर्न विभिन्न कानुनमा महत्त्वपूर्ण परिवर्तन गरिएको बताए। कानुनी सुधारको उद्देश्य पारदर्शिता बढाउने, प्रक्रियागत झन्झट कम गर्ने र लगानीकर्ताको विश्वास बढाउने रहेको उनको भनाइ थियो।

सरकारका उच्चपदस्थको सहभागीलाई देखाउँदै प्रधानमन्त्री ओलीले निजी क्षेत्र र अर्थतन्त्र जहिल्यै सरकारको प्राथमिकतामा रहेको बताए। 'यस्ता कार्यक्रममा प्रधानमन्त्रीसहित यति धेरै मन्त्रीहरू आउने गरेका छैनन्,' उनले भने, 'सरकारले निजी क्षेत्रलाई यति महत्त्व दिएको छ, यति धेरै प्रोत्साहित गरिएको छ।' प्रधानमन्त्री ओलीले निजी क्षेत्रका सुझावलाई सरकारले गम्भीरतापूर्वक लिएको र तदनुरूप नीतिगत सुधार गर्दै देशमा लगानीमैत्री वातावरण सिर्जना गर्दै गइरहेको बताए।

महासंघ अध्यक्ष चन्द्रप्रसाद ढकालले आर्थिक समृद्धि र विकासको नेतृत्व निजी क्षेत्रले गर्नुपर्ने बताएका छन्। उनले सरकारले अघि सारेको समृद्धिको लक्ष्य पूरा गर्न निजी क्षेत्रले निर्बाध रूपमा काम गर्न पाउने विषय पहिलो प्राथमिकता हुनुपर्ने बताए। अर्थतन्त्र, विकास र समृद्धिमा राजनीतिक दलहरूले साझा धारणा बनाउनुपर्नेमा पनि उनले जोड दिए। उनले भने, 'अर्थतन्त्रलाई कुनै पनि वादले बिथोल्नुहुँदैन, यसलाई सबैभन्दा माथि राखिनुपर्छ।'

उनले देशमा ८६ प्रतिशत रोजगारी सिर्जना गरेको, ८० प्रतिशतभन्दा बढी प्रत्यक्ष र अप्रत्यक्ष राजस्वमा योगदान गरेको र ८१ प्रतिशत हिस्सा लगानी रहेको निजी क्षेत्र अझै सम्मानित हुन नसकेकोमा गुनासो पोखे। उनले भने, 'हामीले सुरक्षाको विषय उठाएका हौं, सम्मानको विषय उठाएका हौं, मर्यादाक्रमको विषय उठाएका हौं, यसमा राज्यको कुनै लगानी हुँदैन। मात्र सद्भाव चाहिएको हो।' महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले सरकारले निजी क्षेत्रलाई साक्षीका रूपमा मात्र नभई सहयात्रीका रूपमा अगाडि सार्नुपर्ने धारणा व्यक्त गरे।

■ उद्योगी-व्यवसायी सम्मानित

महासंघले वार्षिक साधारणसभा तथा उद्योग दिवसको अवसर परेर विभिन्न सदस्य संस्था र सबैभन्दा धेरै आयकर बुझाएर राज्यलाई योगदान पुऱ्याउने व्यवसायीलाई सम्मानित गरेको छ। आर्थिक वर्ष ०७९/८० को आय विवरणअनुसार सबैभन्दा धेरै आयकर दाखिला गर्नेहरू वस्तु निर्याततर्फ डाबर नेपाल, बैंक वित्तीय संस्था र बिमातर्फ नबिल बैंक, पर्यटन व्यवसायतर्फ तारागाउँ रिजेन्सी होटेल, वस्तु व्यापारतर्फ भाटभटेनी सुपरमार्केट, ऊर्जामूलक उद्योगतर्फ भोटेकोशी पावर कम्पनी, रेमिट्यान्स तथा मनी ट्रान्सफरको कारोबार गर्नेमध्ये सिटी एक्सप्रेस, विशेष उद्योगमध्ये वरुण बिभरेज सम्मानित भएका छन्। महासंघमा २५ वर्ष सेवाअवधि पूरा गरेका निर्देशक सूर्यराज पौडेल र उपनिर्देशक विदुरचन्द्र लामिछानेलाई प्रशंसापत्र प्रदान गरिएको छ।

त्यसैगरी, पाँचथर उवासंघ, पर्वत उवासंघ, चितवन उवासंघ र सिन्धुली उद्योग वाणिज्य संघ, नेपाल हस्तकला महासंघ, नेपाल-भारत उद्योग वाणिज्य संघ, प्रादेशिक शाखामा 'नेपाल उद्योग वाणिज्य महासंघ, कोशी प्रदेश' सम्मानित भएका छन्।

हुल बाँधेर पुगे मन्त्रीहरू



नेपाल उद्योग वाणिज्य महासंघको ५९औं वार्षिक साधारणसभा तथा उद्योग दिवस २०८१ मा प्रधानमन्त्रीसहित आधा दर्जन मन्त्रीहरू उपस्थित भएका थिए। महासंघले मन्त्रीमण्डललाई चुलै निम्तो दिएपछि साधारणसभामा मन्त्रीहरूको बाक्लो उपस्थिति देखिएको थियो।

प्रधानमन्त्री केपी ओली, परराष्ट्रमन्त्री आरजु राणा देउवा, गृहमन्त्री रमेश लेखक, उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी, श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारी, वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही, रक्षामन्त्री मानवीर राई कार्यक्रममा उपस्थित थिए। यस्तै, उपसभामुख इदिरा राना, मुख्यसचिव एकनारायण अर्याल र विभिन्न मन्त्रालयका सचिव तथा उच्चपदस्थ सरकारी अधिकारी पनि कार्यक्रममा सहभागी थिए।

महासंघले सिंगो मन्त्रीमण्डललाई निमन्त्रणा गरे पनि करिब एकतिहाइ मन्त्री उपस्थित भएका हुन्। कार्यक्रममा अर्थमन्त्री विष्णु पौडेलको उपस्थिति देखिएन। कार्यक्रममा प्रधानमन्त्री ओली, परराष्ट्रमन्त्री राणा, उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री भण्डारीलगायतले सम्बोधन गरेका थिए।

मानहानि गरेको भन्दै ऊर्जा राज्यमन्त्रीले सोधे सचिव आचार्यलाई स्पष्टीकरण

नयाँ पत्रिका



मन्त्री पूर्णबहादुर तामाङ



सचिव सुरेश आचार्य

ऊर्जा जलस्रोत तथा सिँचाइ राज्यमन्त्री पूर्णबहादुर तामाङ 'कान्छाराम'ले सचिव सुरेश आचार्यलाई बिहीबार स्पष्टीकरण सोधेका छन्। जलस्रोत तथा सिँचाइ विभागले आयोजना गरेको सिँचाइ दिवस एवं ७२औं वार्षिक उत्सवको कार्यक्रममा प्रमुख अतिथि रहेका तामाङले आफ्नो मानहानि गरेको भन्दै सचिव आचार्यलाई २४ घण्टाभित्र स्पष्टीकरण पेस गर्न निर्देशन दिएका हुन्।

कार्यक्रम भएको विभागको सभाहलमा प्रवेश गर्दा सञ्चालकले आशनग्रहणका लागि बोलाइए पनि बेवास्ता गरी बाहिरिएको भन्दै सचिव आचार्यमाथि स्पष्टीकरण सोधिएको हो। विभागका महानिर्देशक सञ्जीव बरालले पटक-पटक आशनग्रहणका लागि आग्रह गर्दा पनि राज्यमन्त्री सहभागी कार्यक्रममा आफू बस्न तयार नभएको भन्ने तुच्छ अभिव्यक्ति दिएको विषयमा स्पष्टीकरण सोधिएको मन्त्रालयले जनाएको छ। 'पदीय आचरण पालना नगर्नुका साथै पदीय गरिमासमेत कायम गर्न नसकेको, सचिव पदको गरिमा र मर्यादालाई समेत धज्जी उडाउने गरी कार्यक्रम बहिष्कार गरेको तपाईंलाई अनुशासनको कारबाही किन गर्नुपर्ने हो ? तपाईंको अव्यवस्थित र असंयमित व्यवहारले मन्त्रालयको प्रतिष्ठा र कार्यपद्धतिमा असर पुऱ्याएकाले तपाईंलाई किन कारबाही गर्नुपर्ने हो ? तपाईंले के-कसको प्रभाव वा पूर्वाग्रही भावनाले विभागीय मन्त्रीको अवहेलना गर्ने उद्देश्यले कार्यक्रम वहिष्कार गर्नुभएको हो ?' स्पष्टीकरण पत्रमा उल्लेख छ।

सचिव आचार्यमाथि निजामती सेवा ऐन २०४९, को दफा ४२(३) विपरीतको कार्य गरिएको र आफूमातहतको विभागले गरेको कार्यक्रममा विभागीय मन्त्री प्रमुख अतिथिका रूपमा उपस्थित रहेकामा पदीय आचरणविपरीतको कार्य गरेको राज्यमन्त्रीको आरोप छ। त्यस्तै, उनलाई निजामती सेवा ०५९, को दफा ५९ बमोजिमको सजाय गर्नुनपर्ने कारणसमेत खुलाउन निर्देशन दिइएको छ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: हेड टावर बाग्बजार, काठमाडौं वडा नं. ११
फोन नं.: +२७७-१-४१११११७/७८/८८, फ्याक्सः +२७७-१-४१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) ९८५०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३७७८८ मा SMS पठाउनुहोस्
ज्ञावलाखेल शाखा, ललितपुर महानगरपालिका, ललितपुर
सम्पर्क फोन: +२७७-०१-४४५५०३२/०६८/४८

निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री चन्द्र बहादुर देवानको नातिनी चन्द्र बहादुर देवानको छोरी, बाग्मती प्रदेश, ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. ०४ बस्ने हाल बाग्डोल, ललितपुर - ०४ बस्ने ७४ वर्षको श्री शशि चेमजोङको मिति २०८१/१०/२५ (ई.सं.०१/०१/२०२५) मा मृत्यु भएकोले स्व. शशि चेमजोङको छोरा हाल बाग्डोल, ललितपुर - ०४ बस्ने श्री मेघवर सिंह चेमजोङले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खातामा निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको ज्ञावलाखेल शाखा, ललितपुर महानगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ।

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: हेड टावर बाग्बजार, काठमाडौं वडा नं. ११
फोन नं.: +२७७-१-४१११११७/७८/८८, फ्याक्सः +२७७-१-४१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) ९८५०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३७७८८ मा SMS पठाउनुहोस्
शंकरपुर शाखा, देवदह नगरपालिका, रुपन्देही
सम्पर्क फोन: +२७७-०७१-४२५५०१/२

निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री वाडु मल्लाहको छोरी, सिरपत मल्लाहको पत्नी, लुम्बिनी प्रदेश रुपन्देही जिल्ला, सिद्धहनन-वडा नं.८ हाल देवदह नगरपालिका - वडा नं. ११, रुपन्देही बस्ने ७१ वर्षकी श्रीमती साबित्री मल्लाहको मिति २०८१/१०/२३ (ई.सं. ०५/०२/२०२५) मा मृत्यु भएकोले स्व. साबित्री मल्लाहको छोरा हाल देवदह नगरपालिका वडा नं.११, रुपन्देही बस्ने श्री लक्ष्मण मल्लाहले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खातामा निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको शंकरपुर शाखा, देवदह नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ।

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

आँखा अस्पताललाई सिटिजन्सको सहयोग

काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनलले घारीपाटन, पोखरास्थित हिमालय आँखा अस्पताललाई सहयोग प्रदान गरेको छ। बैंकले उक्त अस्पताललाई १० वटा कुर्सी (वेटिङ चेयर) सहयोग गरेको हो। एक समारोहबिच बैंकका सिइओ गणेशराज पोखरेलले कुर्सी हस्तान्तरण गरे। उनले बैंकको यो सहयोगले अस्पतालमा आउने बिरामीको बसाइलाई सहज र आरामदायक बनाउने विश्वास व्यक्त गरे।

भियतनामबाट पहिलोपटक लुम्बिनीमा चार्टर उडान गराउँदै रुप्से होलिडेज

नेपाल-भियतनामबिचको धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्य



फाइल तस्बिर

काठमाडौं/ रुप्से होलिडेज प्रालिले भियतनामबाट पहिलोपटक लुम्बिनीमा सीधा चार्टर उडान ल्याउने भएको छ। रुप्से होलिडेजले नेपाल-भियतनामबिचको धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित भियतनामबाट चार्टर उडानमार्फत पर्यटक नेपाल ल्याउन लागेको हो। यसका लागि रुप्से होलिडेजले भियतनाम एयरलाइन्ससँगको सहकार्यमा तीनवटा विशेष चार्टर उडान सञ्चालन गर्न लागेको बताएको छ। उक्त चार्टर उडान ५ वैशाख तथा २ र १२ जेठमा भियतनामबाट सीधै लुम्बिनी आउनेछन्।

पहिलो उडान भियतनामको हानोईबाट गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल (लुम्बिनी)मा अवतरण गर्नेछ। त्यस उडानमार्फत एक सय ८० जना बुद्ध धर्मावलम्बी पर्यटक लुम्बिनी पुग्नेछन्। त्यस्तै, २ र १२ जेठमा हुने उडानमार्फत थप पर्यटकलाई काठमाडौंमा अवतरण गराइने रुप्से होलिडेजले जनाएको छ। उनीहरूले १० दिनसम्म काठमाडौंलगायतका पर्यटकीय क्षेत्रको अवलोकन गर्नेछन्।

फर्कने उडानमार्फत इच्छुक नेपाली वा अन्य नागरिकले सस्तो मूल्यमा भियतनामको टुर प्याकेज र टिकट प्राप्त गर्न सक्नेछन्, जसले दुईदेशीय पर्यटन प्रवाहलाई सन्तुलित र परस्पर लाभदायक बनाउने विश्वास गरिएको छ।

नेपाल-भियतनामबिच पर्यटन आदान-प्रदानमा रुप्से होलिडेजले यसअघि पनि चार्टर उडान गराइसकेको छ। यो सहयकार्यले दुवै देशबिचको धार्मिक एवं सांस्कृतिक सम्बन्धलाई अझ सुदृढ बनाउने बताइएको छ।

पञ्चकन्याको निःशुल्क क्यान्सर स्क्रिनिङ शिविर



काठमाडौं/ पञ्चकन्या समूहले निःशुल्क क्यान्सर स्क्रिनिङ शिविर सम्पन्न गरेको छ। समूहले सिद्धार्थनगर सिटी अस्पताल, सुमित्रा मेमोरियल क्यान्सर अस्पताल र भक्तपुर क्यान्सर अस्पतालसँगको साझेदारीमा तिलोत्तमा- १५, कोटिहवास्थित आफ्नो औद्योगिकपरिसरमा निःशुल्क क्यान्सर स्क्रिनिङ शिविर सम्पन्न गरेको हो। यो शिविरले स्थानीय बासिन्दा, कम्पनीका कर्मचारीहरू र रूपन्देहीमा बसोवास गर्ने समुदायको स्वास्थ्य र कल्याणलाई प्रवर्द्धन गर्ने उद्देश्य राखेको कम्पनीले जनाएको छ।

भक्तपुर क्यान्सर अस्पतालका डा. उज्ज्वल चालिसेको नेतृत्वमा सिद्धार्थनगर सिटी अस्पतालको टोलीसँगै शिविरमा स्तन क्यान्सर जाँच र सामान्य स्वास्थ्य परीक्षणसहित आवश्यक स्क्रिनिङहरू प्रदान गरिएको थियो। कार्यक्रमले क्यान्सर रोकथाम र प्रारम्भिक पहिचानको महत्त्वबारे जागरुकता बढाउनमा पनि केन्द्रित रहने अपेक्षा कम्पनीले गरेको छ।

शिविरबाट चार सय ३३ महिला र ४४ पुरुषले लाभ लिएका छन् भने दुई सय तीनवटा स्तन स्क्रिनिङ र ७१ वटा सामान्य स्वास्थ्य जाँच गरिएको थियो। जाँचका क्रममा एकजनालाई क्यान्सर भएको पत्ता लागेको थियो। निजलाई उपचारका साथै निःशुल्क औषधिसमेत प्रदान गरिएको थियो। उक्त शिविरबाट सहभागीले आवश्यकतअनुसारको निःशुल्क औषधिसमेत प्राप्त गरेको समूहले जनाएको छ।

सुरु भयो 'यामाहा ब्लु फेस्ट'



काठमाडौं/ दुईपांग्रे सवारी एक्सचेन्ज मेला 'यामाहा ब्लु फेस्ट' बिहीबारबाट भृकुटीमण्डपमा सुरु भएको छ। ३ वैशाखसम्म चल्ने मेलाको उद्घाटन एमएडब्लु इन्टरप्राइजेजका प्रबन्ध निर्देशक विष्णुकुमार अग्रवाल, एमएडब्लु राइड्सका सिइओ तथा कार्यकारी निर्देशक दीपकुमार अग्रवाले संयुक्त रुपमा गरेका हुन्। मेलामा जुनसुकै ब्रान्डको बाइक साटाफेर गर्न सकिनेछ। त्यस्तै, यामाहा बाइक वा स्कुटरमा न्यूनतम ५० हजार र अन्य ब्रान्डमा न्यूनतम २५ हजारको मूल्यांकन, एक्सचेन्जमा अतिरिक्त १० हजार मूल्यांकन बोनस दिने कम्पनीले घोषणा गरेको छ। त्यसैगरी, कुनै ग्यारेन्टर आवश्यक नपर्ने गरी ७.९९ प्रतिशतको फाइनान्सिङ, 'थ्रिल अफ थ्री' योजनासहित एक लाखसम्म नगद छुट हुनेछ। त्यसबाहेक ग्राहकले थ्रिल अफ थ्री विज्ञापन सेयर गर्दा एक हजार, विज्ञापनको स्क्रिनसट देखाएर ५० हजारसम्म र यामाहा खरिद गर्दा एक लाखसम्म नगद छुट पाउनेछन्।

नयाँ वर्षमा महालक्ष्मी विकास बैंकले ७.९९ प्रतिशतमै घर कर्जा दिने



काठमाडौं/ महालक्ष्मी विकास बैंकले नयाँ वर्ष ०८२ को अवसरमा घरकर्जा योजना ल्याएको छ। योजनाअन्तर्गत बैंकले एकल अंकको ब्याजदर अर्थात् ७.९९ प्रतिशतमा नै कर्जा प्रदान गर्ने भएको छ।

बैंकिङ क्षेत्रमा नै सस्तो तथा प्रतिस्पर्धी ब्याजदर कायम रहने गरी ग्राहकलाई घर खरिद गर्न-निर्माण गर्न-पुनर्निर्माण गर्न तथा अपार्टमेन्ट खरिद गर्न बैंकले यस्तो कर्जा प्रदान गर्ने बताएको छ। यस्तो कर्जाका लागि वातावरणीय विशेषता पुष्टि गर्न सक्ने तथा नवीकरणीय वा दिगो स्रोतहरूको प्रयोग गरिएको हुनुपर्छ। यो कार्यबाट वातावरण संरक्षण, दिगो विकास प्रवर्द्धन गर्न सहयोग पुग्ने विश्वास बैंकले लिएको छ।

एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम विक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगाको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा तथा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितो मा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी तथा जमानत दिनु हुने ब्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**१) ऋणी फर्म: रिया रमन पोल्ट्री फर्म**, प्रोप्राईटर तथा जमानीकर्ता : मनोज कुमार कुर्मी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय वीरगंज, पर्सामा घ.तथा सा.उ.का.प्रा.फ. पर्सा नं. ९४६०/०७४/०७५, दर्ता मिति २०७५/०२/२४, ठेगाना: जिल्ला पर्सा, लंगडी गा.वि.स. वडा नं. १ (हाल धोविनी गा.पा. वडा नं. ४)
	धितोको विवरण
	१) कृष्ण प्रसाद कुर्मीको नाती, द्वारीकानन्द प्रसाद कुर्मीको छोरा, पर्सा जिल्ला, लंगडी गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, धोविनी गा.पा. वडा नं. ४ बस्ने मनोज कुमार कुर्मिको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, लंगडी गा.वि.स. वडा नं. १ (हाल धोवनी गा.पा. वडा नं. ४) स्थित कित्ता नं. २१६ र ११ को क्षेत्रफल क्रमशः ४३७५.४८ र ८५० (व.मि.) को जग्गा र पर्सा जिल्ला, लंगडी गा.वि.स. वडा नं. ५ (हाल धोवनी गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ३२ को क्षेत्रफल २९०५ (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) विश्वनाथ प्रसादकी छोरी, द्वारीकानन्द प्रसाद कुर्मीकी बुहारी, मनोज कुमार कुर्मीकी पत्नि, पर्सा जिल्ला, लंगडी गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, बीरगंज म.न.पा. वडा नं. १३ बस्ने प्रतिमा देवी कुर्मीनको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १६ (हाल वीरगंज म.न.पा. वडा नं. १३) स्थित कित्ता नं. ५९ को क्षेत्रफल १७१.०० (व.मि.) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) रिया रमन पोल्ट्री फर्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	कर्जाको किसिम: बिना धितो कर्जा **२) ऋणी: मनोज कुमार कुर्मि** स्थायी ठेगाना : पर्सा जिल्ला, लंगडी गा.वि.स. वडा नं. १, हालको ठेगाना : पर्सा जिल्ला, धोविनी गा.पा. वडा नं. ४ बाबु : द्वारीकानन्द प्रसाद कुर्मी, बाजे : कृष्ण प्रसाद कुर्मी
	जमानीकर्ता: प्रतिमा देवी कुर्मीन, स्थायी ठेगाना : पर्सा जिल्ला, लंगडी गा.वि.स. वडा नं. १, हालको ठेगाना : पर्सा जिल्ला, धोविनी गा.पा. वडा नं. ४, बाबु : विश्वनाथ प्रसाद, ससुरा : द्वारीकानन्द प्रसाद कुर्मी, पति : मनोज कुमार कुर्मी
२)	**१) ऋणी फर्म: लवली ट्रेडर्स**, प्रोप्राईटर तथा जमानीकर्ता: मदन वावु महतो सुडी दर्ता नं.: घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय, सिन्धुलीमा प्रा.फ.र.नं. ५८७/०६८/०६९, दर्ता मिति: २०६८/०४/२२, ठेगाना : जिल्ला सिन्धुली, दुधौली गा.वि.स. वडा नं. ८ (हाल दुधौली न.पा. वडा नं. ९)
	धितोको विवरण
	१) रुपचन महतोको नाती, राम विलास महतोको छोरा, धनुषा जिल्ला, सबैला गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं ९ बस्ने मदन वावु महतो सुडीको नाममा मालपोत कार्यालय सिन्धुलीको लगतमा दर्ता कायम रहेको सिन्धुली जिल्ला, लदाभिर गा.वि.स. वडा नं. ६ क (हाल दुधौली न.पा. वडा नं. ९) स्थित कित्ता नं. १३२५ को क्षेत्रफल ०-०-१५ (विगाह) (२५३.९८ ब.मी.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) लवली ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
	२) कर्जा किसिम: बिना धितो कर्जा **ऋणी : मदन वावु महतो सुडी** स्थायी ठेगाना : धनुषा जिल्ला, सबैला गा.वि.स. वडा नं. ९, हालको ठेगाना : सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं ९, बाबु : राम विलास महतो, बाजे : रुपचन महतो
३)	**ऋणी फर्म: जयसवाल मुडही उद्योग**, प्रोप्राईटर तथा जमानीकर्ता: विनोद साह दर्ता नं.: उद्योग विकास शाखा, गौर, रौतहटमा प्रा.फ.नं. ५६१०/१४६ साविक ९०/४ सा.फ., दर्ता मिति : २०७४/०६/२९, ठेगाना: जिल्ला रौतहट, गंगाप्रिया गा.वि.स. वडा नं. ९ (हाल दुर्गा भगवती गा.पा. वडा नं. १)
	धितोको विवरण
	१) चलितर चौधरी कलवारकी छोरी, भगवान साहकी बुहारी, अनुपलाल साह कलवारकी पत्नी रौतहट जिल्ला, गंगाप्रिया गा.वि.स. वडा नं ८ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, दुर्गा भगवती गा.पा वडा नं १ बस्ने सागर देवी कल्वार्नीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय गौर, रौतहट जिल्लाको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, गंगाप्रिया गा.वि.स. वडा नं ९/क स्थित (हाल दुर्गा भगवती गा.पा. वडा नं १) कित्ता नं. २३८ को क्षेत्रफल ०-०-१५ (विगाहा) को जग्गा तथा रौतहट जिल्ला, गंगाप्रिया गा.वि.स. वडा नं ६ स्थित (हाल दुर्गा भगवती गा.पा वडा नं १) कित्ता नं. ६२७ को क्षेत्रफल ०-७-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) जयसवाल मुडही उद्योगको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
४)	**ऋणी: अयाज अहमद गद्दी** स्थायी ठेगाना: कपिलवस्तु जिल्ला, हथिहवा गा.वि.स. वडा नं. २, हालको ठेगाना: कपिलवस्तु जिल्ला, शुद्धोधन गा.पा. वडा नं. ५, बाबु: नियाज अहमद खा, बाजे: सिद्दिक गद्दी
	धितोको विवरण
	सिद्दिक गद्दीको नाती, नियाज अहमद खाको छोरा, कपिलवस्तु जिल्ला, हथिहवा गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, शुद्धोधन गा.पा. वडा नं. ५ मा बस्ने अयाज अहमद गद्दीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुको लगतमा दर्ता कायम रहेको, कपिलवस्तु जिल्ला, हथिहवा गा.वि.स. वडा नं. २/ख (हाल शुद्धोधन गा.पा. वडा नं. ५) स्थित कित्ता नं. १०७२ को क्षेत्रफल १-०-१४-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगलगापात समेत ।
५)	**ऋणी फर्म: भुसाल इलेक्ट्रोनिक्स**, प्रोप्राईटर तथा जमानीकर्ता: मनि राम भुसाल दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी प्रा.फ.द.नं. १४७१/११०७२/०७४ दर्ता मिति: २०७४/११/१५, ठेगाना: जिल्ला नवलपरासी, बर्दघाट न.पा. वडा नं. ४
	धितोको विवरण
	१) खिमानन्द पराजुलीकी छोरी, गंगाधर भुसालकी बुहारी, लक्ष्मीपति भुसालकी पत्नी, रुपन्देही जिल्ला, मकडहर गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ६ बस्ने मतिकला भुषालको नाममा भुमिसुधार तथा मालपोत कार्या(लय, परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, माकर गा.वि.स. वडा नं. ६/घ (हाल: बर्दघाट न.पा. वडा नं. ६) स्थित कित्ता नं. ५२४ र ५३३ को क्षेत्रफल क्रमशः ०-०-४-३ र ०-०-५-१ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) भुसाल इलेक्ट्रोनिक्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
६)	**१) ऋणी फर्म: विपुल फेन्सी एण्ड कस्मेटिक पसल**, प्रोप्राईटर तथा जमानीकर्ता: मौसमी कुमारी गुप्ता दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा, प्रा.फ.र.नं. ८९८/१२४८३/०७५/७६, दर्ता मिति २०७५/१२/१३, ठेगाना: जिल्ला नवलपरासी, प्रतापपुर गा.पा. वडा नं. ३
	धितोको विवरण
	१) छत्तर तेलीको नाती, महेन्द्र तेलीको छोरा, नवलपरासी जिल्ला, कुश्मा गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, पाल्हीनन्दन गा.पा.वडा नं. ३ मा बस्ने ओम प्रकाश गुप्ताको नाममा मालपोत कार्यालय परासी, नवलपरासीको (ब.सू.प.) लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, कुश्मा गा.वि.स. वडा नं. ३/क (हाल पाल्हीनन्दन गा.पा. वडा नं. ३) स्थित कित्ता नं. ८४९ को क्षेत्रफल ३३८.५८(व.मी.) जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) छत्तर तेलीको नाती, महेन्द्र तेलीको छोरा, नवलपरासी जिल्ला, कुश्मा गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, पाल्हीनन्दन गा.पा. वडा नं. ३ मा बस्ने ओम प्रकाश गुप्ताको नाममा मालपोत कार्यालय परासी, नवलपरासी (ब.सू.प.)को लगतमा दर्ता कायम रहेको नवलपरासी (ब.सू.प.) जिल्ला, कुश्मा गा.वि.स. वडा नं. १ (हाल पाल्हीनन्दन गा.पा. वडा नं. ३) स्थित कित्ता नं. ९८३ को क्षेत्रफल २०७४.१९ (व.मी.) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) विपुल फेन्सी एण्ड कस्मेटिक पसलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	कर्जाको किसिम : व्यक्तिगत कर्जा **१) ऋणी : मौसमी कुमारी गुप्ता** स्थायी ठेगाना : नवलपरासी जिल्ला, कुश्मा गा.वि.स. वडा नं. १, हालको ठेगाना : नवलपरासी जिल्ला, पाल्हीनन्दन गा.पा.वडा नं. ३, बाबु : राम किशुन गुप्ता, ससुरा : महेन्द्र गुप्ता तेली, पति : ओम प्रकाश गुप्ता
	जमानीकर्ता: ओम प्रकाश गुप्ता, स्थायी ठेगाना : नवलपरासी जिल्ला, कुश्मा गा.वि.स. वडा नं. १, हालको ठेगाना : नवलपरासी जिल्ला, पाल्हीनन्दन गा.पा.वडा नं. ३, बाबु : महेन्द्र गुप्ता तेली, बाजे : छत्तर तेली
७)	**१) ऋणी फर्म : न्यू पाल्पाली आरुशी रेष्टुरेन्ट**, प्रोप्राईटर तथा जमानीकर्ता: सविना देवी मल्ल दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, रुपन्देहीमा प्रा.फ.दर्ता नं. २४९२१.०८०.८१, दर्ता मिति २०८०/०६/१५, ठेगाना : जिल्ला रुपन्देही, बुटवल उ.म.न.पा. वडा नं. ९
	धितोको विवरण
	१) लाल बहादुर सुनारकी छोरी, भोज बहादुर मल्लकी बुहारी,राज कुमार मल्लकी पत्नी, रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ११ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ११ बस्ने सविना देवी मल्लको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, ख.वनगाई गा.वि.स. वडा नं. २ (हाल सुद्दोधन गा..पा. वडा नं. २) स्थित कित्ता नं. ९७५ को क्षेत्रफल ८९५.५७ (व.मि.)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) न्यू पाल्पाली आरुशी रेष्टुरेन्टको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
८)	**ऋणी फर्म: अमुल डेरी उद्योग**, प्रोप्राईटर तथा जमानीकर्ता: हरि नन्दन मण्डल दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय धनुषा, जनकपुरधाममा उद्योग दर्ता नं. १२१४६/१९/०७७/०७८, दर्ता मिति २०७७/०४/०७, ठेगाना: जिल्ला धनुषा, क्षिरेश्वरनाथ न.पा. वडा नं. ७
	धितोको विवरण
	१) सुवर्ण मण्डलको नाती, नथुनिया मण्डलको छोरा, धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १० स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, क्षिरेश्वरनाथ न.पा. वडा नं. ७ बस्ने राज किशोर मण्डलको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. १ ख (हाल क्षिरेश्वरनाथ न.पा. वडा नं. ७) स्थित कित्ता नं. २५४६ र २५४८ को क्षेत्रफल क्रमश : ०-०-३-५१/२ र ०-०-१२-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) अमुल डेरी उद्योगको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

नोट: ऋणी बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणीको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आँफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम विक्री भएमा वा बैंक आँफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आँफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आँफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पत्तिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) ९८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
सिराहा शाखा, सिराहा नगरपालिका, सिराहा
सम्पर्क फोन: +९७७-०३३-५२११५५

निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री जुगेश्वर साहकी छोरी, सुरैत साहकी बुहारी, लक्ष्मण साह तेलीकी पत्नी मधेश प्रदेश सिराहा जिल्ला, सिराहा नगरपालिका वडा नं. २ हाल सिराहा - २ बस्ने ५८ वर्षकी श्रीमती प्रमीला देवि साहको मिति २०८१/०८/१८ (ई.सं. ०३/१२/२०२४) मा मृत्यु भएकोले स्व. प्रमीला देवि साहको पती हाल सिराहा - २ बस्ने श्री लक्ष्मण साह तेलीले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको सिराहा शाखा, सिराहा नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

अशोक बिनायक बचत तथा ऋण सहकारी संस्था लि.
असन, भोटाहिटी, फोन नं ०१-५३४०८३४

निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/१२/२९

बाग्मति प्रदेश नं ३ काठमाण्डौ जिल्ला वडा नं ३० बस्ने **श्री युद्धहर्ष बज्राचार्यको** (ना.प्र.नं ११८५१- काठमाण्डौ) मिति २०८१/०४/२७ का दिन मृत्यु भएकोले निजको नाममा यस संस्थामा रहेको बचत खाता नं ३०००१०००००३ मा रहेको रकम भुक्तानी पाँउ भनि निज मृतकको पनाती नाता पर्ने श्री **सिभान हर्ष बज्राचार्यले (ना.प्र.नं २७-०१-८०-०००४०-काठमाडौं)** मिति २०८१/१२/०६ मा निवेदन दिएको हुँनाले मृतक **श्री युद्धहर्ष बज्राचार्यको** यस संस्थामा रहेको खातामा रहेको रकममा अन्य कसैको हकदाँवी लाग्ने भए बैक तथा बित्तिय संस्था सम्बन्धि ऐन २०७३ को दफा १११ बमोजिमको अधिकारवाला हकवालाले यो सुचना प्रकाशित भएको मितिले **३५** दिन भित्र आ-आफ्नो सबुद प्रमाण सहित यस संस्थाको कार्यालय भोटाहिटीमा हकदावी गर्न नआएमा बैक तथा बित्तिय संस्था सम्बन्धि ऐन २०७३ को दफा १११ बमोजिम भईजाने हुँदा यो सुचना प्रकाशित गरिएको छ। उल्लेखित मिती भित्र कुनै दावी पर्न नआएमा पछि कुनै उजुर नलाग्नेसमेत यसै सुचनाबाट सम्बन्धित सबैको जानकारीको लागि सुचित गरिएकोछ।

एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) ९८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
धुलाबारी शाखा, मेचीनगर नगरपालिका, झापा
सम्पर्क फोन: +९७७-०२३-५६५२७२

निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री राम बहादुर राईकी नातिनी, बखत राईकी छोरी, कोशी प्रदेश झापा जिल्ला, मेचीनगर नगरपालिका वडा नं. ०९ हाल मेचीनगर नगरपालिका वडा नं. ०९, फारम टोल बस्ने ८६ वर्षकी श्रीमती लोक्ती माया राईको मिति २०८१/११/२८ (ई.सं. १३/०३/२०२५) मा मृत्यु भएकोले स्व. लोक्ती माया राईकी नातीनी हाल मयनबारी, बराहक्षेत्र न.पा. वडा नं. ०७, सुनसरी बस्ने श्रीमती सपना राईले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको धुलाबारी शाखा, मेचीनगर नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) ९८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
थानकोट शाखा, चन्द्रागिरी नगरपालिका, काठमाडौं
सम्पर्क फोन: +९७७-०१-४३१२२०४/४३१२५९८/४३११२३२

निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री परमानन्द लुइटेलको नाति, यदु कुमार लुइटेलको छोरा, बागमती प्रदेश धादिङ जिल्ला, गोगनपानी गा.वि.स वडा नं. ४ हाल बागमती प्रदेश धादिङ जिल्ला, गल्छी गाउँपालिका वडा नं. ८ बस्ने ९० वर्षको श्री ढक नाथ लुइटेलको मिति २०८१/१०/३० (ई.सं. १२/०२/२०२५) मा मृत्यु भएकोले स्व. ढक नाथ लुइटेलको छोरा हाल धादिङ - ०८ बस्ने अमन प्रसाद लुइटेलले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको थानकोट शाखा, चन्द्रागिरी नगरपालिका, काठमाडौंमा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

■ चारदेशीय टी-२० आई सिरिज

दीपेन्द्रसिंहले बनाए अर्को कीर्तिमान

श्रीलोचन राजोपाध्याय / नयाँ पत्रिका

नेपालका अलराउन्डर दीपेन्द्रसिंह ऐरीले टी-२० आई क्रिकेटमा अर्को एउटा रेकर्ड आफ्नो नाममा लेखाएका छन्। ऐरीले अन्तर्राष्ट्रिय टी-२० क्रिकेटमा धेरै इनिङ्स शून्यमा आउट नहुने रेकर्ड आफ्नो नाममा लेखाएका हुन्। उनले यो सफलता हङकङमा चलिरहेको चारदेशीय टी-२० आई सिरिजमा कुवेतविरुद्ध बनाएका हुन्।

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)को आधिकारिक तथ्यांकअनुसार ऐरी टी-२० आई करिअरमा अहिलेसम्म शून्यमा आउट भएका छैनन्। आइसिसीले सार्वजनिक गरेको तथ्यांकअनुसार उनी ७६ खेलमध्ये ६६ इनिङ्समा नटआउट रहे। उनले १० खेलमा ब्याटिङको अवसर नै पाएनन्। नेपालले कुवेतमाथि ६ विकेटको जित निकाल्दा ऐरीले १२ बलमा ३१ रन बनाउँदै नेपालको रोमाञ्चक जित पक्का पारेका थिए। ऐरीले वेस्ट इन्डिजका मार्लोन सामुइल्सको रेकर्ड तोडेका हुन्। सामुइल्स ६७ मध्ये ६५ इनिङ्समा डकआउट भएनन्। ऐरीले सामुइल्सलाई पछि पारेका छन्।

अन्तर्राष्ट्रिय टी-२० आईमा ऐरीको नाममा ६ बलमा ६ छक्का प्रहार गर्ने रेकर्ड पनि छ। यो उनले कतारविरुद्ध प्रहार गरेका थिए। उनले टी-२० आईमा सन् २०१८ देखि ०२५ सम्म ७६ खेलमा एक हजार ७५६ रन बनाएका छन्। यसक्रममा उनले एक शतक तथा नौ अर्धशतकीय इनिङ्स खेले। उनले टी-२० आईको करिअरमा १३४ चौका र ७५ छक्का प्रहार गरेका छन्। यसैगरी, ऐरीको नामा अर्को दुर्लभ विश्व कीर्तिमान छ। उनले सन् २०२३ मा चीनको हाङझाउमा भएको १९औँ एसियन खेलकुदअन्तर्गत क्रिकेट विधामा मंगोलियाविरुद्ध केवल नौ बलमा ५० रन बनाएका थिए।

> अन्तर्राष्ट्रिय टी-२० क्रिकेटमा धेरै इनिङ्स शून्यमा आउट नहुने वेस्ट इन्डिजका मार्लोन सामुइल्सको रेकर्ड नेपालका दीपेन्द्रसिंह ऐरीले तोडे

नेपालले पछ्यायो ठुलो लक्ष्य

नेपाली खेलाडीले व्यक्तिगत रेकर्ड बनेको दिनमा नेपाली पुरुष क्रिकेट टोलीले पनि कीर्तिमान बनाएको छ। नेपालले पहिलोपटक १८० रनमाथिको लक्ष्य पछ्याउन सफल भयो। कुवेतले पहिलो ब्याटिङ गरी २० ओभरमा आठ विकेट गुमाएर १८५ रन बनाएको थियो। प्रत्युत्तरमा नेपालले १८.५ ओभरमा १८६ रन जोड्यो। सन् २०२३ मा नेपालले टी-२० आईमा मलेसियाले दिएको १६६ रन सहजै पाखा लगाएको थियो। कुवेतको ब्याटिङ इनिङ्समा चिन्टो अन्टोले ३० बलमा चार चौका र दुई छक्का प्रहार गरी ४१ तथा मित भवसारले २८ बलमा समान दुई चौका र छक्का प्रहार गरी ३५ रनको योगदान दिएका थिए। ओपनर रभिजाले १५ बलमा दुई चौका र एक छक्का प्रहार गरी २६ रन जोडे। मध्यक्रमका विलाल ताहिरले १३ बलमा चार छक्का र एक चौकाको सहयोगमा ३२ रन जोडेका थिए। बलिङमा नेपालका लागि सोमपाल कामीले ३६ रनमा तीन र नन्दन यादवले ३४ रनमा दुई विकेट हात पारे।

अंक तालिका

टोली	खेल	जित	हार	अंक	रनरेट
नेपाल	२	२	०	४	१.०८
हङकङ	२	१	१	२	१.३७
कुवेत	२	१	१	२	०.०६
कतार	२	०	२	०	-२.४



टी-२० आईमा शून्य रनमा आउट नहुने

खेलाडी	खेल	इनिङ्स	शतक	अर्धशतक
दीपेन्द्रसिंह ऐरी (नेपाल)	७६	६६	१	१०
मार्लोन सामुइल्स (वेस्टइन्डिज)	६७	६५	०	१०
दिनेश चन्दिमाल (श्रीलंका)	६८	६१	०	६
डु प्लेसिस (द.अफ्रिका)	५०	५०	१	१०
नजमुल हुसेन (बंगलादेश)	४९	४७	०	४

नेपालका लागि धेरै अर्धशतक

खेलाडी	खेल	इनिङ्स	शतक	अर्धशतक
कुशल भुर्तेल	५५	५४	१	११
दीपेन्द्रसिंह ऐरी	७६	६६	१	१०
आसिफ शेख	५६	५६	०	७
रोहित पौडेल	६१	५८	०	७
पारस खड्का	३३	३२	१	५

भुर्तेल र शेखले तोडे आफ्नै रेकर्ड

चारदेशीय टी-२० आई सिरिजमा नेपालका ओपनर कुशल भुर्तेल र आसिफ शेख उत्कृष्ट फर्ममा छन्। भुर्तेल र शेखले ओपनिङमा लगातार उत्कृष्ट प्रदर्शन गरेका छन्। कुवेतविरुद्ध उनीहरूले पहिलो विकेटका लागि कीर्तिमानी साझेदारी गरे। दुवैले १३.५ ओभरमा १२७ रनको साझेदारी गरेका हुन्। उनीहरूले पहिलो विकेटका लागि आफूहरूले बनाएको रेकर्ड नै तोडे।

सन् २०२१ मा भुर्तेल र शेखले ओपनिङमा नेदरल्यान्ड्सविरुद्ध ११६ रनको रेकर्ड बनाएका थिए। नेपालका लागि कप्तान रोहितकुमार पौडेल र कुशल मल्लले तेस्रो विकेटका लागि अहिलेसम्मकै सर्वाधिक १९३ रनको साझेदारी गरेका छन्। पौडेल र मल्लले सन् २०२३ मा १९औँ एसियाडमा मंगोलियाविरुद्ध रेकर्ड बनाएका थिए।



शेखले कुवेतविरुद्ध करिअरकै सातौँ अर्धशतक बनाए। यसक्रममा उनले ३८ बलमा दुई चौका र चार छक्का प्रहार गरे। नेपालको ब्याटिङ इनिङ्समा पहिलो विकेट शेखकै गुमेको थियो। १५.३ ओभरमा भुर्तेलले पनि विकेट गुमाएका थिए। कुशल र कप्तान रोहित समान ४ रनमा पेभेलियन फर्के। त्यसपछि दीपेन्द्रसिंह र गुल्सन झाले पाँचौँ विकेटका लागि आवश्यक रन जोडेका थिए। झाले तीन बलमा दुई चौकाको सहयोगमा नौ रन बनाए।

भुर्तेलको धेरै अर्धशतक

दीपेन्द्रसिंहले टी-२० आईमा रेकर्ड राखेकै दिन उनको नाममा रहेको एउटा कीर्तिमान नेपाली खेलाडीले तोडेका छन्। भुर्तेल टी-२० आईमा धेरै अर्धशतकीय इनिङ्स खेल्ने नेपाली खेलाडी बनेका छन्। उनले यो रेकर्ड ऐरीकै तोडेका हुन्। भुर्तेलले ५५ खेलमा ११ अर्धशतक ठोकेका छन्। यसअघि ऐरीको नाममा १० अर्धशतकको रेकर्ड थियो। कुवेतले दिएको १८६ रनको बलियो लक्ष्य पछ्याएको नेपालका ओपनर भुर्तेलले केवल २५ बलमै अर्धशतक पूरा गरेका थिए। उनी लगातार दोस्रो खेलमा म्यान अफ दी म्याच भए। सन् २०२५ सिजनको पहिलो अन्तर्राष्ट्रिय सिरिजमा भुर्तेल ब्याटिङ र बलिङमा चम्किरहेका छन्। उनले कुवेतविरुद्ध ५० बलमा समान ६ चौका र छक्का प्रहार गरी सर्वाधिक ८१ रनको योगदान दिए। यसैगरी बलिङमा उनले २७ रन खर्चेर एक विकेट हात पारे।

■ तेस्रो नेपाल सुपर लिग

चितवनलाई निराश बनाउँदै ललितपुर शीर्ष स्थानमा



तस्बिर : **ज्ञानेन्द्र कार्की** / नयाँ पत्रिका

नयाँ पत्रिका

साबिक विजेता ललितपुर सिटीले बिहीबार अपराजित रहेको एफसी चितवनलाई २-१ ले निराश बनाउँदै तेस्रो नेपाल सुपर लिगमा महत्त्वपूर्ण जित निकालेको छ। जितसँगै ललितपुर शीर्ष स्थानमा उक्लेको छ। चितवनको अपराजित यात्रामाथि पूर्णविराम लगाएको ललितपुरले चार खेलबाट ८ अंक जोडेको छ। दोस्रो स्थानमा झरेको चितवनले चार खेलबाट ७ अंक बटुलेको छ। ललितपुरको जितमा इमोह इजेकियल र मणिकुमार लामाले समान एक गोल गरेका थिए। प्रतिस्पर्धामा मणिकुमारले नै इमोहको गोलमा असिस्ट गरेका थिए। चितवनका लागि भिक्टर मानसेरले एक गोल फर्काए।

दशरथ रंगशालामा ललितपुरले च्याम्पियन शैलीमा चितवनमाथि सुरुदेखि नै दबाब बनाएको थियो। खेलको तेस्रो मिनेटमै ललितपुरले १-० को अग्रता लियो। मणिकुमारले पोस्टभन्दा लगभग ३० यार्ड टाढाबाट प्रहार गरेको उत्कृष्ट फ्रिकिकमा इमोहले हेडिङ गोल गरेका थिए। यसअघि खेलको दोस्रो मिनेटमा चितवनका गोलरक्षक अमल नाइटले ललितपुरका इबाउविरुद्धको वान भर्सेज वानमा खतरा टालेका थिए। प्रतिस्पर्धाको १२औँ मिनेटमा ललितपुरका मणिकुमारले डिबक्सभित्रबाट प्रहार गरेको बललाई गोलरक्षक नाइटले बचाएका थिए।

खेलको १२ मिनेटसम्म फर्ममा देखिएको चितवनले ललितपुरविरुद्ध खासै मुभ निकाल्न सकेन। अधिकांश समयमा ललितपुरले चितवनमाथि दबाब राखेको थियो। पहिलो हाफमा चितवनले इन्जुरी समयमा एक मात्र बराबरी गोल प्रयास गरेको थियो। इन्जुरी समयको पहिलो मिनेटमा शिशिर लेखीको पासमा भिक्टर मानसेरको हेडिङलाई गोलरक्षक जाफ्रे बाल्टसले बचाएका थिए।

अंक तालिका

टोली	खेल	जित	ड्र	हार	गोलअन्तर	अंक
ललितपुर	४	२	२	०	२	८
चितवन	४	२	१	१	२	७
धनगढी	३	१	२	०	३	५
काठमाडौं	४	१	२	१	-१	५
पोखरा	४	१	१	२	-१	४
झापा	३	०	३	०	०	३
बुटवल	४	०	१	३	-५	१

दोस्रो हाफमा चितवनको बराबरी गोल

दोस्रो हाफमा चितवनले खेलमा सुधार ल्यायो। खेलको ७५औँ मिनेटमा चितवनले १-१ को बराबरी गोल फर्कायो। भिक्टरले रिबाउन्डमा डिबक्सभित्र सहजै गोल गरी चितवनलाई जितको आशा दिलाए। भिक्टरले छिरिङ गुरुङको क्रसमा गोल गरेका हुन्। तर, ललितपुरले भिक्टरले गोल गरेको पाँच मिनेटपछि नै दोहोरो अग्रता लियो। खेलको ८०औँ मिनेटमा मणिकुमारले ललितपुरलाई २-१ को स्थितिमा राखे। प्रतिस्पर्धाको अन्तिम इन्जुरी समयमा ललितपुरले अग्रता लिने मौका खेर फाल्यो। अनिश घर्तीले चितवनका गोलरक्षकसँगको वान भर्सेज वानमा गोल गर्न सकेनन्। यसअघि ललितपुरले पोखरामाथि ३-२ को कठिन जित निकालेको थियो। लिगको उद्घाटन खेलमा ललितपुरले काठमाडौंसँग २-२ को बराबरी खेलेको थियो। ललितपुर धनगढीसँग गोलरहित बराबरीमा रोकिएको थियो। चितवनले पोखरामाथि २-० र बुटवल लुम्बिनीलाई १-० ले हराएको थियो। चितवन झापा एफसीसँग १-१ को बराबरीमा रोकियो।

खेल संक्षेप

हिमाल र इभाना च्याम्पियन



काठमाडौं / होप्सका हिमाल विष्ट र एभिएमकी इभाना थापा दोस्रो राष्ट्रिय यू-१९ टेबुलटेनिसमा च्याम्पियन बनेका छन्। पुरुष एकलमा हिमाल र महिलामा इभाना पहिलो भएका हुन्। पुरुषतर्फको फाइनलमा हिमालले स्ट्याग च्याम्पियन्स टेबुलटेनिस एकेडेमीका प्रवेश बस्नेतलाई ३-१ को सेटमा पराजित गरे। महिलातर्फको उपाधि भिडन्तमा इभानाले एभिएमकै वियंका राईमाथि ३-१ को सेटमा पाखा लगाइन्। मदन भण्डारी स्पोर्टस् एकेडेमीद्वारा आयोजित प्रतियोगिताको भेट्रान ४० वर्षमाथि पुरुष एकलमा खोल्छा पुखुका समीप श्रेष्ठ पहिलो भए। उनले फाइनलमा इखाछें स्पोर्टस् क्लबका मुकेश महर्जनलाई ३-१ को सेटमा निराश पारे। यू-१५ पुरुष एकलमा एभिएमका जयस्नु महर्जन र महिलामा नेपाल प्रहरीकी शुभश्री श्रेष्ठ पहिलो भए।

गण्डकी सेमिफाइनलमा

कास्की / दोस्रो केपी ओली कप टी-२० राष्ट्रिय पुरुष क्रिकेट प्रतियोगिताको समूह 'बी'बाट गण्डकी हिरोज रनरेटका आधारमा सेमिफाइनलमा प्रवेश गरेको छ। पोखरा रंगशालास्थित क्रिकेट मैदानमा बिहीबार वर्षाका कारण खेल हुन सकेन। आयोजकले रनरेटका आधारमा गण्डकी शीर्ष स्थानमा रहँदै अन्तिम चारको स्थान पक्का पारेको हो। गण्डकी र हिमालयनले समान ५ अंक बटुलेका छन्। तर, गण्डकी रनरेटमा अगाडि रह्यो। यसै समूहमा ग्रेट हिमालयन क्रिकेट एकेडेमी र चितवन क्रिकेट क्लबले समान १ अंक बटुलेका छन्। निर्धारित खेलतालिकाअनुसार बिहीबार चितवन र ग्रेट हिमालयनबिच पहिलो खेल हुनुपर्ने थियो। अर्को खेलमा गण्डकीले हिमालयनको सामना गर्नुपर्ने थियो। तर, दुवै खेल मौसमका कारण रोकिए। गण्डकीको रनरेट १.४३ र हिमालयनको ०.८१५८ रह्यो। समूह 'ए'बाट सिइसी काठमाडौं सेमिफाइनलमा प्रवेश गरेको छ।

कमल थापा फाइनलमा

काठमाडौं / मन्डिखाटार दोस्रो एमेच्योर टेनिस प्रतियोगितामा वरिष्ठ राजनीतिज्ञ कमल थापा एकल र डबल्स इभेन्टको फाइनलमा प्रवेश गरेका छन्। मन्डिखाटार टेनिस कोर्टमा बिहीबार ६५ वर्षमाथिको एकलमा ध्रुव घलेलाई २-० को सहज सेटमा हराउँदै थापा अन्तिम दुईमा प्रवेश गरेका हुन्। सो इभेन्टसमा कर्मा घले र थापा उपाधिका लागि भिड्नेछन्। यही उमेर समूहको डबल्समा पनि थापा र छाम्बा दुन्डुपको जोडीले ध्रुव घले र कर्मा घलेको जोडीलाई २-० को सेटमा हराउँदै फाइनलमा स्थान बनाए। यसैगरी, ५५ वर्षमाथिको एकलमा मनोज शाहले राजु राईलाई हराउँदै सेमिफाइनलमा स्थान बनाए। जीवन घिमिरेले सुशील पाण्डेमाथि २-० को जित निकाली अन्तिम चारको स्थान पक्का गरेका छन्। विमल वाइबा र प्रताप मोक्तानबिचको खेल वर्षाका कारण स्थगित भएको छ। यसै उमेर समूहमा उत्तम बोगटीले प्रदीप शाहबाट वाकओभर पाएर सेमिफाइनलमा स्थान बनाएका छन्।

मच्छिन्द्रले हिमालयनको सामना गर्दै

काठमाडौं / १५औँ जितपुरसिमरा गोल्डकप फुटबल प्रतियोगिताको उपाधिका लागि शुक्रबार 'ए' डिभिजनका मच्छिन्द्र फुटबल क्लबले हिमालयन शेर्पाको सामना गर्दै छ। सिमरा रंगशालाको फ्लड लाइटमा फाइनल खेल हुनेछ। मच्छिन्द्र दोस्रोपटक जितपुरसिमरा गोल्डकपको फाइनलमा प्रवेश गरेको हो। गत वर्षको संस्करणमा मच्छिन्द्र नेपाल पुलिस क्लबसँग पराजित भएको थियो। यसपटक मच्छिन्द्रले गत वर्षको बदला लिँदै पुलिसलाई क्वार्टरफाइनलमा हरायो। चौथोपल्ट फाइनल खेल्न लागेको हिमालयनले यस सिजन पाँचथर र कपिलवस्तु तिलौराकोट गोल्डकपमा मच्छिन्द्रसँग व्यहोरेको हारको बदला लिने तयारी गरेको छ। १३औँ र चौथो संस्करणमा हिमालयन उपविजेता बनेको थियो। ०६७ को संस्करण भने हिमालयनले जितेको थियो।

मच्छिन्द्रले यस वर्ष काठमाडौंमा सम्पन्न केपी ओली कप, इटहरी र कपिलवस्तु तिलौराकोट गोल्डकप उपाधि जितिसकेको छ। मच्छिन्द्रले आफ्नो पहिलो खेलमा नेपाल पुलिस क्लबलाई टाइब्रेकरमा ४-३ र सेमिफाइनलमा भरतपुरको हनामी बिएफसीलाई १-० ले हराएको थियो। क्वार्टरफाइनलमा फ्रेन्ड्स क्लबलाई १-० र सेमिफाइनलमा आयोजक सिमरालाई २-१ ले पराजित गर्दै हिमालयन फाइनल प्रवेश गरेको हो।

■ आइपिएल-२०२५

बेंग्लोरमाथि दिल्लीको रोमाञ्चक जित



एजेन्सी

लोकेश राहुल र त्रिस्तान स्तुबसको नटआउट साझेदारीको सहयोगमा बिहीबार दिल्ली क्यापिट्लसले इन्डियन प्रिमियर लिगमा रोयल्य च्यालेन्जर्स बेंग्लोरलाई ६ विकेटले हराएको छ। पहिलो ब्याटिङ गरेको बेंग्लोरले २० ओभरमा सात विकेट गुमाएर १६३ रन बनाएको थियो। प्रत्युत्तरमा दिल्लीले १७.५ ओभरमा चार विकेटको नोक्सानीमा १६९ रन जोड्यो। दिल्लीको जितमा राहुल र स्तुबसले पाँचौँ विकेटका लागि ५८ बलमा १११ रनको साझेदारी गरेका थिए। राहुलले ५३ बलमा सात चौका र ६ छक्काको सहयोगमा ९३ रन जोडे। स्तुबसले २३ बलमा चार चौका र एक छक्का प्रहार गरी ३८ रनको योगदान दिए। चालू आइपिएलमा दिल्लीले चारै खेलमा अपराजित रही ८ अंक जोडेको छ। दिल्ली दोस्रो स्थानमा छ। समान अंक जोडेको गुजरात टाइटन्स रनरेटमा शीर्ष स्थानमा छ। हारले पनि बेंग्लोर तेस्रो स्थानमै रह्यो। लक्ष्य पछ्याएको इनिङ्समा दिल्लीको गतिलो सुरुवात भएन। शीर्ष तीन खेलाडी ४.३ ओभरमै पेभेलिन फर्केका थिए। ओपनर फाफ डु प्लेसिसले सात बलमा २, जाक फ्रासेरले ६ बलमा ७ तथा अभिषेक पोरेलले सात बलमा ७ रन बटुलेका थिए। त्यसपछि लोकेश राहुल र कप्तान अक्षर पटेलबिच चौथो विकेटका लागि २८ रनको साझेदारी भएको थियो। अक्षरले ११ बलमा दुई चौकाको सहयोगमा १५ रन जोडे।

■ बेंग्लोरको मध्यम योगफल

पहिलो ब्याटिङ गरेको बेंग्लोरले मध्यक्रमका ब्याट्समयानबाट गतिलो साथ नपाउँदा दिल्लीविरुद्ध गतिलो योगफल बनाउन सकेन। ओपनर विराट कोहली र फिल साल्टले पहिलो विकेटका लागि ३.५ ओभरमा ६१ रनको सानदार साझेदारी गरेका थिए। फिलले १७ बलमा चार चौका र तीन छक्का प्रहार गरी ३७ रन बटुलेका थिए। इनिङ्सको ६.६ ओभरमा विराटले आफ्नो विकेट गुमाए। उनले १४ बलमा एक चौका र दुई छक्का प्रहार गरेका थिए। कप्तान देवदत्त पडिकाललेे २३ बलमा समान एक चौका र छक्काको सहयोगमा २५ रन जोडे। क्रुनाल पान्ड्याले १८ बलमा १८ तथा टिम डेभिडले २० बलमा चार छक्का र दुई चौकाको मद्दतमा ३७ रन बटुले।

■ धोनीले चेन्नईको कप्तानी गर्ने

चेन्नई सुपर किंग्सका कप्तान ऋतुराज गायकवाड कुहिनाको चोटका कारण आइपिएलबाट बाहिरिएका छन्। अब महेन्द्रसिंह धोनीले सिजनका बाँकी खेलको कप्तानी गर्नेछन्। कोलकाता नाइट राइडर्सविरुद्धको खेलअघि गायकवाड खेल्न नसक्ने चेन्नईले जनाएको छ। चेन्नईले पाँचमध्ये चार खेलमा हारको सामना गरेको छ। चेन्नई नवौँ स्थानमा छ। ३० मार्चमा गुवाहाटीमा राजस्थान रोयल्सविरुद्धको खेलमा गायकवाड घाइते भएका थिए। सो खेलमा उनले ६३ रन बनाए। चेन्नईका मुख्य प्रशिक्षक स्टेफन फ्लेमिङले धोनीले बाँकी खेलमा कप्तानी गर्ने बताए। धोनीको कप्तानीमा चेन्नईले सन् २०१०, २०११, २०१८, २०२१ र २०२३ मा पाँचवटा आइपिएल उपाधि जितेको थियो।



नीरजले जिते एनपिजिए उपाधि



नयाँ पत्रिका

दोस्रो वरीयताका नीरज तामाङले सूर्य नेपाल गल्फ टुर २०२४/२५ अन्तर्गत सूर्य नेपाल एनपिजिए म्याच प्लेको उपाधि जितेका छन्। ३६ होलको फाइनल प्रतिस्पर्धामा बिहीबार उनले आठौँ वरीयताका धनबहादुर थापालाई ५-४ ले हराउँदै उपाधि जितेका हुन्। नीरजको यो सिजनको तेस्रो र करिअरकै चौथो उपाधि हो। नीरजले यो सिजन सूर्य नेपाल वेस्टर्न ओपन र सूर्य नेपाल इस्टर्न ओपन उपाधि जितेका थिए।

रोयल नेपाल गल्फ क्लबमा भएको फाइनल प्रतिस्पर्धामा नीरजले धनलाई पहिलो नौ होलमा नै पछि पारे। त्यसपछि १८ होल सकिँदा नीरजले फराकिलो अग्रता बनाए। उनी एकपक्षीय जितनजिक पुगेका थिए, तर धनले सहजै हार मानेनन्। २७ होलको समाप्तिमा धनले अग्रता छोट्याए। उपाधिसँगै नीरजले ६० हजार र धनले ४२ हजार रुपैयाँ प्राप्त गरेका छन्। नीरजले पहिलो चरणमा सूर्यप्रसाद शर्मा, क्वार्टरफाइनलमा रामे मगर र सेमिफाइनलमा दिनेश प्रजापतिलाई हराएका थिए।

साबिक विजेता दिनेश प्रजापतिले तेस्रो स्थान प्राप्त गरे। दिनेशले रवि खड्कालाई १८ होलको प्रतिस्पर्धामा ४-२ ले माथ दिए। उनले ३२ हजार र रविले २४ हजार रुपैयाँ जिते। क्वार्टरफाइनलमा पराजित गल्फरले समान ११ हजार रुपैयाँ पाएका छन्। पहिलो चरणबाट बाहिरिने गल्फरले जनही ६ हजार रुपैयाँ पाए। प्रतियोगिताका विजयी खेलाडीलाई सूर्य नेपाल प्रालिका डेपुटी जेनरल मेनेजर (मार्केटिङ) केशव प्रधान र नेपाल गल्फ संघका अध्यक्ष टासी घलेले पुरस्कृत गरेका थिए।

विश्व योगासनका पदक विजेतालाई बधाई

काठमाडौं / राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्यसचिव टंकलाल घिसिङले १६औँ विश्व योगासन च्याम्पियनसिपका पदक विजेता खेलाडीलाई बधाई दिएका छन्। बिहीबार राखेपको सभाकक्षमा घिसिङले खेलाडीलाई स्वागत गर्नुका साथै सफलताका लागि बधाई दिए। विश्व योगासनमा सहभागी नेपाली खेलाडीलाई पुस्करराज पन्त, संग्राम पुरी, आनन्द गैरे र दीपा पाण्डेले दुई साताको प्रशिक्षण गराएका थिए।

राखेपका सदस्यसचिव घिसिङले जुनियर क्षेत्रमा ध्यान दिन सके राष्ट्रलाई अन्तर्राष्ट्रिय सफलता दिलाउने



खेलाडी उत्पादनमा सहयोग पुग्ने बताए। प्रयासजंग चौहान र प्रत्युषा खतिवडाले विश्व च्याम्पियनसिपबाट धेरै पक्ष सिक्ने अवसर मिलेको बताए। मलेसियाको क्वालालम्पुरमा २३ देखि २४ चैतसम्म भएको प्रतियोगितामा नेपालले विभिन्न उमेर समूहमा दुई स्वर्ण, एक रजत र तीन कांस्य गरी ६ पदक जितेको थियो।

अमिष पटेलले रजत तथा किरण मगर, संस्कृति चौलागाईं र सुन्दर सार्कीले कांस्य पदक हात पारेका थिए। २३ राष्ट्रका १५३ खेलाडी सहभागी प्रतियोगितामा नेपालबाट ३१ जनाले प्रतिस्पर्धा गरेका थिए। नेपाल समग्रमा तेस्रो भएको नेपाल योग खेलकुद संघका महासचिव चूडामणि खरेलले बताए। भारत पहिलो तथा अमेरिका दोस्रो स्थानमा रहे।

TO-LET
Suits
1 BHK, 2 BHK
LOCATION :
Dhapasi Height, Tokha
Near DJPL Factory
(1 km north of Basundhara
Khola bridge, Ring Road)
Contact :
9851103274

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com